# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ४८, पूर्णाङ्क १९४ | २०७६ जेठ १५ गते बुधबार | Wednesday, 29 May 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेता–कार्यकर्ताको गिरफ्तारीप्रति युवा सङ्गठनको आपत्ति

**काठमाडौँ** : नेपाल कम्युनिष्ट पार्टीको युवा दस्ता युवा सङ्गठन नेपाल नेपाल बन्दको पूर्वसन्ध्यामा गिरफ्तार परेका आफ्ना नेता कार्यकर्ताको रिहाइको माग गरेको छ ।

सङ्गठनका अध्यक्ष पाटन जंगलीले मंगलबार एक विज्ञप्ति जारी गर्दै आफ्ना केन्द्रीय सदस्य राकेश श्रेष्ठलगायतलाई बिनाकारण गिरफ्तार गरेको भन्दै घोर भर्त्सना गरेका छन् ।

केपी वली नेतृत्वको सरकारले आफ्ना सङ्गठनका सदस्य राजुको गोली हानी हत्या गरेको विरोधमा आयोजना गरिएको नेपाल बन्दको बाँकी पृष्ठ ४ मा

## भोजपुर हत्याकाण्डले नेकपा आक्रोशित

गतसाता भोजपुरको ट्याम्के-मैयुङ गाउँपालिका २ स्थित धोद्रे जङ्गलमा नेकपाका कार्यकर्ता तीर्थ घिमिरेलाई प्रहरीले समातेर गोली हानी हत्या गरेको थियो । जेठ ८ गत पार्टी महासचिव विप्लवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सरकारले भिडन्तको झूट्टा नाटक रची सामान्य राजनीतिक कार्यक्रममा हिँडिरहेका युवा सङ्गठनका कार्यकर्ताको निर्मम रूपमा हत्या गरेको छ । सरकारले गरेको जघन्य हत्याको बदला जनताले उचित समयमा लिने नै छन् ।' कडा भाषामा प्रस्तुत ... बाँकी पृष्ठ ४ मा

## घाइते लामाको घरमा प्रहरीद्वारा खानतलासी

**काठमाडौँ** : काठमाडौँको चन्द्रागिरि नगरपालिका निवासी महेन्द्र लामा 'विक्रम' को घरमा प्रहरीले खानतलासी गरेको छ ।

आइतबारको चन्द्रागिरि बम विस्फोटमा परी घाइते भएका नेता लामाको सहिद मेमोरियल अस्पिताल कलङ्कीमा उपचार गराइरहेको अवस्थामा सोमबार दिउँसो थानकोटस्थित घरमा पुगेर प्रहरीले खानतलासी गरेको घरपरिवारले जनाएको छ । सादा पोसाकमा गएका प्रहरी टोलीले तलासी लिएको ... बाँकी पृष्ठ ४ मा

## बम विस्फोटका चारैजना सहिदहरूप्रति महासचिव विप्लवद्वारा श्रद्धाञ्जली

# 'एकीकृत जनक्रान्ति सफल पारिछाड्छौं'

■ रातो खबर संवाददाता/काठमाडौँ

नेकपाले जेठ १२ गते काठमाडौँमा भएको बम विस्फोटको घटनामा बलिदान गर्ने पार्टी, जनमुक्ति सेना र जवसका कमान्डरहरू महान, दीपेन्द्र, प्रज्वल शाही र निरन्तरका साथै भोजपुरमा बलिदान गर्ने तीर्थ घिमिरे 'राजु' लाई सहिद घोषणा गरेको छ । पार्टी महासचिव विप्लवले सोमबार विज्ञप्ति प्रकाशित गर्दै पाँचैजनालाई सहिद घोषणा गरेका हुन् ।

विप्लवले काठमाडौँमा बम विष्फोटको घटनामा कसरी क्षति हुन पुग्यो, त्यसको सत्यतथ्य जनतामा ल्याउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । उनले यी सबै घटना हुनुको मुख्य दोषी केपी सरकारको फासिवादी दमन रहेको पनि स्पष्ट पारेका छन् । सहादत प्राप्त गर्नेहरूप्रति सिङ्गो पार्टीका तर्फबाट उनले भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति समवेदना पनि व्यक्त गरेका छन् ।

महासचिव विप्लवले १३ गतेको नेपाल बन्दलगायत आमहडताल सफल पार्नेहरूप्रति धन्यवाद दिएका छन् ।

महासचिव विप्लवले विज्ञप्तिमा कम्युनिस्टका नाममा केपी–पीके कम्पनीले नेपालमा फासिवादको




अभ्यास गरिराखेको र यही क्रममा यो सामाजिक फासिवादी सरकारले नेकपा सम्बद्ध युवक सङ्गठनका नेता तीर्थराज घिमिरे 'राजु' को गत जेठ ७ गते मङ्गलबार भोजपुर र खोटाङको सिमानामा पर्ने मैयुमको धोत्रेमा झूट्टो मुठभेटका नाममा निःशस्त्र अवस्थामा गिरफ्तार गरेर गोली हानी हत्या गरेको स्मरण गराउँदै यसरी सरकारले गरेको हत्याको प्रतिरोध गर्नु एक क्रान्तिकारी पार्टीको अनिवार्य कर्तव्य हुन आउने प्रस्ट पारेका छन् । सोही प्रतिरोधको सिलसिलामा नेकपाले विभिन्न कार्यक्रमका साथै सोमबार आमहडतालसहित नेपाल बन्दको आयोजना गरेको थियो ।

महासचिव विप्लवले विज्ञप्तिमा भनेका छन्, 'केपी–पीके कम्पनीको सरकार गठन भएदेखि नै नेपाली जनता र राष्ट्रको मुक्तिका लागि गरिएका सङ्घर्ष, आन्दोलनमा उत्रिएका पार्टी र जनतामाथि दमन गर्नु, हाम्रो पार्टीका नेता/कार्यकर्ता, शुभचिन्तकलाई गिरफ्तार गर्नु, यहाँसम्म कि दोहोरो मुठभेटका नाममा निःशस्त्र व्यक्तिमाथि गोली प्रहार गरी हत्याका घटनाहरू हुन थालेका छन् । साथै यो सरकारले राष्ट्रघात बाँकी पृष्ठ ४ मा

## सहिद पत्रकारको सम्मानमा नेपाल पत्रकार महासङ्घको स्मृति सभा

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल पत्रकार महासङ्घले सहिद पत्रकारको सम्मानमा स्मृति सभाको आयोजना गरेको छ । महासङ्घअन्तर्गतको द्वन्द्वपीडित पत्रकार संरक्षण समितिले सोमबार आयोजना गरेको स्मृतिसभालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले पत्रकार कृष्ण सेन इच्छुक मारिएको दिन जेठ १३ गतेलाई महासङ्घले हरेक वर्ष महासङ्घका सबै तहमा सहिद पत्रकारको सम्मानमा स्मृति दिवस मनाइने बताए ।

उनले नेपालमा पत्रकारहरू पत्रकारिता गरेकै कारण मारिएका तथा बेपत्ता पारिएको हुँदा घटनाका दोषीलाई कारबाही नभएसम्म महासङ्घले आवाज उठाइरहने बताए ।

महासङ्घका उपाध्यक्ष विपुल पोखेलले महासङ्घले पत्रकारको पेसालाई चिन्ने भन्दै मारिएका तथा बेपत्ता परिएका पत्रकारको न्यायका लागि सधैँ लागिरहने बताए । उनले महासङ्घ सत्तामा को छ भन्ने भन्दा पनि प्रेस स्वतन्त्रताका पक्षमा लड्ने बताए ।

प्रेस काउन्सिलका सदस्य ईश्वरी ओझाले जुनसुकै पृष्ठभूमिमा बनेका सरकार आए पनि पत्रकारहरू त्यसको सिकार बन्नुपरेको बताए ।

नेपाल पत्रकार महासङ्घका पूर्वमहासचिव उजिर मगरले सहिद तथा बेपत्ता पत्रकारका सदस्यको सहभागितामा आगामी दिनमा स्मृति दिवस मनाउनुपर्ने धारणा राखे । उनले पत्रकार कृष्ण सेन 'इच्छुक' मारिएको दिनमा महासङ्घले सहिद पत्रकार तथा बेपत्ता पत्रकार स्मृति दिवसको रूपमा प्रारम्भ गरेको भन्दै यसलाई स्थापित गर्नुपर्ने धारणा राखे ।

प्रगतिशील पत्रकार सङ्घ नेपालका अध्यक्ष नारायण शर्माले प्रेस तथा ... बाँकी पृष्ठ ४ मा

## नेकपाका ब्युरो सदस्य राईसहित २ जना गिरफ्तार

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टीका जनकपुर ब्युरो सदस्य तीर्थ राई र जिल्ला सदस्य पवन महतोलाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई सङ्गठनको कामको सिलसिलामा २०७६ जेठ १० गते दिउँसो सिन्धुलीबाट अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गरेको जानकारी नेकपा जनकपुरले प्रेस विज्ञप्तिमार्फत दिएको छ ।

नेकपा जनकपुर ब्युरोका इन्चार्ज अरुणले २०७६ जेठ ११ गते प्रेसविज्ञप्ति प्रकाशित गर्दै वर्तमान केपी-बादल सरकारको यसप्रकारको गैरकानुनी, गैरराजनीतिक र कायरतापूर्ण अमानवीय हर्कतको घोर विरोध तथा भर्त्सना गरेका छन् ।

सरकारी दमन, गिरफ्तार, झूट्टा मुद्दा र हत्याले इतिहासमा कहिल्यै जनताको मुक्ति आन्दोलन नरोकिएको र नरोकिने स्मरण गराउँदै उनले यस्ता क्रियाकलाप तुरुन्त बन्द गर्न र गिरफ्तार पार्टी नेता-कार्यकर्ताहरूलाई तत्काले बिनासर्त ससम्मान रिहा गर्न जोडदार माग पनि गरेका छन् । ब्युरो इन्चार्ज अरुणले रिहा नगरे सशक्त प्रतिरोध सङ्घर्ष गर्न बाध्य हुने र त्यसको जिम्मेवार सरकार आफैँ हुनुपर्ने चेतावनीसमेत विज्ञप्तिमार्फत दिएका छन् ।

उनको विज्ञप्तिमा भनिएको छ, 'देश यतिबेला कम्युनिस्टको खोल ओढेको सामाजिक दलाल फासिवादी केपी-बादलमण्डली सरकारद्वारा चौतर्फी लादिएको शोषण, जनदमन, महँगी र हत्याहिंसाबाट आक्रान्त बन्दै गएको छ । भ्रष्टाचारी, कालोबजारी, सुदखोरको संरक्षण गर्नु र दिनप्रतिदिन जनघात र राष्ट्रघातमा लिप्त हुनु यो सरकारको दिनचर्या बनेको छ । सरकार नागरिक स्वतन्त्रता, वाक्स्वतन्त्रता र मानवअधिकारका विषयमा निरङ्कुश बन्दै गइरहेको छ । उसका यी सबै हर्कतका विरुद्ध सङ्घर्ष गर्दै राष्ट्र र जनताको अधिकार तथा मुक्तिको आवाज उठाइरहेको हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउँदै जनताको आवाजलाई बन्दुक र बुटले कुल्चने दुस्साहस गरिरहेको छ । पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तक र समर्थकहरूलाई अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाउने मात्र होइन, हत्यामा समेत ... बाँकी पृष्ठ ४ मा

## पोखरामा एनसेलको कार्यालयमाथि शक्तिशाली बम विस्फोट

Ncell an axiata company

■ रातो खबर संवाददाता/पोखरा

नेपाल बन्दको दिन पोखरामा सोमबार शक्तिशाली बम विस्फोट भएको छ । विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले पोखराको सिर्जनाचोकमा रहेको एनसेलको कार्यालयमा विस्फोट गराएको समाचार प्राप्त भएको छ ।

विस्फोटबाट कुनै मानवीय क्षति भने भएको छैन । शक्तिशाली बम विस्फोट भएका कारण एनसेलको कार्यालयमा क्षति पुगेको छ । विस्फोटपछि पोखराको जनजीवन थप त्रसित बनेको छ ।

## अन्नपूर्ण पोस्टमा प्रकाशित भ्रमपूर्ण समाचारप्रति नेकपाको घोर आपत्ति

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले आइतबार विज्ञप्तिमार्फत अन्नपूर्ण पोस्ट दैनिक र अनलाइनमा ँविप्लवको अपहरणमा सैनिक जवान, एक महिनासम्म गुपचुप शीर्षकमा शम्भु कट्टेलको बाइलाइनमा प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण मात्र नभएर घोर आपत्ति रहेको बताएका छन् ।

'उक्त समाचार पूर्ण रूपले कपोलकल्पित, भ्रामक, हाम्रो पार्टी र हामीले सञ्चालन गरेको जनताको सङ्घर्षद्वारा अत्तालिएको यो फासिवादी सत्ताको षड्यन्त्रबाहेक अरू केही नरहेको स्पष्ट पार्न चाहन्छौँ', विज्ञप्तिमा लेखिएको छ ।

अगाडि भनिएको छ, 'पहिलो कुरा त उक्त समाचारमा भनिएको जस्तो जुनीचाँदे गाउँपालिका वडा नम्बर २ का वडाध्यक्ष नेपाली काङ्ग्रेसका वीरबहादुर शाही नभएर तत्कालीन एमालेका रामबहादुर नेपाली छन् । उनका ८ वर्षीय नाबालक छोरा छन् । दोस्रो र मुख्य कुरा हाम्रो पार्टीको सुरक्षा निकाय वा व्यक्तिलाई अपहरण गर्ने कुनै नीति र योजना नै छैन ।'

महासचिव विप्लवले भनेका छन्, 'यसरी सरासर झूट र कपोलकल्पित समाचार एउटा राष्ट्रिय स्तरमा स्थापित सञ्चारमाध्यममा आउनु आफैँमा दुःखद्, दुरासयपूर्ण रहनुका साथै हाम्रो पार्टी र सुरक्षा निकायका बीचमा भ्रम सिर्जना गरी दमन गर्न उक्साउने नियतले प्रायोजन गरिएको बुझ्न सकिन्छ ।' यस्ता गलत, तथ्यहीन र भ्रमपूर्ण समाचारमा विश्वास नगर्न र नछाप्नसमेत विप्लवले विज्ञप्तिमार्फत सम्बन्धित सबैमा हार्दिक अपिल गरेका छन् ।

# अब लडाइँ सीधै हुन्छ

## 'हामीलाई इन्काउन्टर गर्न आदेश दिनेहरूसँगै लड्छौं'

**विशेष अन्तर्वार्ता**

**विप्लव**

**महासचिव, नेपाल कम्युनिस्ट पार्टी**




» *प्रचण्डजीको पार्टीका मुख्य नेताहरू नै अहिले सरकारमा छन् । उनीहरूकै पालामा नेकपामाथि यत्रो प्रतिबन्ध लगाइएको छ नि ?*

यो महत्वपूर्ण कुरा हो । मैले त्यसबारे लेखेको पनि थिएँ । अनन्तजीले भनेको पनि सुनें । नारायणकाजीलगायत अरूअरूले भनेको थुप्रै सुनें । केही विश्लेषण पनि सुनें-हेरें- आफ्नै सहपाठी नेताहरू त्यहाँ छन् । कसरी विद्रोह गर्न सक्छन् ? उनीहरू सबैलाई थाहा छ भन्ने कुरा भयो । यो प्रतिकूलता हो भन्ने पनि छ । यसलाई दुई कोणबाट राखौँ भन्ने लागेको छ : पहिलो कुरा भावनात्मक कुरा हेरौँ । यो पक्ष कस्तो छ भने बडो संवेदनशील, भावपूर्ण र तरङ्गमय विषय छ । साँचो पनि हो । हिजो सँगै लडेका, अझ त लडाइँको डिजाइन गर्ने, योजना बनाउने नेताहरूसँग ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# बर्बराहट किन ?

विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले गत जेठ १३ गते सोमबार नेपाल बन्द घोषणा गरेको थियो । केपी वलीको सरकारले उक्त पार्टीमाथि प्रतिबन्ध लगाएदेखि स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', पोलिटब्युरो सदस्यहरू भरत बम, मोहन कार्की, केन्द्रीय सदस्यहरू वसन्त श्रेष्ठ, चूडामणि ओली, चन्द्रबहादुर खड्का, बन्धु चन्दलगायत नेताहरूलाई गिरफ्तार गर्ने, कार्यकर्ताहरूलाई ताकीताकी गोली हान्ने, गिरफ्तारपछि चर्को यातना दिने गरेपछि चरणबद्ध आन्दोलन गर्दै आएको थियो । गत जेठ ७ गते युवा सङ्गठनमा कार्यरत तीर्थराज घिमिरेलाई गोली हानी हत्या गरेको थियो । यसरी आफ्ना कार्यकर्ताको हत्या, नेताहरूको गिरफ्तारी, दमन र यातनाका विरुद्ध उक्त पार्टीले प्रतिरोधस्वरूप नेपाल बन्द घोषणा गरेको नेकपाका महासचिव विप्लवले जेठ ८ गते विज्ञप्ति जारी गरी जनाएका थिए ।

केपी वलीको नेतृत्वको सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि सरकारले विप्लव नेतृत्वको नेकपाको गतिविधि कम हुँदै गएको, पार्टी पनि कमजोर भएको भनिरहेको अवस्थामा गत सोमबार सङ्घीय राजधानी काठमाडौँमा नै ठूलाठूला विस्फोटका घटना भएका छन् । आइतबार भएको विस्फोटका क्रममा उक्त पार्टीका कार्यकर्ता, जनमुक्ति सेनाका सदस्य, जनवर्गीय सङ्गठनका नेताको दुर्घटनामा परी मृत्यु भएको पनि महासचिव विप्लवको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । उक्त विज्ञप्तिमा गोकुल राना 'महान्', दीपेन्द्र, विद्यार्थी नेता प्रज्वल शाही र कृष्ण भण्डारी 'निरन्तर' को निधन भएको जनाइएको छ । उनीहरूलाई सहिद घोषणा गर्दै विस्फोटको कारण पत्ता लगाई सार्वजनिक गर्ने बताइएको छ ।

यही नेपाल बन्द, राजधानीलगायत देशका विभिन्न ठाउँमा भएका विस्फोट, नेपाल बन्दको प्रभावलाई लिएर प्रधानमन्त्री केपी शर्मा वली, सरकारी नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल, गृहमन्त्री रामबहादुर थापा र नेपाली काङ्ग्रेसका महामन्त्री शशाङ्क कोइरालाले विभिन्न खालका प्रतिक्रिया दिएका छन् । यति मात्र नभएर सोमबार बसेको प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकमा त हङ्गामा नै सिर्जना भएको थियो । यसरी हङ्गामाको मुख्य कारण गृहमन्त्री रामबहादुर थापा र सरकारी नेकपाका भक्तपुरका सांसद महेश बस्नेतले संसद्मा दिएका अभिव्यक्तिहरू रहेका थिए । रामबहादुर थापाले विप्लव नेतृत्वको नेकपाले देशैभरि जनपरिषद्का नाममा जनसत्ता स्थापना गरेको, ४ वटा कम्पनी बनाएको र काठमाडौँलाई मुख्य निशाना बनाई आक्रमण सुरु गरेको बताएका थिए । साथै उनले बम विस्फोट गर्ने र मारिने नेपाली नागरिक नभएको भनी दिएको अभिव्यक्तिका कारण निकै हङ्गामा भएको थियो । त्यसैगरी महेश बस्नेतले बन्दको कुनै प्रभाव नपरेको, आफू घरबाट संसद् आउँदै गर्दा चक्काजाममा परेको भनेपछि अन्य सांसदले उनको भनाइलाई उडाएका थिए ।

केपी वलीले राष्ट्रिय मानवअधिकार आयोगको एक कार्यक्रममा बोल्दै हिजो बम पड्काउनेहरूले के गर्न खोजेका हुन् ? उनीहरूका मागहरू के हुन् ? भन्दै आक्रोश व्यक्त गरेका थिए । ठीक यसैगरी सरकारी नेकपाका दोस्रा अध्यक्ष पुष्पकमल दाहाल नेपाल बन्द गरेर र बम विस्फोट गरेर नेकपाले वार्ताको वातावरण बनाएको भन्दै थिए । यति मात्र नभएर उनले अब क्रान्तिबाट केही नहुने पनि भन्न भ्याएका थिए । त्यसैगरी नेपाली काङ्ग्रेसका महामन्त्री शशाङ्क कोइरालाले विप्लवले नेतृत्व गरेको नेकपा र सरकारी नेकपाका बीचमा तालमेल भएको भनेका थिए । कहाँसम्म भने उनले त नेकपालाई आतङ्ककारी घोषणा गरे पनि हुन्छ भन्न भ्याएका थिए जब कि उक्त पार्टीका प्रवक्ता र प्रमुख सचेतकहरूले आधिकारिक वक्तव्य र अभिव्यक्तिमार्फत नै सरकारलाई दमन नगर्न, वार्ताको वातावरण बनाउन भन्दै आएका छन् ।


यहाँ कुरा गर्न खोजिएको यी महोदयहरूले जेजस्तो र जुनजुन अभिव्यक्ति दिएका छन्, यिनीहरूका यस्ता अभिव्यक्तिहरू उनीहरूको पार्टीनीतिको एकरूपतामा रहेको छैन नै साथै असङ्गतिपूर्ण पनि रहेका छन् । सरकारी नेकपाका तर्फबाट प्रधानमन्त्री हुन पुगेका केपी वली आतङ्ककारी भन्छन् । अर्का अध्यक्ष पुष्पकमल दाहाल वार्ताका लागि वातावरण बनेको भन्छन् भने त्यही पार्टीका तर्फबाट गृहमन्त्री बन्न पुगेका रामबहादुर थापा दमन र वार्ता सँगसँगै लगिएको भन्ने हास्यास्पद कुरा गर्दछन् । यसरी एउटै पार्टी मात्र नभएर राज्यको बागडोर समालेका व्यक्तिहरूले एकदमै विवादास्पद अभिव्यक्ति दिनुलाई के भन्ने ? एउटै वस्तु र परिघटनालाई लिएर उनीहरूले यस्तो अभिव्यक्ति दिनुको कारण के हो ? यस्ता असन्तुलित र असङ्गतिपूर्ण अभिव्यक्ति आउनुको प्रमुख कारण असन्तुलित मानसिकता हो । दुई तिहाइ बहुमत प्राप्त गरेको भनिएको नेकपाको सरकारले अहिले जे गरिरहेको छ, त्यसले जनतामा एक किसिमको आक्रोश पैदा भएको छ । सरकारको १६ महिनामा कुनै पनि सूचकाङ्क धनात्मक रहेको छैन । यसै परिवेशमा जनताले विकल्प खोजिरहेका छन् । त्यही विकल्पका रूपमा विप्लवले नेतृत्व गरेको नेकपातिर जनमानस फर्किरहेको छ । यसले गर्दा शासक वर्गहरूमा छट्पटाहट पैदा भएको छ । त्यसैले उक्त पार्टीले गरेका आन्दोलनबाट उनीहरूमा बर्बराहट पैदा हुन थालेको छ । त्यसैको परिणति हो यी महोदयहरूको असन्तुलित अभिव्यक्ति ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# जनमुक्ति सेनाको दायित्व र भूमिका



निर्मल

नेपालमा कम्युनिस्ट पार्टीको नेतृत्वमा एकीकृत जनक्रान्तिको प्रक्रिया अघि बढेसँगै प्रचण्डमण्डलीद्वारा विघटित जनमुक्ति सेना पुनगर्ठन भई क्रियाशील छ । क्रान्तिकारी विचार र आदर्शबाट स्खलित भएका प्रचण्ड-बाबुरामले क्रान्तिलाई विसर्जन गरेसँगै सात डिभिजनको सङ्ख्यामा रहेको जनमुक्ति सेना विघटन गरेका थिए । उनीहरूको यसप्रकारको धोका र गद्दारीविरुद्ध विद्रोह गर्दै सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूद्वारा पार्टीको पुनर्गठन भई अधुरो क्रान्तिलाई नयाँ ढङ्गले पूरा गर्ने प्रक्रिया अघि बढेसँगै जनमुक्ति सेना नेपालको पनि पुनगर्ठन भएको थियो । अहिले पार्टीले जनमुक्ति सेना निर्माण, व्यवस्थापन र परिचालनको विषयलाई प्राथमिकता दिने निर्णय गरेको छ । यो निर्णय कार्यान्वयन हुन थालेसँगै जनमुक्ति सेना सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले सबल बन्ने दिशातर्फ अघि बढेको छ । यो सान्दर्भिक देखिन्छ ।

### १. राजनीतिक ⁄ वैचारिक

हरेक सेना राजनीतिक सत्ता हासिल गर्ने उद्देश्यद्वारा गठन गरिएको हुन्छ । जनमुक्ति सेना नेपाल नेपालमा एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्य पूरा गर्न निर्माण गरिएको सशस्त्र सङ्गठन हो । मूल रूपमा राजनीतिक सेना भएकाले जनमुक्ति सेनामा राजनीतिक तथा विचारधारात्मक कार्यलाई प्राथमिकता साथ लागू गर्न जरुरी छ । राजनीतिक-वैचारिक स्पष्टता र एकरूपता कायम नगरीकन क्रान्ति सफल बनाउन सकिन्न ।

विगत दसबर्से जनयुद्धकालमा प्रचण्ड-बाबुरामले जनमुक्ति सेनाको राजनीतिक-वैचारिक चेतना स्तर विकासका बारेमा सैद्धान्तिक कुरा प्रशस्त गरे । तर व्यवहारमा कहिल्यै लागू गरेनन् । एक दर्जन युद्धमोर्चाको नेतृत्व गरेको कमान्डले जनयुद्धकालभरि एउटा पनि स्कुलिङ कार्यक्रममा सामेल हुन नपाएको बताउनुले यसको पुष्टि गर्छ । प्रचण्ड-बाबुरामले जनमुक्ति सेनालाई 'प्रतिक्रान्ति रोक्ने' सेना बताए पनि व्यवहारमा साँच्चिकै प्रतिक्रन्ति रोक्न सक्ने सेना निर्माण गर्नेतर्फ ध्यान दिएनन् । व्यवहारतः उनीहरूले जनमुक्ति सेनालाई तलबका निम्ति लड्ने प्रतिक्रियावादी सेनाभन्दा माथि सोचेनन् । त्यही कारण सयौँ मोर्चामा प्रतिक्रियावादी सेनालाई धुलो चटाउन सफल जनमुक्ति सेनाको ठूलो हिस्साले प्रचण्ड-बाबुरामको धोका र गद्दारीविरुद्ध जेहाद छेड्न सिकेन, बरु कयौँ होनहार कमान्डरहरू नै शान्तिप्रक्रियामा आएपछि पार्टीको सम्पत्ति हिनामिना गर्ने, व्यभिचार गर्ने, रक्तचन्दनको तस्करी गर्ने, स्यालको सिङ, बनमान्छेको हड्डी, बल्ने ढुङ्गा, हनुमनि पैसा, एकमुखे रुद्राक्ष, सुनगोहोरो, गनगुवाली सर्पको खोजी गर्ने कार्यमा पतीत हुन पुगे ।

पुनर्गठित जनमुक्ति सेना सबल बन्दै गइरहेको कुरा यसअघि उल्लेख भइसकेको छ । यहाँ आमरूपमा नभए पनि छिटफुट रूपमा सेनाको काम लड्ने हो, पढ्ने-पढाउने कार्य गर्नु हुन्न । पढेको सेनाले धेरै तर्क-बितर्क गर्छ र अराजक बन्छ । अनि कमान्ड गर्न कठिन हुन्छ भन्ने सोचाइ देखापर्ने गरेको छ । यो गलत सोचाइ हो । यसलाई सच्याउन जरुरी छ । पढ्नु र पढाउनुमा समस्या होइन, बरु सही कुरा सही तरिकाले नपढ्नु र नपढाउनुचाहिँ समस्या हुन्छ । सही कुरा नपढीकन सही ज्ञान हासिल हुन्न र सही ज्ञानबिना क्रान्तिको कार्यभार पूरा गर्न सकिन्न । यहाँ कार्ल मार्क्सले आफ्नो पढाइको विषयलाई लिएर आलोचना गर्ने वाइटिलङ नाम गरेको व्यक्तिलाई जबाफ दिँदै 'अज्ञानताले कहिल्यै क्रान्ति हुन्न' भनेको कुरालाई विशेष मनन गर्न जरुरी छ ।

ठोस रूपमा जनमुक्ति सेनाको बुझाइमा स्पष्ट र एकरूपता बनाउँदै राजनीतिक-वैचारिक चेतनास्तर माथि उकास्न योजनाबद्ध र निरन्तर कार्यक्रमको विकास गर्न जरुरी छ । यसका लागि मार्क्सवादका सङ्घटक अङ्गहरू- दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादबारे स्पष्ट पार्न व्यवस्थित प्रकारको स्कुलिङ कार्यक्रम सञ्चालन गर्नुपर्छ । त्यस्तै पार्टीले लिएको एकीकृत जनक्रान्तिको राजनीतिक-फौजी कार्यदिशा, वैज्ञानिक समाजवादको कार्यक्रमका विषयमा स्पष्ट पार्न प्रशिक्षण सञ्चालन गर्नुपर्छ ।

### २. जनशक्ति आपूर्ति र व्यवस्थापन

जनमुक्ति सेनामा संरचनाको विस्तार गरेसँगै जनशक्तिको आवश्यकता पनि बढ्न जान्छ । क्रान्तिको आवश्यकताअनुसार संरचनाको विकास गर्दै जानुपर्छ भने संरचनामा आवश्यक जनशक्ति आपूर्ति गर्दै जानुपर्छ । जनशक्ति आपूर्ति हुन नसकेमा संरचना आफैँले केही गर्न सक्दैन । तसर्थ जनशक्तिको आपूर्तिलाई प्राथमिकता दिनुपर्छ । यसका लागि पार्टीको अगुवाइमा योजनाबद्ध रूपले व्यापक युवाहरूका बीचमा राजनीतिक र सङ्गठनात्मक अभियान सञ्चालन गर्नुपर्छ । उनीहरूलाई दलाल संसदीय पुँजीवादी व्यवस्थालाई समाप्त पारेर वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्न विद्यार्थीहरूको बीचमा जानुपर्छ । उद्योग र कारखानाका मजदुरहरूका बीचमा पुग्नुपर्छ । ग्रामीण क्षेत्रका युवाहरूका बीचमा पनि जानुपर्छ । यसरी विद्यार्थी, मजदुर र युवाहरूका बीचमा पुगेर राजनीतिक र साङ्गठनिक कार्यलाई घनीभूत पारेपछि धेरै जनतालाई पूर्णकालीन बनाउन सकिन्छ । त्यसरी पूर्णकालीन बन्ने जनशक्तिलाई जनमुक्ति सेनामा भर्ती गर्न सकिन्छ ।

अर्कोतिर जनशक्तिको सङ्ख्या बढ्दै जाँदा त्यसलाई व्यवस्थापन गर्ने चुनौती पनि थपिँदै जान्छ । रासनपानी, लत्ताकपडा, हतियार, गोलाबारुदजस्ता कुराको आपूर्ति व्यवस्थापनअन्तर्गत पर्छ । रासनपानी, लत्ताकपडाजस्ता कुराको सही व्यवस्थापन गर्न सकिएन भने जनशक्ति टिकाउन मुस्किल पर्छ भने हतियार, गोलाबरुद र अन्य प्राविधिक वस्तुहरूको सही व्यवस्थापन गर्न सकिएन भने दुस्मनका विरुद्ध युद्धमोर्चामा निर्णायक विजय पाउन मुस्किल पर्दछ । व्यवस्थापनको विषय आर्थिक व्ययभार सित सम्बन्धित हुन्छ । जतिबेला जनमुक्ति सेनाको सङ्ख्या थोरै हुन्छ, क्रान्तिको चाप कम हुन्छ, त्यतिबेला जनमुक्ति व्यवस्थापनमा आर्थिक व्ययभार कम हुन्छ र त्यसलाई पूरा गर्न तुलनात्मक रूपले सहज हुन्छ । तर सङ्ख्या बढ्दै जाँदा र क्रान्तिको चाप घनीभूत हुँदै जाँदा व्ययभार बढ्दै जान्छ र त्यसलाई पूरा गर्न कठिन बन्दै जान्छ ।

आर्थिक व्ययभार हल गर्नका लागि बजेट प्रणालीको विकास गर्नुपर्छ । एकजना जनसेनाका निम्ति वर्षभरिमा न्यूनतम् कति खर्च हुन्छ भन्ने हिसाब निकाल्नुपर्छ । अनि उक्त बजेट जुटाउने स्रोतको खोजी गर्नुपर्छ । दीर्घकालीन रूपमा आर्थिक व्ययभार धान्नका लागि जनमुक्ति सेनालाई उत्पादनकार्यमा पनि संलग्न गराउनुपर्छ ।

### ३. स्तर उन्नति

जनमुक्ति सेनाको स्तर उन्नतिका लागि सैद्धान्तिक प्रशिक्षणका साथसाथै भौतिक र प्राविधिक प्रशिक्षण व्यवस्थित ढङ्गले सञ्चालन गर्नुपर्छ । स्पष्ट दृष्टिकोण र उच्च नैतिक बल हासिल गर्नका लागि सैद्धान्तिक प्रशिक्षण आवश्यक पर्छ भने लडाइँमा सशक्त तरिकाले लडेर विजयी बन्नका लागि भौतिक र प्राविधिक प्रशिक्षण आवश्यक पर्दछ । एकीकृत सैन्य कार्यदिशाअनुसार ग्रामीण र सहरी इलाकामा साथसाथै फौजी सङ्घर्ष सञ्चालन गर्नुपर्छ । सङ्घर्षको प्रकृति छापामार, चलायमान, मोर्चाबद्ध जुनकुनै हुन सक्छ । ती सबै एकीकृत सैन्य कार्यदिशाअन्तर्गत नै सञ्चालित हुन्छन् । जुनकुनै प्रकृतिको सङ्घर्षमा पनि सहज ढङ्गले लड्नसक्ने दक्ष जनशक्ति निर्माण गर्ने कुरामा जोड दिएर लाग्नुपर्छ ।

प्रशिक्षण वा तालिम तत्कालीन र दीर्घकालीन प्रकारको सञ्चालन गर्नुपर्छ । तालिमलाई विभिन्न भागमा वर्गीकरण गरेर सञ्चालन गर्दा प्रभावकारी हुन्छ । युद्धकलामा पारंगत बन्न र शारीरिक रूपमा दुरुस्त बन्न भौतिक तालिम गर्नुपर्छ । त्यस्तै हतियार र प्रविधिको निर्माण र प्रयोगमा दक्ष बन्न प्राविधिक तालिम गर्नुपर्छ । भौतिक तालिमलाई साधारण र विशिष्ट गरी दुई भागमा बाँडेर सञ्चालन गर्न सकिन्छ । नयाँ भर्ती भएकालाई साधारण तालिम दिनुपर्छ । त्यस्तै हतियार र प्राविधिक तालिमलाई पनि वर्गीकरण गरेर सञ्चालन गर्न सकिन्छ । पहिलो, हतियारसँग सम्बन्धित । दोस्रो, गोलाबारुदसँग सम्बन्धित र तेस्रो विद्युतीय साथै सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्ति निर्माणका लागि सूचना प्रविधिबारे पनि तालिम सञ्चालन गर्नुपर्छ । यी कार्यहरू योजनाबद्ध रूपमा सञ्चालन गर्न सकेमा जनमुक्ति सेनालाई सक्षम र सबल बनाउन सकिन्छ ।

### ४. परिचालन

जनमुक्ति सेनालाई फौजी कार्यमा मात्र सीमित गर्नु हुँदैन । उसलाई फौजी कामका अतिरिक्त प्रचार, सङ्गठन, उत्पादन र जनसेवाका काममा पनि परिचालन गर्नुपर्छ । क. माओले भन्नुभएको छ, 'लालसेना लड्नका लागि मात्र लड्दैन, बरु आमजनतामा प्रचार गर्न, उनीहरूलाई सङ्गठित पार्न, उनीहरूलाई शस्त्र-सुसज्जित बनाउन र क्रान्तिकारी राजनीतिक सत्ता कायम गर्नमा उनीहरूलाई सघाउनका लागि पनि लड्छ । यी उद्देश्यहरू नभएमा लड्नुको कुनै अर्थ रहँदैन र लालसेनाको अस्तित्वका लागि कुनै आधार रहँदैन ।

(माओका सङ्कलित सैन्य रचनाहरू, खण्ड १)

जनमुक्ति सेनाका सदस्यहरू व्यापक जनताको माझमा पुगेर एकीकृत जनक्रान्ति र वैजानिक समाजवादका विषयमा प्रचार कार्य गर्नुपर्छ । उनीहरू दलाल संसदीय पुँजीवादी व्यवस्थाको भण्डाफोर तथा वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको आवश्यकता र औचित्यका विषयमा जनतालाई बुझाउन सिपालु बन्नुपर्छ । उनीहरूले जनतालाई सङ्गठित गर्नुपर्छ । जनसत्ताहरू निर्माण गर्न र सञ्चालन गर्न सहयोग गर्नुपर्छ । जनतालाई परेका समस्या समाधान गर्न सहयोग गर्नुपर्छ अर्थात् जनसेवाका कामहरू गर्नुपर्छ । साथै कतिपय जनतासँगको सहकार्यमा त कतिपय आफ्नो मात्र संलग्नतामा उत्पादनकार्य पनि गर्नुपर्छ । यसका लागि पार्टीले निर्धारण गरेका चार सङ्गठनात्मक इलाकामा दुरुस्त तरिकाले परिचालन गर्न ध्यान दिनुपर्छ ।

# नेकपा निकट अखिल (क्रान्तिकारी) द्वारा गिरफ्तारी, एनसेल र भूमाफियाको प्रतिरोध गर्न अपिल

काठमाडौँ : अखिल (क्रान्तिकारी) ले आयोजना गरेको शान्तिपूर्ण कार्यक्रममा दमन र हस्तक्षेप गरी विद्यार्थी नेताहरूलाई बिनाकारण गिरफ्तार गरी गैरन्यायिक तरिकाले हिरासतमा राख्ने र झूट्टा मुद्दामा फसाउने प्रपञ्च केपी-बादल गृह प्रशासनले गरेको भन्दै आक्रोश व्यक्त गरेको छ ।

अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकालले शनिबार प्रेसविज्ञप्ति जारी गर्दै सङ्गठनका केन्द्रीय समितिका सचिवालय सदस्य वीरेन्द्र लुहार, सङ्गठनका ललितपुर जिल्ला उपाध्यक्ष रमेश सुनार, क्याम्पस जिल्लाका सचिव तारा सन्ज्याल र सदस्य बुद्धहाङ राईलाई शुक्रबार राजधानीको शान्तिवाटिकामा तीन विद्यार्थी सङ्गठनले आयोजना गरेको संयुक्त विरोधसभाबाट प्रहरीले बिनाकारण गिरफ्तार गरेको जनाउँदै गिरफ्तारीको घोर भर्त्सना र निन्दा गरेका छन् ।

सरकारले शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गरेर राष्ट्रघाती, भ्रष्ट, जनविरोधी र फासिवादी कार्यलाई तीव्रता दिएको उल्लेख गर्दै फासिवादको विरोधमा उत्रिएका विद्यार्थीहरूलाई गैरन्यायिक ढंगले गिरफ्तार गरी यातनासहित हिरासतमा राखिएको विज्ञप्तिमा जनाइएको छ ।

७३ अर्ब लाभकर छल्ने एनसेल तथा बालुवाटारलगायत विभिन्न ठाउँमा सरकारी जग्गा निजीकरण गर्नेमाथि कारबाही गर्न माग गर्दै र भोजपुरमा शान्तिपूर्ण गतिविधिमा संलग्न रहेका युवा नेता तीर्थराज घिमिरे 'राजु' लाई सरकारले निहत्था अवस्थामा नियन्त्रणमा लिई कायरतापूर्ण हत्या गरेको विरोधमा शुक्रबार विरोधसभा आयोजना गरिएकोसमेत अध्यक्ष ढकालले स्पष्ट पारेका छन् ।

विद्यार्थी नेताहरूको गैरन्यायिक गिरफ्तारीले सरकार र गृह प्रशासनको असली फासिवादी मुकुन्डो उदाङ्गिन पुगेको उल्लेख गर्दै उनले गिरफ्तार नेताहरूलाई बिनासर्त तुरुन्त रिहा गर्न माग गरेका छन् । साथै राजस्वमारा एनसेल, सरकारी जग्गा हडप्ने भूमाफिया र घिमिरेको गैरन्यायिक हत्या गर्ने दलाल फासिवादी सरकारको प्रतिरोध गर्नसमेत ढकालले विज्ञप्तिमार्फत अपिल गरेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी), नेकपा (क्रान्तिकारी माओवादी) निकट र नेकपा (माओवादी केन्द्र) निकट सङ्गठनहरूले संयुक्त रूपमा शुक्रबार दिउँसो १ बजे शान्तिवाटिकामा आयोजित विरोधसभास्थलबाटै ती चार विद्यार्थी नेतालाई प्रहरीले बल प्रयोग गरी गिरफ्तार गरेको थियो ।

गत फागुन २८ गते एकाएक नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाउने निर्णय लिएपछि पार्टी र उसका भ्रातृ सङ्गठनहरूमाथिसमेत दमन र धरपकड जारी राखेको छ ।

पृष्ठ १ बाट क्रमशः

# अब लडाइँ सीधै हुन्छ

आज हाम्रो कुरा टकराएको छ । उनीहरू त्यहाँ छन्, हामी विद्रोहमा छौँ । क्रान्तिमा छौँ । यो हेर्दाखेरि कहिलेकहीँ मान्छेहरूको दिमागमा त पर्दो हो भन्ने लाग्छ, के भो त यो ? कसरी आइयो त यहाँ ? अब होला के ? विभिन्न तरङ्गहरू जानु स्वाभाविक हो । पूर्वमाओवादी र सबैलाई त्यस्तो हुन्छ । हामीलाई पनि हुन्छ । अरूलाई पनि हुन्छ होला । जनतालाई पनि हुन्छ होला । पार्टीहरूलाई पनि हुन्छ होला । यसरी हेर्दा कस्तो अनभूति हुन्छ भने हाम्रो के थियो त हिजो ? त्यसलाई हेर्नुपर्‍यो नि ! तर्क गर्नुभयो अनन्तजीले- अब कसका विरुद्ध लड्ने ? कोसँग लड्ने ? भनेर । मलाई कस्तो लाग्छ भने जनतालाई एउटा भ्रमित पार्ने, मूर्ख बनाउने र ठग्ने पनि एउटा सीमा हुन्छ । भित्र मनले के भन्छ उनीहरूको ? अनन्तको मनले के भन्छ ? प्रचण्डजीको मनले के भन्छ ? यही व्यवस्थाका लागि जनयुद्ध गरेको हो भन्छ ? यही सरकारका लागि जनयुद्ध गरेको हो भन्छ ? यस्तै पार्टी चलाउने, यस्तै पैसा कमाएर खानका लागि जनयुद्ध गरेको हो भन्छ ? भित्री मनले के भन्छ, त्यो भन्नु पर्‍यो नि । एकछिन जनतालाई भ्रमित पार्नलाई भन्ने हो ? हामीले भन्यौँ- हामीले लडेको भनेको, युद्ध गरेको भनेको त जमिनको मालिक किसानलाई बनाउने भनेर लडेको हो नि ! हामी लडेको त नेपालको अर्थतन्त्रको मालिक मजदुरलाई बनाउने भनेर हो नि ! नेपालमा महिला र पुरुष बराबर हुने भनेर लडेको हो नि ! नेपालका दलित, जनजाति सबै बराबर सत्तामा हुनेछन् भनेर लडेको हो नि ! नेपालको सिङ्गै देश एउटा समाजवादमा लैजाने भनेर लडेको हो नि ! त्यसो गर्दा सामन्तवादको अन्त्य, दलाल पुँजीवादको अन्त्य, नोकरशाही व्यवस्थाको अन्त्य अनि यो सबै पुँजीको अन्त्य गरी एउटा नयाँ समाज बनाउने भनेर लडेका थियौँ नि । त्यो भयो त यहाँ ? यहाँ त रातारात दलाल पुँजीपति वर्गले सत्ता कब्जा गर्‍यो अनि जनता त अधिकारविहीन भएर छट्पटाएर मर्ने स्थिति आएको छ । अनि कसका विरुद्ध लड्ने भनेर भन्न मिल्छ ? हिजो कम्तीमा असमान सन्धिसम्झौताहरू पनि थोरै थिए हामीले जनयुद्ध लड्दा, अहिले त झन् थपिए नि । पाँचसातवटा असमान सन्धिसम्झौता झन् हामी शान्तिवार्तामा आएपछि नै थपिए नि ! त्यसमा त प्रचण्डजीहरूले पनि भाग लिनुभयो त ! माथिल्लो कर्णाली नगरौँ भनेर त त्यतिबेलै पार्टीमा बहस भएको हो नि, किन गरे ? पैसा खाएर गरे भन्ने कुरा बाहिर आएको हैन बजारमा ? देव गुरुङजीहरूले प्रतिवेदन पेस गरेको हैन पार्टीमा ? महराजीहरूले पैसा खाएर अपर कर्णाली पास गरेको भनेर पार्टीमा बहस भएको हैन ? प्रचण्डजीहरूले आरोप लगाएको हैन अरुण ३ मा त्यही भयो भनेर ? अरुण ३ त एमालेले खान खोजेको प्रोजेक्ट हो । फेरि किन फर्काएर ल्याएको त्यो ? नेपालमा बिजुली निकाल्ने, सबै भारत लैजाने गरी यो किन दिएको यो ? यो त सङ्क्रमणकालको फाइदा उठाएर, नेताहरूको घाँटी अँठ्याएर लादेको असमान सन्धि हो नि । नागरिकताको कुरा आएको छ । नागरिकता पाउनुपर्छ । हामी विश्वव्यापी रूपबाट लड्ने मान्छेहरूको हकमा तर नेपालमा त फिजी बनाउने षड्यन्त्र छ नि । मान्छेहरूले भन्छन्- नेपालका नागरिकलाई भन्दा विदेशी नागरिकहरूलाई बढी बनाएर नेपाललाई कब्जा गर्ने खेल छ भन्ने कुरा त सबै बुद्धिजीवीहरूले, यो पार्टी त्यो पार्टी भन्ने कुरै छैन, यो ठाउँका त्यो ठाउँका, यो क्षेत्रका त्यो क्षेत्रका भन्ने कुरै छैन, सबै नेपाली नागरिक जो वास्तविक हुन्, उनीहरू सबै त्यही भन्छन् नि ? चाहे मधेसका हुन् चाहे पहाडका हुन् । चाहे काङ्ग्रेस हुन् चाहे कम्युनिस्ट हुन्, सबैले त्यही भनिरहेका छन् नि । यसका विरुद्ध लड्ने भनेको हो नि हामीले । त्यो लडाइँ नसिद्धिँदै अब लडाइँ सकियो भनेर घोषणा गर्न मिल्छ ? त्यो मिल्दैन-मिल्दैन । त्यो अनैतिक कुरा हुन्छ । जबसम्म उहाँहरू त्यहाँ बस्नुभएको छ तर फेरि सँगै लडेका साथीहरू हुन् भन्ने कुरा गर्दा यो प्रतिकूलता त हो तर फेरि हामी सोच्छौँ, यो अनुकूलता पनि हो त । के हाम्रा साथीहरू, ल एकछिन मानौँ गइहाले, प्रचण्डजीहरूले बाटो नबिराएको भए हामी, पासाङजी उपराष्ट्रपति हुनुन्छ अहिले, त्यतिबेला त हामी सँगै हिँडेको साथी हो नि । म कमिसार, उहाँ कमान्डर भएर लडाइँ लडिएको हो नि, हैन ? सँगसँगै पनि लडेको हो । सँगैका लँगौटिया साथीजस्तो पनि हो । पासाङ उपराष्ट्रपति हुँदैनथे, कमान्डर हुन्थे जनमुक्ति सेनाको । सायद मर्थ्यौं, बलिदान पनि गर्थ्यौं होला, सहिद पनि हुन्थ्यौँ होला । कम्तीमा दलालहरूको, दलाल पुँजीवादअन्तर्गत गएर बस्नुपर्ने स्थिति त आउँदैनथ्यो, यो पक्का हो । प्रचण्डजीहरूले यो बाटो नलिएको भए धेरै इमानदार साथीहरू कहाँसम्म भने प्रभाकरजीहरू, सुरेशसिंहजीहरू छन् नि त थुप्रैथुप्रै, अब नाम नलिऊँ, थुप्रै साथीहरू हामीसँगै लडाइँमा हिँडेको हो नि । हामी हिउँमा पुर्दिखेरि पनि सँगै पुरिएका साथी हौँ । हामी कद्याङ्ग्रिने नदीमा, साउनको भेलमा तर्दाखेरि सँगै तरेकै साथीहरू हौँ । हामीले एउटै खाल्डोमा दर्जनौँ कमरेडहरूलाई पुरेर आँसु पुछ्दै हामी सँगै हिँडेका हौँ । रगत पनि हामीले सँगै पुछेका हौँ । त्यो भन्दाखेरि कस्तो लाग्छ भने यी साथीहरूले के हामीलाई साँच्चिकै दमन गरेरै सिध्याउलान् त ? तिनको मनले के भन्छ त ? त्यहाँ कमान्डरहरू पनि गएका छन्, नेताहरू पनि गएका छन् । हामीले के गलत बाटो लिएका छौँ त ? ल उनीहरूले प्रचण्डसँग विद्रोह गर्न सकेनन्, त्यो गलत बाटोसँग लड्न सकेनन् तर उनीहरूलाई के लाग्छ त ? हामी नेकपामा लागेर जुन विद्रोह गरिरहेका छौँ, लडिरहेका छौँ, हामी खतमै हौँ त ? यिनलाई सिध्याइदिए मात्रै शान्ति हुन्छ भन्ने सोच्लान् त ? कहिलेकहीँ लाग्छ- नसोच्लान् । त्यहाँबाट गर्ने सहयोग पनि साथीहरूले गर्लान् नि ? गर्नुपर्छ होला नि ? जानुभयो ल पछिपछि लागेर, चिर्न नसकेर, आन्दोलन गर्न नसकेर गए तर ती साथीहरूले सकारात्मक कुरा पनि त सोच्न सक्लान् नि भन्ने पनि एउटा भावनाको कुरा हो । अलिअलि साथीहरूले गर्छन् भन्ने कुरा सुन्दाखेरि खुसी नै लाग्छ । अलिकति सन्तुष्टि पनि मिल्छ । अहिले खुलेआम प्रतिबन्धका बारेमा त साथीहरूले बोलेका पनि छन् अथवा उनीहरूलाई लाग्दो होला पनि केही साथीभाइहरू, सबै त्यसै त देखिन्नन् नि । यो अर्को भावनाको कुरा हो । जहाँसम्म विचारको कुरा हो यो हाम्रा सहपाठीसँगको लडाइँ त होइन, यो प्रचण्डजीसँगको लडाइँ पनि होइन । अहिले भइराखेका मन्त्रीहरूसँगको लडाइँ पनि होइन । यो कुनै अधिकृत सदस्यहरूसँगको लडाइँ होइन । यो त पुँजीवादी व्यवस्था जो नेपाली समाजका लागि दुर्भाग्य बनेर बसेको छ यसलाई फाल्ने लडाइँ हो नि । त्यो लडाइँ लड्दाखेरि उहाँहरू नै अगाडि आउनुहुन्छ भने हामी त लड्न तयारै भइहाल्यौँ नि । हामी त जुनसुकै मूल्य चुकाउनका लागि पनि तयार भएर हिँडेका छौँ भने । उहाँहरू नै अगाडि आउनुहुन्छ भने हामीले त्यो सबै मूल्य चुक्ता गर्ने भनेर उत्रेका मान्छेहरूका लागि स्वाभाविक नै हुन्छ । तर त्यो हामी पचाउँछौँ । पचाउने कुरा नै भइहाल्छ । यो त सिद्धान्तको कुरा हो । सिद्धान्तमा पुँजीवादसँग लड्दाखेरि जुन जोजति सबै अवरोधक बनेर आउँछन् त्यलाई साफ गर्दै जाने क्रान्तिको नियम हो । यो विचारको पाटो हो । त्यसैले यसमा प्रतिकूलता पनि छन् । सायद एउटा समय आउँछ, केही अनुकूलता पनि आउला । यसरी पनि सोचौँ । सबै साथीहरूले सोच्नुस् । जहाँ गए पनि, जहाँ भए पनि हामी कम्युनिस्ट, मानव जातिलाई एउटा मुक्त दुनियाँमा पुऱ्याउन चाहने कम्युनिस्ट, हामीले कहिल्यै पनि दलालहरूको हतियार भएर त्यो महान् आदर्शका विरुद्धमा घात गर्नु हुँदैन । यस्तो अनुभूति हुन्छ ।

*» यसै सन्दर्भमा केही समय अगाडि प्रचण्डले खुला कार्यक्रममै ‘ विप्लवले मलाई मार्ने योजना बनाए’ भनेर सार्वजनिक रूपले बोल्नुभयो । के हो त यो ? वास्तवमा नेताहरू मार्ने योजना बनेकै हो त ?*

यो धेरै नै गम्भीर विषय हो । यति सजिलै टेलिभिजनमा कराउने, विलाप गर्ने वा आक्रोश पोख्ने विषय होइन । मान्छेको निजी जीवनसँग सम्बन्धित विषय धेरै नै गम्भीर विषय हो । त्यसैले हामीलाई के लाग्छ भने उहाँले जसरी यसलाई बाहिर ल्याउनुभयो, यो आफैँमा रहस्यमय विषय छ । प्रचण्डजीले सहिद सप्ताह सकिएपछि, सहिदहरूका परिवारहरूलाई जम्मा पारेर यो कुरा सार्वजनिक गर्नुभयो । मलाई कस्तो लाग्छ भने यो आफैँमा रहस्यमय कुरा छ । हामीलाई प्रतिबन्ध लगाउने अनि त्यो कुरा भन्ने ? यो के कुरा हो ? फागुन २८ गते हामीलाई प्रतिबन्ध लगाउने, २९ गते आएर यो कुरा भन्ने ? यो त बडो रहस्यमय छ । अन्तै पनि नभन्ने फेरि सहिद परिवारहरूलाई जम्मा पारेर भन्ने जुन कुरा छ, यो त गम्भीर विषय छ । त्यसैले यस्तो नगरौँ भन्ने मेरो आग्रह छ । यस्तो संवेदनशील विषयलाई प्रतिशोध साध्ने वा आफ्नो गलत राजनीतिक विचललाई ढाकछोप गर्नका लागि वा छोप्ने गरी उठाउने विषय एकदम गम्भीर विषय छ । त्यसमा केपीको पनि नाम आएको छ । शेरबहादुरको पनि छ । यो गम्भीर विषय हो । यस्तो विषयलाई जसरी बाहिर ल्याइएको छ यो जनताको विद्रोह, क्रान्तिकारी आन्दोलन, धारा, विचार, देशको स्वाधीनता, देशभक्तहरूलाई दमन गर्ने एउटा आशय नियतसँग जोडिएको विषय हो भन्ने देखिन खोज्छ । जहाँसम्म ठ्याक्कै निर्णयको कुरा के हो भने त्यो कुरा सत्य होइन । सत्य के हो भने हाम्रो पार्टीका नेताहरूलाई इन्काउन्टर गर्ने भन्ने प्रचार व्यापक भयो । यो सबैले सुनेकै कुरा हो । अहिले त उहाँहरूले खुलेआम नै भन्नुभो नि- घुँडाभन्दा तल गोली हान्ने आदेश प्रहरीलाई दिएर पठाइएको छ । के भनेको त्यो ? प्रहरी र हामीलाई भिडाएर आफ्नो स्वार्थ पूरा गर्ने, सेनालाई उतारेर हामीसँग भिडाएर आफ्नो स्वार्थ पूरा गर्ने, एकदम जनविरोधी राजनीतिक स्वार्थ पूरा गर्न खोज्ने यो गलत कुरा हो । त्यो त होहल्ला गर्नका लागि यस्तो कुरा ल्याइएको हो । बरु सत्य कुरा के हो भने अहिले पनि देशैभरि के भनेर तर्साइएको देखिन्छ भने अब इन्काउन्टर गरिन्छ, अप्ठ्यारो तरिकाले हल गरिन्छ, सिध्याइन्छ । अरे बाबा विद्रोहमा त सिद्धिन्छ, सिध्याइन्छ, यो सबै हुन्छ त । स्पार्टाकसहरू मारिए, के विद्रोह रोकियो ? जर्मनका गल्लीहरूमा रोजाहरूको लासहरू फ्याँकियो, के विद्रोह रोकियो ? अक्टोबर क्रान्तिअगाडि थुप्रैपटक दमन भयो । लेनिनले भाग्नुपर्‍यो तर के त्यहाँ विद्रोह भएन ? त्यसो त हुन्न नि त । नेपालमै पनि एकदुईचोटि त्यस्तो भएको छ । त्यसकारण यस्तो तरिकाले सोच्ने जुन कुरा छ यो जनता र राष्ट्रको नेतृत्व गर्ने कोण र प्रवृत्ति होइन । त्यसलाई दमन गरेर स्वार्थ पूरा गर्छु भन्ने निरङ्कुशतावादी प्रवृत्ति हो । त्यसो गर्नु हुँदैन । त्यही अथवा कुनै प्रसङ्गमा छलफल हुँदाखेरि विभिन्न ढङ्गले ती नामहरू कोही टिपेका, यताउता छलफल भएका कुराहरू हुन सक्लान् डायरीमा । त्यसलाई लगेर मलाई मार्न थाले भन्नेसँग लगेर जोड्ने ? त्यस्तो संवेदनशील विषयलाई लिएर अनधिकृत रूपमा बाहिर ल्याएर अनि जनतालाई अलमल पार्न खोजियो । यो क्रान्तिलाई सेबोटेज गर्ने, ध्वंस गर्ने नियतसँग जोडिएको विषय हो । त्यसरी भ्रम छर्नु हुँदैन । बरु हामी के ठान्छौँ भने अब इन्काउन्टर गर्छु, यहाँ गर्छु, त्यहाँ गर्छु भनेर सोच्ने हो भने हाम्रो भनाइ के छ भने पुलिससँग हामी किन लड्ने ? सेनासँग हामी किन लड्ने उसो भए ? उहाँहरूले राजनीतिक विषयलाई हामी केही नेताहरूसँग जोडेर, पार्टीका कार्यकर्ताहरूसँग जोडेर अनि सफाया गरेर सिध्याइदिन्छु भनेर सोच्ने हो भने स्वतः एउटा प्रतिरोधको विचार के आउँछ भने उसो भए हामी तल चौकीमा बस्ने पुलिससँग किन लड्ने ? सामान्य जागिर खाने व्यावसायीक सेनासँग किन लड्ने भन्ने कुरा त स्वतः आउँछ नि । देश बेचेर खाने, जनतालाई दमन गर्ने, अधिकार खोस्ने अनि हामीलाई लडाएर आफ्नो सत्ता सुरक्षित गर्न खोज्ने हो भने त स्वतः त्यहाँसम्म छलफल हुने कुरा त भइहाल्छ नि । त्यसैले हामीले संयमपूर्वक त्यो विषयलाई राख्नुपर्छ, बुझ्नुपर्छ, छलफल गर्नुपर्छ र उहाँहरूलाई त्यस्तो अलमल भएको हो भने त्यो डायरीमा नाम परेको कुरा के हो भनेर हामीसँग छलफल पो गर्नुपर्छ त ! एकदम संवेदनशीलतासँग खेल्ने हो भने यो षड्यन्त्रजस्तो हो नि ! त्यही भएर जनतालाई हामी स्पष्ट गर्न चाहन्छौँ- दमन भएपछि प्रतिरोध हुन्छ । त्यो प्रस्ट कुरा हो तर सुरुमा नै हामीले गर्ने कुरा सत्य होइन ।

*» जसरी यो सत्ता र सरकारका विरुद्ध जनतामा परिरहेको छ, यस बेला कुनै राजनीतिक शक्तिहरूसँग सहकार्य भएको छ कि ? कसरी जाने हो त अब ?*

अहिले त हामीले खुलेआम के भनेका भने अब जो हामीमाथिको प्रतिबन्धको दमन छ, यो भनेको राजनीतिक विचार, प्रवृत्ति र धारसँगैको लडाइँ हो । यो कसैको हितमा छैन । एमाले-माकेभित्रकै कुरा गर्दा केपी वलीजी र त्यहाँ मन्त्री भएका मान्छेबाहेकको हितमा छैन यो । यो एकदम प्रस्टसँग बुझ्नुपर्छ । यो प्रवृत्तिले के गर्छ भने बाहिर होइन, त्यसले भित्र पनि दमन गर्ने हो । भित्र पनि सिध्याउने हो । त्यसैले के देखिन्छ भने फासिवाद भनेको बाहिर मात्र हैन, भित्रै पनि बज्रिने हो । त्यसैले त्यहाँ पनि, त्योभन्दा बाहिर काङ्ग्रेस पनि, त्योभन्दा बाहिर कम्युनिस्ट शक्तिहरू, क्रान्तिकारी शक्तिहरू, त्योभन्दा बाहिर वामपन्थी, देशभक्त शक्तिहरू सबैले यस्तो खालको फासिवादी निरङ्कुशतावादी प्रवृत्तिको प्रतिरोध गर्नुपर्छ, गरौँ भन्ने हाम्रो आग्रह छ । त्यलाई के ठान्नु हुँदैन भने यो पार्टीलाई अप्ठ्यारो परेछ, त्यसैले यस्तो भन्यो भन्ने ठान्नु हुँदैन । एउटा दृष्टिकोणको कुरा हो । हामीले त के भनेका छौँ भने हामी सत्तामा आयौँ भने स्वतन्त्रतालाई सुनिश्चित गर्छौँ । राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्छौं तर वर्गशोषणको अन्त्य गर्छौँ । हामीले भनेको त त्यो हो नि । त्यो के गलत छ ? कसैका विरुद्ध छ त्यो ? काङ्ग्रेसका विरुद्ध हो त्यो ? केपी वलीका विरुद्ध हो ? जनतामाथि हुने शोषणको अन्त्य गर्छौँ हामी । हामीलाई त्यो विश्वास छ । हामीमा साँच्चै नै त्यो गर्ने विचार छ । त्यो हामी गर्छौँ तर राजनीतिक अधिकार र प्रतिस्पर्धाको अधिकार हामी सुनिश्चित गर्छौं ।

*» भनेपछि बहुदलीय व्यवस्थाचाहिँ हुन्छ ?*

बहुदलीय व्यवस्था पनि नभनौँ तर प्रतिस्पर्धात्मक, जनताको व्यवस्थाको हामी सुनिश्चित गर्छौँ । त्यसो गर्दाखेरि त हामीले भन्ने नै भयौँ आउनुस्, त्यो वातावरणका लागि लडौँ । केपी-प्रचण्डको अहिलेको साँठगाँठ र दमनले त त्यो भन्दैन त ! यहाँ त के देखिन्छ भने सबै ‘मेरो’ तिर गइसक्यो त । मेरो सरकार, मेरो देश, मेरो पार्टी अरू सब भ्रम अथवा सब खतम, अरू सब केही होइनन् । अरू सबलाई दमन । यसो भनेपछि यो त हिटलरको भन्दा नि चरमतिर जान्छ । त्यसैले कुरा के देखिन्छ भने यो हुने कुरा होइन । यसलाई प्रतिरोध गरौँ भन्ने कुरा हाम्रो प्रस्ट छ । त्यसैले हामीले भनेका छौँ- सहकार्य गरौँ । छलफल गरौँ । यसरी ने जाने हो भने यसका विरुद्धमा विद्रोह सङ्गठित गरौँ । जनताको अर्को नयाँ व्यवस्था निर्माण गरौँ । त्यो हामीले भनेका छौँ । त्यसकारण एउटा राम्रो कुरा के हो भने कमरेड किरण, कमरेड गोपाल खम्बु, कमरेड ऋषि कट्टेलसहित एउटा छलफल चलिरहेको छ राम्रै । उहाँहरूसँग सहकार्य भइराखेको छ । खासगरी देशको राष्ट्रियताका विषयमा, जनअधिकारका विषयमा सहकार्य भइराखेको छ । त्यो राम्रो कुरा हो । काङ्ग्रेससँग पनि कैयौँ ठाउँमा हाम्रा विद्यार्थी, मजदुरहरू सँगै बसेर प्रदर्शनहरू गरिरहनुभएको छ । त्यो राम्रै कुरा हो । लाज मान्नुपर्छ अब के । भन्न त प्रचण्डजी कस्तो पनि तर्क गर्ने मान्छे हो भने देख्यौ ? ऊ काङ्ग्रेससँग गयो । देख्यौ ? राजावादीहरूसँग गए भन्न पनि बेर लगाउँदैनन् । यस्तो पनि भन्लान्। त्यो त उहाँहरूको आफ्नो कुरा हो । के लाज मान्नुपर्‍यो भने काङ्ग्रेस, देशभक्त शक्तिहरू, त्यसपछि गएर अरू कम्युनिस्टहरूले चाहिँ राजनीतिक स्वतन्त्रता हुनुपर्छ भनेर लड्नुपर्ने अनि कम्युनिस्ट हौँ भन्ने सरकारमा गएका पार्टीका मान्छेहरूले चाहिँ सबलाई सिध्याइदिन्छौँ, दमन गर्छौं भन्ने ! सोच्नुपर्ने भयो । उहाँले पो लाज मान्नुपर्ने कुरा हो यो त । केपीजीले लाज मान्नु पर्दैन ? १४ वर्ष स्वतन्त्रताका लागि जेल परेँ भन्ने मान्छेले हाम्रो पार्टीलाई प्रतिबन्ध लगाउँदा उहाँलाई लागेको त्यतिबेलाको प्रतिबन्ध के हो त ? उहाँलाई लगाइएको प्रतिबन्धचाहिँ फासिवादी, निरङ्कुशवादी हुने, आज हामीले जनताका पक्षमा कारबाही गर्दा हामीलाई प्रतिबन्ध ? उहाँले झापामा सामान्य नारा लाएको भरमा प्रतिबन्ध लाग्यो । त्योभन्दा त नालायक प्रतिबन्ध हामीलाई ? हामीले त कारबाही गरेका छौँ नि । हामीले के जनतालाई कारबाही गरेका छौँ ? हामीले कारबाही के कुनै राजनीतिक पार्टीलाई गरेका छौँ ? हामीले कारबाही त तस्करहरूलाई गरेका छौँ । हामीले कारबाही त बोक्सीको आरोप लगाउने फटाहाहरूलाई गरेका छौँ । दिदीबहिनीहरूलाई बोक्सीको आरोप लाउनेहरूलाई, बलात्कार गर्नेहरूलाई गरेका छौँ । अनि त्यसपछि कमिसन खाने एनसेललाई गरेका छौँ । त्यसो गर्दा त यो सरकार खुसी पो हुनुपर्छ त । ठीक भयो, हामीले सरकारबाट गर्न सकेका थिएनौँ, विद्रोही शक्तिले गऱ्यो, मिलेर गरौँ भनेतिर आउनुको सट्टा दलालहरूलाई कारबाही गर्दा प्रतिबन्ध लगाइन्छ भनेपछि यो त त्यतिबेला पञ्चायतले केपीलाई लगाएको प्रतिबन्धभन्दा पनि घटिया प्रतिबन्ध भयो नि । निकृष्ट खालको प्रतिबन्ध भएन यो ? त्यसैले हामी के देख्छौँ भने यो देशका लागि चुनौतीपूर्ण कुरा हो । त्यसका निम्ति सबै पार्टीहरू, बुद्धिजीवीहरू मिलेर सङ्घर्ष गरौँ भन्ने हाम्रो भनाइ छ । केही सकारात्मक प्रतिक्रियाहरू पनि देखापरेका छन् । त्यसलाई हामीले स्विकारेका छौँ ।

*» वास्तवमा तपाईंको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीले गर्न खोजेको क्रान्ति कस्तो हो ? एकीकृत जनक्रान्ति भनेको के हो ? भन्ने बहस छ । खास के हो त ?*

यो ठीक विषय हो । तर यो विषय अलिकति भ्रम पारिएको विषय पनि हो । किनकि मैले हेरेँ । त्यो भ्रम पनि कहाँ छ भने धेरै लेखकहरूकहाँ छ । त्यो चैतन्य मिश्रजीकोमा छ । अरूमा पनि छ । के हो भन्न खोजेको भन्ने पनि छ । मलाई लाग्छ, उहाँले पढ्नु पनि भएको छ । पुरुषोत्तमजीले त लेखी पनि सक्नुभएछ । अरू थुप्रैले लेखिसक्नुभएको छ । के हो भन्नेबारेमा उहाँहरूले प्रश्न उठाउन खोज्नुभएको छ । सायद बुझ्नु पनि भएको छ । अब सीधा हेर्दाखेरि हामी प्रचण्डजीहरूलाई छोडेर बाहिर निस्कियौँ । प्रचण्डजीहरू त्यहाँ जानुभयो, हामी निस्कियौँ । हामीले पार्टी निर्माण गर्‍यौँ । त्यसपछि गएर हामीले काङ्ग्रेस-एमालेहरूलाई पनि भन्यौँ । हामी बाहिर आयौँ । हामी आउँदा के भन्यौँ भने राजनीतिक दृष्टिले हामी संसदीय व्यवस्था मान्दैनौँ । यो बल र पैसाले किनिएको चुनावभित्र गरिने प्रतिस्पर्धाबाट जनताको अधिकार प्राप्त हुन्छ भन्नेमा हामीलाई विश्वास छैन । जति भने पनि पञ्चायतले पनि त्यही चुनावकै कुरा गरेर जनतालाई ठग्ने । नारा थियो नि त पञ्चायतमा पनि- तपाईं चुनाव लड्नुस् न, केही छ भने जितेर आउनुस् भन्ने थियो त्यतिबेला पनि । भएन त त्यो । पञ्चायत व्यवस्था नै फाल्नुपर्‍यो । अन्तर्राष्ट्रिय अनुभवमा पनि देखिँदैन । संसदीय व्यवस्था, पुँजीवादमा के देखियो भने पैसा भएकै मान्छेले चुनाव जित्यो । नेपालमा कतिसम्म विकृति आयो भने तीन करोड रुपैयाँ दिएर सांसद किन्ने । यही भयो त । मान्छेहरूले ठाडै भने नि । त्यो त हामीले भनेको होइन । त्यो त काङ्ग्रेसका गगन थापाले भन्नुभयो- हाम्रा सभासद्हरू पैसाका पसल छन् । सभासद् पसलमा राखिएको छ, त्यहाँ गएर किन्नुस् भन्ने कुरा त काङ्ग्रेसले नै भन्यो त । माकेकै साथीहरूले भन्नुभयो नि चुनाव लड्न सकिँदैन । करोड पैसा नभएका साथीहरू चुनावमा नउठ्नुस् भनेर त माकेकै पार्टीभित्र बहस भयो । एमालेभित्रै बहस भयो नि, अहिले पनि बहस जारी छ । खुलमखुला त्यो राज्यमा पुग्ने पार्टीहरू, नेता-कार्यकर्ताहरूमा त्यो छ भने यहाँभित्र कति होला ? त्यसैले हामीले के भन्यौँ भने पैसा र बलद्वारा लादिएको प्रजातन्त्र भनिने व्यवस्थाभित्र किसान, मजदुर, महिलाको मुक्ति सम्भव छैन । त्यसैले वैज्ञानिक समाजवाद हुनुपर्छ भनेर हामीले भनेको त प्रस्टै छ । अझै मूर्त गर्दा, अझ ठोस गर्दा हामीले के भन्यौँ भने अब जमिनदारको सम्पत्ति त प्रचण्डजीहरूले बेचेर सिध्याउनुभयो । कमिसन त माकेका केही साथीहरूले खाए । केही मुठीभर साथीहरूले अहिले जमिनदारहरूसँग मिलेर जग्गा प्लटिङ गरेर, सूदखोर भएर गए । नाङ्गो छ त्यो त । हामीले के भन्यौँ भने भूमिसम्बन्धी नीति नयाँ बनाउनुपर्‍यो । नेपालको भूमि जनताको हातमा रहने कानुन बनाउनुपर्‍यो । व्यवस्था बनाउनुपर्‍यो । हल भएनन् त अहिलेसम्म पनि । कम्तीमा राजा महेन्द्रले समेत के भनेका थिए भने भूमिसुधार भएर मात्रै किसानका लागि गाँसबासको ग्यारेन्टी हुन्छ । एमाले आफू सत्तामा नपुग्दासम्म नारा नै त्यही दियो । प्रचण्डजीहरूको नारा नै त्यही थियो, खै त आज भूमिसम्बन्धी दृष्टिकोण ? आज त के भयो भने जनताको हातबाट सस्तोमा जमिन खोस्ने अनि सूदखोर र दलालहरूको हातमा जमिन केन्द्रित गर्ने र हिजो जमिनदारले खोसेको भन्दा निर्ममतापूर्वक लुटेर जनतालाई सडकमा फाल्ने काम त दलाल पुँजीवादी व्यवस्थाले गर्न थाल्यो नि । सूदखोरहरूले त्यो गर्न थाले नि त जमिनदारको नामबाट । अहिले त के देखिन्छ भने दलाल पुँजीपति रातारात पैदा भएका, जन्मिएकाहरूले जमिन त पूरै कब्जा गरेका छन् नि । एउटैको नाममा हजारौँहजार रोपनी जमिन छ यिनीहरूको । खै त राज्यले व्यवस्थापन गरेको ? त्यसकारण हामीले के भन्यौँ भने जमिन जनताको हातमा रहने, उत्पादन वृद्धि गर्ने एउटा भूमिनीति हामीलाई चाहिएको छ भनेर हामीले भनेकै छौँ नि । हामीले त ठोस गरेकै छौँ । हामीले अर्को पुँजीको कुरा गर्‍यौँ । नेपालमा अर्को पुँजीको कुरा गर्दा हात थापेर खाने पुँजी हुँदैन, पुँजीको अभिवृद्धि गर्ने अर्थप्रणाली चाहियो । त्यो भनेको राज्यभित्र स्वाधीन, औद्योगिक, आत्मनिर्भर अर्थप्रणाली चाहियो भनेर हामीले भनेका छौँ । छ्याङ्गै छ त । यहाँ त अहिले एनसेलका कुरा गर्न थाले । अझ अस्ति एमालेले के नारा दियो भने हिजोका एमाले नेता, अहिलेको केपी के भन्न थाल्नुभयो भने विदेशी आऊ, नेपालमा पैसा लगानी गर । फाइदा लिएर जाऊ, केही रोकतोक छैन । अनि समृद्धि हुन्छ नेपालको ? यस्तो हुन्छ यो दुनियाँमा ? चाइनाले समेत एउटा निश्चित क्षेत्र बनाएर नाफाको एउटा निश्चित हिसाब, फाइदाको निश्चित प्रतिशत चीनमै लगानी गर्नुपर्ने कानुन बनाए मात्रै सम्भव भयो । यहाँ त त्यो पनि छैन । यो त सीधै नेपाललाई बेचेर खाने, नेपाली जनतालाई बेचेर खाने दृष्टिकोण भयो । त्यसकारण यसखालको दलाल र सूदखोर पुँजीको

बाँकी पृष्ठ ४ मा

# पाँच पार्टीद्वारा संयुक्त रूपमा अन्तरसंवाद कार्यक्रम सम्पन्न

**काठमाडौँ** : शान्तिवाटिकामा पाँच पार्टीले बुधबार अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेका छन् । अन्तरसंवादमा धारणा राख्दै अभियन्तासमेत रहेका वक्ताहरूले केपी-पीके नेतृत्वको सरकारको भ्रष्टाचारी र राष्ट्रघाती निर्णयको ढाकछोप गर्न विप्लव नेतृत्वको नेकपा माथि प्रतिबन्ध लगाएको बताएका छन् ।

फासिवाद र भ्रष्टाचारको नेपाली समाजले सधैँ विरोध गर्नुपर्ने उनीहरूको तर्क थियो । सरकारकै कारण भ्रष्टाचार र राष्ट्रघात मौलाएको बताउँदै केपी वली र उनी नेतृत्वको सरकार राष्ट्रवादी नभएको जिकिर गरे । आफूहरूले दुई वर्षपहिल्यै यो सरकार देशभक्त होइन भनेको अहिले पुष्टि हुँदै आएको वक्ताहरुले बताए ।

अन्तरसंवादमा वाम तथा राजनीतिक विश्लेषक प्रा.डा. सुरेन्द्र केसीले भने, 'केपी वली र प्रचण्ड देशभक्त र राष्ट्रवादी होइनन् भनेको कुरा अहिले प्रस्ट हुँदै आएको छ', उनले थपे, 'नाकाबन्दीका बेला वलीले देखाएको राष्ट्रियताको भाव उनैले अहिले त्यही भारतसँग बेचेर खाइसके । अब तपाईं के भन्नुहुन्छ ? त्यो त उनको क्षणित लाभकालागि देखाएको राजनीतिक राष्ट्रवाद थियो ।

'ठूलाठूला क्रान्तिबाट आएका भनिएका नेताहरू पैसा र सुविधामा डुबेकै कारण जनता सधैँ दुःख र अधिकारको सङ्घर्षमा परिरहेको उनको भनाइ थियो । सरकार साँच्चिकै फासिवादमा आएको छ । हामीले लडेको लडाइँ मिडिया काउन्सिल विधेयकजस्ता स्वतन्त्रताविरोधी ल्याउनलाई थिएन । नागरिक विधेयक र मानवअधिकार आयोग विधेयक ल्याउनका लागि थिएन', उनले भने, 'त्यसैले अब देशमा परिवर्तन र अधिकारका लागि सङ्घर्ष अगाडि आउनबाट कसैले रोक्न सक्दैन ।'

सरकार अधिकार माग्दै आन्दोलन गर्ने महिला दिदीबहिनीहरूलाई बुट र लाठी बर्साउने सरकार कङ्गो र अफ्रिका डान्सबारमा नेपाली चेली बेच्ने मानव तस्करप्रति आँखा चिम्लिने गरेको टिप्पणी उनको थियो । अब लडाइँ प्रहरी, सेनासँग नभई समाजका दलाल र फटाहासँग पर्ने निश्चित भएको उनको विश्वास थियो । 'भ्रष्टाचार र मानव तस्कर अनि सरकारको राष्ट्रघाती निर्णयको विरोध, आलोचना गर्दा हामीलाई विप्लव देख्ने ? यो वली सरकार कसको सरकार ? देख्छन् भने ठीकै छ, उनले भने ।

कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले कम्युनिस्टहरूले गर्ने क्रान्तिले मात्र जनताको अधिकार पूर्ण गर्ने र स्वाधीनता बचाउने बताए । 'केपी-प्रचण्ड कम्युनिस्ट नै होइनन् । त्यसैले त नक्कली समाजवादको कुरा फिकेर दलाल संसदीय व्यवस्था छिर्न पुगे । नयाँ जनवादी व्यवस्था र वैज्ञानिक समाजवादका पक्षमा सङ्घर्ष र पार्टीविरुद्ध गोली चलाउँदै हिँडेका छन् । फासिवादी सरकारको जस्तोसुकै दमनले जनताको आन्दोलनलाई केही फरक पर्दैन', उनले भने ।

लेखक युग पाठकले सरकारको गलत निर्णय र दम्भले देश नयाँ द्वन्द्वमा जाने खतरा बढेको भन्दै नागरिक समाजले यसलाई रोकन भूमिका निर्वाह गर्नुपर्ने बताए । आफूहरूले यो सरकार गठन भएदेखि नै चाल पाइसकेको बताउँदै पाठकले फासिवादी शासकलाई जनताले सधैँ तिरस्कार गर्ने बताए ।

नागरिक अगुवा डा. सुन्दरमणि दीक्षितले आफूले केही गर्न नसक्ने सरकारले राजनीतिक प्रतिस्पर्धा गर्न खोज्ने पार्टीमाथि प्रतिबन्ध लगाउनु गैरजिम्मेवारीपन र असफलताको प्रमाण भएको बताए । नेकपामाथि प्रतिबन्ध लगाउने निर्णय गरेर सरकारले गम्भीर गल्ती गरेको उनको तर्क थियो ।

त्यस्तै अधिवक्ता बोर्णबहादुर कार्कीले देशको शासन सत्ता चलाउने शासक २००७ सालपहिले र त्यसयता सबै भारतीय हस्तक्षेपको मतियार बन्दै आइरहेको बताए । अहिलेसम्म कुनै पनि शासक विदेशी दलाल र आन्तरिक सामन्त वर्गको मुठीबाट बाहिर रहन नसकेको उनको भनाइ थियो ।

नेकपाका अध्यक्ष ऋषि कट्टेलले पाँच पार्टीको भ्रष्टाचार, फासिवाद र राष्ट्रघातविरुद्धको राजनीतिक मोर्चाबन्दी आन्दोलन निर्णायक तहमा नपुगेसम्म नरोकिने बताए । आन्दोलनसँग डराएर सरकार दमनमा उत्रिए सरकारकै लागि प्रत्युत्पादक हुने चेतावनी उनले दिए ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँतीले प्रचण्ड र बादलको बुद्धि भनेको देश र जनतालाई खाल्डोमा पार्ने र आफू सम्पन्न बन्ने रहेको टिप्पणी गरे । मालेमावाद त्यागिसकेका प्रचण्ड राष्ट्रवादी स्वाभिमानी नेपाली जनताका लागि शत्रु साबित हुने दिन आएको बताउँदै त्यसनिम्ति लड्न तयार हुनुपर्ने बेला आएको बताए । मिल्ने विषय र एजेन्डामा पाँच पार्टीहरूले धारणा राख्दै थुप्रै नेकपा राख्नुभन्दा एकता गर्नुपर्ने र वर्तमान सरकार फासिवादी भएकाले विस्थापित गराउने सङ्घर्षका कार्यक्रम ल्याउनुपर्ने बताए ।

अन्तरसंवाद कार्यक्रम विप्लव नेतृत्वको नेकपा, कट्टेल नेतृत्वका नेकपा, किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र), नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले संयुक्त रूपमा आयोजना गरेका थिए । कार्यक्रमको अध्यक्षता नेकपा (क्रान्तिकारी माओवादी) का नेता रामसिंह श्रीसले गरेका थिए ।

जनअधिकार र जनजीविका तथा राष्ट्रियताको मुद्दामा पाँच पार्टीबीच कार्यगत एकता गरेर आन्दोलन चलाइरहेका छन् । बुधबारको कार्यक्रम त्यसैको निरन्तरता थियो । कार्यक्रममा पाँच पार्टीका तर्फबाट संयुक्त रूपमा निकालिएको फासिवाद, भ्रष्टाचार र राष्ट्रघातविरुद्धको पर्चा वितरण गरिएको थियो ।

नागरिक समाजका अगुवा र राजनीतिक विश्लेषकहरूले भ्रष्टाचारी र सरकारको फासिवादको विरोध गर्दा विप्लव भएको अर्थ लगाउँछन् भने आफूहरूलाई स्वीकार्य हुने बताएका छन् ।

# प्रहरीद्वारा तीर्थ घिमिरे 'राजु' लाई गिरफ्तार गरी हत्या

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले युवा सङ्गठनका तीर्थराज घिमिरे 'राजु' लाई प्रहरीले गिरफ्तार गरी हत्या गरेपछि बुधबार एक विज्ञप्तिमार्फत जेठ १३ गते नेपाल बन्दसहितको चरणबद्ध सङ्घर्षका कार्यक्रमहरू घोषणा गरेका छन् ।

साङ्गठनिक कामको सिलसिलामा गत मङ्गलबार भोजपुर र खोटाङको सिमानामा पर्ने मैयुमको घोत्रेमा युवा सङ्गठनका तीर्थराज घिमिरे 'राजु' लाई केपी वली सरकारको ठाडो आदेशमा सुरक्षा फौजले गिरफ्तार गरी दोहोरो भिडन्तका नाममा हत्या गरेकोप्रति नेकपाले विज्ञप्तिमार्फत घोर आपत्ति जनाएको छ ।

'केपी वलीको सामाजिक फासिवादी सरकारका विरुद्ध सबै क्षेत्रबाट जनआक्रोश देशव्यापी बढिरहेको छ भने यही अवस्थामा हाम्रो पार्टीप्रति जनताको आकर्षण, विश्वास र भरोसा बढ्दै गएको सर्वविदितै छ । हाम्रा नेता र कार्यकर्ताको हत्या र दमनको अभियान चलाउँदै जनतामा पैदा भएको आक्रोशलाई न्यूनीकरण गर्दै आफ्नो अक्षमता लुकाउन, सामान्य राजनीतिक कार्यक्रममा हिँडिरहेका युवा सङ्गठनका



कार्यकर्ता कमरेड तीर्थ घिमिरेलाई नियन्त्रणमा लिएर भिडन्तको भूटो नाटक रची निर्मम रूपमा हत्या गरि नुले यो सरकारको फासिवादी अनुहार नाङ्गिएको मात्र होइन, यो सरकारले हत्याको सहारा लिएर जनमुक्ति अभियानलाई रोक्ने दुस्साहस गरिराखेको छ । उनीहरूले यस्तो दुस्वपना नदेखे हुन्छ', विज्ञप्तिमा भनिएको छ ।

हत्याको साहारा लिएर कुनै मुक्ति अभियान रोकिएको छैन । केपी सरकारले बुझ्न जरुरी छ- उसले गरेको जघन्य हत्याको बदला जनताले उचित समयमा लिने नै छन् । केपी–पीके सरकारले हाम्रो पार्टीमाथि लगाएको प्रतिबन्ध, गिरफ्तारी, दमन, चरम यातनाका साथै हत्यासम्म उत्रिएर देशलाई योजनाबद्ध तरिकाले गृहयुद्धमा धकेल्ने कुचेष्टा गरिराखेको छ । केपी सरकारको यस्तो निकृष्ट हर्कतको सबै मानवअधिकारकर्मी, नागरिक समाज, पत्रकारले डटेर विरोध गर्नुका साथै कमरेड तीर्थराज घिमिरेको हत्या घटनाको सत्यतथ्य छानबिन गरी सार्वजनिक गर्न विज्ञप्तिमार्फत जोडदार माग गरेको छ ।

जनघाती, राष्ट्रघाती, भ्रष्टचारी केपी–पीके सरकारले चलाएको हत्या हिंसाका विरुद्ध हाम्रो पार्टीले प्रतिरोध गर्नुको विकल्प नरहेको अवस्थामा तत्कालका लागि सङ्घर्षका कार्यक्रम घोषणा गरिएको छ । उक्त कार्यक्रमलाई उद्योग व्यवसायी, यातायातकर्मी, शिक्षण संस्थानलगायत सबैले सहयोग र ऐक्यबद्धता व्यक्त गर्नुका साथै सहयोग र समर्थन गर्न हार्दिक अपिलसमेत विज्ञप्तिमार्फत गरेको छ ।

# महासङ्घका केन्द्रीय नेता पक्राउ

यही मिति २०७६ जेठ १२ गते अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य एवम् गलैँचा मजदुर सङ्घको केन्द्रीय अध्यक्ष बुमुरा कोमोर्चालाई काठमाडौँको कोटेश्वरबाट सरकारले पक्राउ गरिएको छ ।

आफ्नो नियमित काममा हिँडिरहेको बेला उनलाई पक्राउ गरिएको हो । ने.क.पा. को १३ गतेको बन्दको अघिल्लो दिन बन्दकर्ताको आरोप लगाउँदै प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको खबर छ । उक्त गिरफ्तारीको विरोध गर्दै महासङ्घले कडा निन्दा गरेको छ । विभिन्न समयमा बिनाकारण मजदुर नेताहरू गिरफ्तार गर्ने, यातना दिने, मुद्दा चलाउनेजस्ता अमानवीय कार्य सरकारले तत्काल रोक्नुपर्ने भन्दै यस्ता गतिविधि राज्यले जारी राखे श्रमिक मजदुर वर्गले यस्ता कार्यको सशक्त प्रतिरोध गर्ने जनाउँदै महासङ्घका अध्यक्ष अमर भाँक्रीले कडा आपत्ति जनाएका छन् ।

## नेता कार्यकर्ताको ...

पूर्वसन्ध्यामा सङ्गठनका केन्द्रीय सदस्य राकेश श्रेष्ठ, बुद्धिराम पुन, बुद्धिबहादुर सुनुवार, तेजबहादुर मोक्तान, चित्रकमल ओली, डम्मरबहादुर तामाङ र तेजराज काफ्लेलाई बिनाकारण गिरफ्तार गरेको भन्दै विरोध जनाएका छन् ।

पार्टीको घोषित कार्यक्रमअन्तर्गत नै आइतबार साँझ मसाल जुलुसको तयारी गरिरहेको अवस्थामा बादल गृह प्रशासनले धरपकड गरी बमसहित समातेको भन्दै मिथ्या आरोप लगाएको विज्ञप्तिमा उल्लेख छ । हतियारसहित गिरफ्तार गरिएको आरोप मिथ्या भएको भन्दै अध्यक्ष जंगलीले आफूहरूमाथि दमन गर्ने उद्देश्यले यस्तो हौवा पिटाइएको बताएका छन् ।

गैरन्यायिक थुनामा राखिएका राकेशसहित सङ्गठन र पार्टीका सबै नेता-कार्यकर्तालाई तत्काल रिहा गर्न उमाले माग गरेका छन् । साथै विभिन्न प्रपञ्च रचेर आफ्ना नेता-कार्यकर्तालाई गिरफ्तार गर्ने र अनाहकमा भुट्टा मुद्दामा फसाउने षड्यन्त्र बन्द गर्न उनले गृहमन्त्री बादललाई चेतावनी दिएका छन् ।

आफूहरूले भ्रष्टाचार, शोषण, हत्याहिंसा, बलात्कारको अन्त्य र सबै प्रकारका शोषणरहित समाज चाहेको र यस्तै खराब तत्वहरू तथा भ्रष्टाचारविरुद्ध आफूहरूले जारी राखेको अभियानबाट अत्तालिएर वली सरकार चरम दमनमा उत्रिएको विज्ञप्तिमा उल्लेख छ ।

अध्यक्ष जंगलीले यहि अभियानमा लागिपरेको अवस्थामा आइतबार साँझ बम विस्फोटमा परी सहादत प्राप्त गर्ने महान, दीपेन्द्र, प्रज्वल र निरन्तरप्रति उच्च सम्मानसमेत प्रकट गरेका छन् ।

नेकपाले आइतबारको बम विस्फोटमा परेर ज्यान गुमाउने ४ जनासहित भोजपुरमा प्रहरीले गोली हानी हत्या गरेका कार्यकर्ता तीर्थराजलाई समेत सहिद घोषणा गरिसकेको छ । सोमबार पार्टी महासचिव विप्लवले महान, दीपेन्द्र, प्रज्वल, निरन्तर र तीर्थलाई सहिद घोषणा गरेका हुन् ।

## बम विष्फोटका ...

र जनघातमा पनि यसअघिका प्रतिक्रियावादी सरकारलाई उछिनिरहेको छ ।'

विप्लवले पार्टीको अपिललाई स्वीकार गर्दै सबै पक्षबाट भएको सहयोगबाटै नेपाल बन्द सफल भएको पनि बताएका छन् ।

उनले अगाडि भनेका छन्, 'केपी सरकारको राज्यआतङ्क, कमरेड तीर्थ घिमिरे हत्याकाण्डविरुद्ध आयोजित नेपाल बन्द कार्यक्रमलाई साथ र सहयोग दिने राजनीतिक पार्टी र आम जनसमुदायलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । जेठ १२ गते काठमाडौंमा भएको विस्फोटमा पार्टी, जनमुक्ति सेना, जवसका कमान्डर कमरेड महान, कमरेड दीपेन्द्र, कमरेड प्रज्वल शाही, कमरेड निरन्तरको सहादतले यसप्रकारको घटना कसरी हुन पुग्यो, त्यसको सत्यतथ्य जनतामा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं । यी सबै घटना हुनुको मुख्य दोषी केपी सरकारको फासिवादी दमन नै रहेको स्पष्ट गर्दछौं । सहादत प्राप्त गर्ने कमरेडहरूप्रति सिङ्गो पार्टीका तर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं ।'

महासचिव विप्लवले भनेका छन्, 'हाम्रो पार्टी सहिदहरूको बलिदान खेर जान नदिने साथै एकीकृत जनक्रान्ति सफल गरिछाड्ने प्रतिबद्धता प्रकट गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'साथै राज्यआतङ्क, जनदमन र राष्ट्रघातका विरुद्ध सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरू, देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई एकताबद्ध भएर सङ्घर्षमा अघि बढ्न विशेष आह्वान गर्दछौं ।'

## सहिद पत्रकारको ...

अभिव्यक्ति स्वतन्त्रताका क्रममा लड्दालड्दै आफ्नो ज्यानको आहुति दिएका पत्रकारहरूले हाल देशमा गणतन्त्र स्थापना भइसक्दा समेत उनीहरूले लिएको लक्ष्य पुरा नहुँदा दुःख लागेको बताए ।

यसैबीच सोमबार देशैभर विभिन्न पार्टी, सङ्गठन र स्वतन्त्र रूपमा कार्यरत सांस्कृतिक मोर्चा र क्रान्तिकारी पत्रकारहरूले सांस्कृतिक एवम् पत्रकार सहिद इच्छुकको स्मृति र १७ औं बलिदान दिवस मनाएका छन् । ती सङ्गठनहरुमा आबद्ध संस्कृतिकर्मी र पत्रकारले इच्छुक नेपाली क्रान्तिकारी आन्दोलन तथा पत्रकारिता क्षेत्रका महान् व्यक्ति भएको बताएका थिए । इच्छुकलाई राजनीतिक आस्थाकै आधारमा राज्यले हत्या गरेको तर इच्छुकका हत्याराहरुलाई सत्ताधारीहरुले फुली थपिदिएको भन्दै आक्रोश व्यक्त गरे । उनीहरुले आज पनि राज्यले जनपक्षीय साहित्य र पत्रकारहरुलाई आस्थाकै आधारमा पक्राउ गरिरहेकाले राजनीतिक-सांस्कृतिक रुपमा आमूल परिवर्तनका लागि क्रान्ति आवश्यक र अपरिहार्य रहेको बताए । २०५९ साल जेठ १३ गते पत्रकार तथा चर्चित सांस्कृतिक योद्धा कृष्ण सेन 'इच्छुक' लाई राजधानीको महेन्द्र पुलिस क्लबमा तत्कालीन डीएसपी विक्रमसिंह थापा नेतृत्वको प्रहरीको टोलीले चरम यातना दिएर हत्या गरेको दिनको सम्भनामा पत्रकारहरूले इच्छुक स्मृति दिवस तथा बलिदान दिवस मनाउँदै आएका छन् ।

## नेकपाका ब्युरो सदस्य ...

उत्रेको छ ।

## दलित मुक्ति मोर्चा झापाका अध्यक्ष प्रवीण पक्राउ

काठमाडौँ : विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका एक नेता आइतबार पक्राउ परेका छन् । पक्राउ पर्नेमा दलित मुक्ति मोर्चाका झापा जिल्ला अध्यक्ष प्रवीण दर्नाल रहेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट सादा पोसाकमा खटिएका प्रहरीले बिर्तामोडबाट पक्राउ गरेको समाचार प्राप्त भएको छ । पक्राउ परेका दर्नाललाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले बताए ।

## भोजपुर हत्याकाण्ड ...

भएका उनले सरकारले आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाएर कार्यकर्तालाई चरम यातना दिनुका साथै हत्यासम्ममा उत्रिएर देशलाई योजनाबद्ध तरिकाले गृहयुद्धमा धकेल्ने कुचेष्टा गरेको भन्दै बन्दसहितका कार्यक्रम घोषणा गरेका थिए ।

यसैबीच नेपाल कम्युनिसट पार्टी उपत्यका ब्युरोका नाममा जारी पर्चामा जेठ १३ को बन्द सफल पार्न आह्वान गरिएको छ ।

## घाइते लामाको ...

हो ।

तलासीका क्रममा मानसिक यातनासमेत दिइएको र त्यस क्षेत्रमा नेकपाको गतिविधिबारे सोधिएको बताइएको छ । अनावश्यक रूपमा घरपरिवारलाई मानसिक रूपले तनाव दिएको र असम्बन्धित विषयमा केरकार गरेको भन्दै परिवारका एक सदस्यले आपत्ति जनाए । प्रहरी प्रशासनको उक्त हर्कत रोकन पनि सरकारसँग उनले माग गरे ।

घाइते लामाको शरीरको दायाँपट्टिको शिरदेखि पैतालासम्मको पूरै भागमा चोट लागेको अस्पताल स्रोतले जनाएको छ । स्रोतका अनुसार लामाको दायाँ हातका तीनवटा औंला विस्फोटमा परी चुँडिएको छ । अर्का घाइते बुद्ध लामाको भने गम्भीर अवस्थामा उपचार भइरहेको बताइएको छ ।

सुकेधारा र घट्टेकुलोमा भएको विस्फोटको केही समयपछि नै चिन्द्रगिरि क्षेत्रमा विस्फोट भएको थियो । घाइते दुवैजना नेकपासँग आबद्ध रहेको बुझिएको छ ।

त्यस्तै घट्टेकुलोमा भएको विस्फोटका घाइते भई उपचारार्थ रवीन केसीको स्वास्थ्य अवस्था खतरामुक्त रहेको पनि जनाइएको छ ।

## अब लडाई सीधै ...

अन्त्य गर्नुपर्‍यो भनेर हाम्रो स्पष्ट दृष्टिकोण छ । त्यसपछि हामीले महिलाको कुरा गर्‍यौं, मजदुरको कुरा गर्‍यौं । महिलाको कुरा गर्दा महिलाहरूलाई पुरुषसरह अधिकार सुनिश्चित हुनुपर्‍यो । त्यो पहिला अर्थमा हुनुपर्‍यो । आर्थिक क्षेत्रमा हुनुपर्‍यो । उत्पादनमा हुनुपर्‍यो । उत्पादन कार्यमा हुनुपर्‍यो । अर्थसम्बन्धमा हुनुपर्‍यो के । त्यसपछि मात्रै राजनीतिमा र अन्यत्र पनि हुन्छ । राजनीतिबाट त्यो पनि गर्न सकिन्छ तर अहिले नेपाली समाजले के भन्यो भने त्यसबाट होइन, पहिला अर्थतन्त्रमा, आर्थिक सम्बन्धमा महिलाहरूको समान अधिकार, त्यसपछि मात्रै अरू कुरा भन्ने देखियो । नत्र यहाँ त महिलाहरूको कति बिजोग छ भन्नु त । कहिल्यै रुट नखुलेको देश बर्माबाटसमेत हजारौं महिलाहरूको तस्करी भइरहेको छ । कति बाध्यता छ ? दिदीबहिनीहरूलाई फकाएर लुट्नुसम्म लुटेर गिद्धले लुछेको जस्तो लुछेर सडकमा लगेर फालिदिने गरेको देखिन्छ अहिले । यसको अन्त्य हुनुपर्छ । कम्युनिस्ट सरकार भन्ने छ । मान्छे बेचेर खान्छ । अब बेश्यालय खोल्ने कुरा गरेको छ । अरे बाबा यो त हददर्जाको कुरा भयो । कम्युनिस्टले वेश्यालय खोलेर दिदीबहिनीको शरीर बेचेर खाने कुरा गर्छ भने योभन्दा अर्को अनैतिकता के हुन्छ ? तेही भएर नेपालका युवाहरूले कति सहलान् ? कसरी सहन सक्लान् भन्ने लाग्छ मलाई । त्यसकारण हाम्रो दृष्टिकोण यो हो । त्यो मात्र होइन, हामीले भन्यौं- नेपालका असमान सन्धिसम्भौता खारेज गरिनुपर्छ तर अभ्र उल्टै थपिराखेको छ । यहाँ त कतिसम्म भने कणुवा त बेचेबेचे, कर्णाली पनि बेचे । अहिले त बूढीगण्डकीमा फेरि भारतको हस्तक्षेपबाट जनताको आँखा अर्कोतिर मोड्नका लागि चीनको एउटा कम्पनीलाई बिनाटेन्डर दिइयो । त्यो के हो ? षड्यन्त्र हो यो सरकारको । भारतसँगको विवादलाई मत्थर पार्ने । ओभेलमा पार्नका लागि गरेको खेल हो यो । एनसेलकै कुरा गर्नुस् । एनसेलले यत्रो खर्बौं पैसा पलायन गरेको छ । न्यायाधीशको त्यो ताल छ । प्रधानन्यायाधीशले गरेको फैसला, कर तिर भनेर गरेको फैसला अर्को न्यायाधीशले फेरि उल्ट्याउँछ । के उल्ट्याएको त्यो न्यायाधीशले ? त्यो अधिकार छ उसलाई ? नेपाली नागरिकले सहन मिल्छ यो कुरा ? अनि तिनको थाप्लोमा कारबाही नगरेर कहाँ गर्ने ? यो त कमिसनको खेल हो नि । किन एमाले बोल्दैन, किन हिजोको माके बोल्दैन ? देशको यत्रो पैसा हिनामिना हुँदा किन बोल्दैन ? हो, यसले के देखाउँछ भने हाम्रो दृष्टिकोण भनेको यो हो । अर्थतन्त्रमा आएको दलाल र दलालीकरण अन्त्य गर्ने हो । महिलाहरूको अधिकार सुनिश्चित गर्ने हो । दलितहरूलाई मानवीय जीवन सुनिश्चित गर्ने हो । सत्ता नपाएका सबै जनतालाई सत्ताको मालिक बनाउने हो । यो हाम्रो दृष्टिकोण हो । अरू थुप्रै कुराहरू छन् । शिक्षामा छ, स्वास्थ्यमा छ । व्यापारिकरणको कुरा छ । यसलाई त फेरि एउटा पद्धतिमा लगेर गरौं भनेर हामीले भनेका छौं । हाम्रो दस्ताबेजमा पनि छ । हामी अभ्रै प्रस्ट गरौंला ।

# नेकपाको बन्दको प्रभाव देशैभर, ठाउँठाउँमै बम विस्फोट र आगजनी

नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दका कारण सोमबार बिहानैदेखि देशैभर बन्दको प्रभाव परेको छ भने ठाउँठाउँमा बम विस्फोट र आगलागीका समाचार प्राप्त भएका छन् ।

लामो तथा छोटो दूरीका सवारी साधन चल्न सकेका छैनन् भने बन्दका कारण जनमानसमा अन्योल उत्पन्न भएको छ । आइतबार साँझ काठमाडौँलगायत देशैभर भएका विस्फोटका कारण चारजनाको मृत्यु भएपछि मानिसहरू थप त्रसित बनिरहेको बेला बन्दले देशका अधिकांश भाग ठप्पप्रायः बनेको देशका विभिन्न क्षेत्रबाट प्राप्त समाचारमा जनाइएको छ । भोजपुरमा प्रहरीले गिरफ्तार गरी पार्टी कार्यकर्ता तीर्थराज घिमिरे 'राजु' को हत्या गरेपछि सरकारसँग बदला लिने चेतावनी दिँदै नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले नेपाल बन्दसहितका कार्यक्रम घोषणा गरेका थिए ।

आइतबार दिउँसो राजधानीका अनामनगर, सुकेधारा र नागढुङ्गामा भएको विस्फोटमा चारजनाको मृत्यु भइसकेको छ । यी घटनामा घाइते हुनेको सङ्ख्या सात पुगेको छ । प्रहरीका अनुसार ज्यान गुमाउने र घाइते हुनेमा विप्लवकै नेता–कार्यकर्तासमेत छन् । सुकेधारा विस्फोटमा घाइते भएका नेवाः मुक्ति मोर्चाका नेता सुरेन्द्र महर्जनको भनाइ उल्लेख गर्दै स्रोतहरूले बम बनाउँदै गर्दा विस्फोट भएको समाचार प्रकाशन गरेका छन् । थानकोटमा पनि दुईजना घाइते हुनेगरी विस्फोट भएको छ ।

सुकेधारा विस्फोटमा एकजनाको घटनास्थलमै र दुईजनाको ओम अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । मृतकको सनाखत हुनसकेको छैन ।

सुकेधारामा विस्फोट भएकै समयमा घट्टेकुलोमा पनि विस्फोट भएको छ । विस्फोटमा प्रज्वल शाहीको मृत्यु भएको छ भने रवीन केसी घाइते भएका छन् ।

यस्तै चन्द्रगिरि नगरपालिका ३ ईँटाभट्टा चोकमा बम विस्फोट भएको छ । प्रेसर कुकर बम बोकेर ल्याउँदै गर्दा भएको विस्फोटमा आकाश लामा घाइते भएका हुन् । अर्का एकको पहिचान खुलेको छैन ।

लगनखेलमा भेटिएको 'बम' डिस्पोज गरिएको थियो भने ग्वार्को, सातदोबाटो र सानेपामा पनि बम फेलापरेको थियो ।

## अर्घाखाँचीमा शङ्कास्पद वस्तु भेटियो

अर्घाखाँचीको सन्धिखर्कस्थित अर्घाखाँची आवासीय माविमा शङ्कास्पद वस्तु फेलापरेको छ । सन्धिखर्क २ चुत्राबेसीको बेलबाटिकामा रहेको अर्घाखाँची आवासीय माविको तारबारको पिलरमा झुन्ड्याइएको अवस्थामा शङ्कास्पद वस्तु भेटिएको हो ।

सोमबारको बन्दलाई लक्षित गरेर नेकपाका कार्यकर्ताले उक्त वस्तु राखेको हुनसक्ने आशङ्का गरिएको प्रहरीको भनाइ छ । शङ्कास्पद वस्तु बम हो कि होइन भन्ने यकिन भइनसकेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख नवराज मल्लले बताए ।

## हेटौँडामा पनि बम भेटियो, ट्रकमा आगो लाग्यो

आज बिहान हेटौँडाको चौकीटोलमा एउटा गाडीमा आगो लागेको छ । त्रिभुवन राजपथअन्तर्गत हेटौँडाको चौकीटोलमा प्रहरीचौकी नजिकै ना ७ ख ९४९३ नम्बरको मिनी ट्रकमा आगो लगाइएको पाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक यज्ञप्रसाद भटराईले बताएका छन् । आगो लागेर गाडीको सबै भाग जलेको छ ।

यसैगरी बन्दको पूर्वसन्ध्यामा आज बिहान १ बजे हेटौँडाको बुद्धचोक नजिक प्रेसरकुकर बम भेटिएको थियो । बम राखेको थाहा पाउनेबित्तिकै प्रहरीले नेपाली सेनालाई खबर गरेर बिहान ५ बजेतिर बम निष्क्रिय पारिएको थियो । प्रेससरकुकर बम निष्क्रिय पार्दा ठूलो आवाज आएको थियो । बन्दका कारण हेटौँडा बजार पूरै सुनसान बनेको छ ।

## रूपन्देही, कपिलवस्तुमा बम भेटियो, नवलपुरको गाउँपालिका अध्यक्षको घरनजिकै विस्फोट

विप्लप नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको प्रभाव देशभर देखिएको छ । उता लुम्बिनीका केही जिल्लाहरूमा पनि विस्फोट भैरहेको सूचना छ । रूपन्देहीका धकधई, सैनामैना र लुम्बिनी क्षेत्रमा एकाबिहानै ठूलो आवाजमा बम विस्फोट भएको प्रहरी स्रोतले बताएको छ । त्यस्तै कपिलवस्तुका चन्द्रौटा र जितपुरमा शङ्कास्पद बस्तु फेलापरेको छन् । घटनास्थलमा सेना र प्रहरीहरू उपस्थित छन भने डिस्पोजल टोलीसमेत पुगेको छ । विप्लव नेकपाले युवा सङ्गठनका तीर्थराज घिमिरेलाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको भन्दै जेठ १३ गते नेपाल बन्दको घोषणा गरेको थियो ।

नवलपुरको बुलिङटारमा मध्यराती सिलिन्डर बम विस्फोट भएको छ । प्रहरीले उक्त विस्फोट विप्लव नेकपाले गराएको अनुमान गरेको प्रहरी चौकी बुलिङटारका प्रमुख प्रहरी नायव निरीक्षक सुन्दर गुरुङले बताए । गुरुङका अनुसार मध्यरातिमा सिलिन्डरमा आगो लगाई विस्फोट गरिएको थियो । बुलिङटार ३ को खेतमा सिलिन्डरमा आगो लगाई विस्फोट गराइएको प्रहरीले जनाएको छ । त्यस्तै आज बिहान साढे २ बजे मध्यबिन्दु नगरपालिका ११ अरुणखोलामा पेट्रोल बम प्रहार भएको छ ।

पश्चिमबाट पूर्व आउँदै गरेको लु २ ख १०८ नम्बरको ट्रकमा पेट्रोल बम प्रहार भएको प्रहरी चौकी अरुणखोलाले जनाएको छ । पेट्रोल बम ट्रक चालकको क्षेत्रमा नै प्रहार गरेपछि चालक ट्रक छोडी हिँडेका थिए । ट्रक दुर्घटनामा परेको प्रहरी चौकी अरुणखोलाले जनाएको छ । अहिलेसम्म नवलपुरमा कुनै मानवीय क्षति भने भएको छैन ।

## पूर्वमा बन्दले जनजीवन ठप्प, सुन्दरहरैँचामा शङ्कास्पद वस्तु

केही दिनअघि भोजपुरमा आफ्ना कार्यकर्ता तीर्थ घिमिरेमाथि प्रहरीले गोली चलाएर ज्यान लिएको तथा देशैभर नेता–कार्यकर्ताहरूमाथि धरपकड भइरहेको भन्दै त्यस को विरोधमा विप्लव नेतृत्वको नेकपाले आज गरेको नेपाल बन्दको झापासहित पूर्वका विभिन्न ठाउँमा प्रभाव देखिएको छ ।

बन्दको पूर्वसन्ध्यामा हिँजो साँझ भद्रपुर, बिर्तामोडलगायत आसपासका क्षेत्रमा सरकारी प्रतिबन्धको प्रतिरोध गर्दै नेकपाका कार्यकर्ताले प्रदर्शन गरेको बताइएको छ । सोमबार नेकपाका कार्यकर्ताहरू सडकमा नदेखिए पनि सार्वजनिक तथा निजी प्रयोजनका सवारीसाधनहरू चलेका छैनन् । पूर्वपश्चिम लोकमार्गमा सशस्त्र प्रहरीको टोली ठाउँठाउँमा खटाइएको छ भने प्रहरीको टोली गाडीमा परिचालन भएको देखिएको बताइएको छ ।

बन्दका कारण स्पष्ट नखुलाए पनि धेरैजसो निजी शिक्षण संस्थाका सञ्चालक तथा शिक्षकहरूले विशेष परिस्थितिका कारण आज विद्यालय बन्द रहने, पठनपाठन नहुनेलगायत बेहोराका सूचना सामाजिक सञ्जालहरूमार्फत सार्वजनिक गरेका छन् । बिहान सञ्चालन हुने क्याम्पसको पठनपाठनसमेत हुन नसकेको बताइएको छ । बजार र पसलसमेत पूर्ण रूपमा खुलेका छैनन् ।

यसैबीच मोरङको सुन्दरहरैँचा वडा नम्बर ७ ठडियामा रहेको बिजुलीको खम्बामा शङ्कास्पद बस्तु फेला परेपछि सुरक्षाकर्मीले त्यसलाई घेरा हालेका छन् । कुकरमा तारले बेरेर बिजुलीको खम्बाछेउमा बोरामाथि राखिएको उक्त वस्तु बम हुनसक्ने आशङ्का गरिएको छ । सोही कारण सडकमा सवारीका साधन प्रभावित भएका छन् ।

## मोरङका दुई स्थानमा शङ्कास्पद वस्तु

मोरङका दुई स्थानमा बमजस्तो शङ्कास्पद वस्तु फेलापरेको छ । सुन्दरहरैँचा ७ को बिजुलीको पोलमा राखिएको कुकर बम हुनसक्ने स्थानीयले बताएका छन् । त्यसैगरी बूढीगङ्गा गाउँपालिका १ स्थित कोसी राजमार्गमा बमजस्तो लाग्ने शङ्कास्पद वस्तु फेलापरेको छ । उक्त स्थानमा प्रहरीले आवतजावतमा रोक लगाएको छ । दुवै स्थानमा सेनाको बम डिस्पोजल टोली गइरहेको समाचार प्राप्त भएको छ । बमजस्तो शङ्कास्पद वस्तु फेलापरेपछि स्थानीय त्रसित बनेका थिए ।

## बर्दिबास नगरपालिकाको मूलगेटमै कुकर बम

नेकपाले महोत्तरीको बर्दिबास नगरपालिकाको मूलगेटमा कुकर बम राखेको जानकारी आएको छ । २.५ लिटरको उक्त कुकरमा विस्फोटक पदार्थ राखेर त्यसमाथि एउटा मोबाइल फोन जोडिएको समाचार छ । घटनास्थलमा बम निस्क्रिय बनाउने टोली गइरहेको समाचार छ ।

## रामेछाप सदरमुकाममै बम, बन्दकर्ताद्वारा ट्रिपरमाथि आगजनी

सरकारले पार्टीका कार्यकर्ता तीर्थराज घिमिरे 'राजु' को गोली हानी हत्या गरेको भन्दै विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले नेपाल बन्द आह्वान गरेको दिन सोमबार रामेछाप जिल्लाको मन्थली नगरपालिका ६ हात्तीटारमा आज बिहान ट्रिपरमा आगजनी भएको समाचार प्राप्त भएको छ । खुर्कोटबाट मन्थली जाने क्रममा ना ८ ख ३७७० नम्बरको ट्रिपरमा आगो लगाइएको समाचारमा जनाइएको छ । आगलागीबाट ट्रिपर जलेर ध्वस्त भएको छ ।

बिहानै ट्रिपरमा आगजानी भएपछि मन्थलीबाट राजधानी काठमाडौँ चल्ने सवारी साधन चल्न सकेका छैनन् ।

## रामेछापमा बम

रामेछापको मन्थली नगरपालिका ६ हात्तीटारमा बम फेलापरेको छ । बिहान २ बजे फेलापरेको बम नेपाली सेनाले डिस्पोज गर्ने तयारी गरेको जनाइएको छ ।

सडकको दायाँबायाँ नै दुईवटा बम फेलापरेपछि लगत्तै डिस्पोज गर्न बम डिस्पोजल टोली परिचालन गरिएको थियो ।

## झापामा पनि भेटियो शङ्कास्पद वस्तु

विप्लव नेतृत्वको नेकपाको बन्दका कारण आज देशभर जनजीवन प्रभावित बनेको छ भने देशभर बम तथा शङ्कास्पद वस्तु फेलापरेका छन् । त्यस्तै अहिले झापाको दमक रतुवा पुलनजिकै कुकुर बमजस्तै देखिने शङ्कास्पद वस्तु फेलापरेको समाचार प्राप्त भएको छ ।

उक्त शङ्कास्पद वस्तुका कारण दुईपाङ्ग्रे सवारीसाधन र पैदलयात्रीसमेत अलपत्र परेका छन् । अहिले प्रहरी र सेनाको डिस्पोजल टोली घटनास्थलतर्फ जाँदैछन् । उक्त शङ्कास्पद वस्तु कसले राखेको भन्ने एकिन नभए पनि विप्लव नेतृत्वको नेकपाले राखेको हुनसक्ने अनुमान गरिएको छ ।

## मोरङमा दुईवटा कुकर बम फेला

मोरङको बूढीगङ्गा गाउँपालिका १ र सुन्दरहरैँचा नगरपालिका ७ मा सोमबार बिहान फेलापरेको अज्ञात वस्तु प्रेसरकुकर बम भएको पुष्टि भएको छ ।

दुवै बम नेपाली सेनाको डिस्पोजल टोलीले डिस्पोज गरेको छ । दुवै ठाउँमा बम भेटिएपछि त्रास उत्पन्न भएको थियो । मोरङ प्रहरीका प्रवक्ता डीएसपी घनश्याम श्रेष्ठले दुवै ठाउँमा भेटिएको अज्ञात वस्तु प्रेसरकुकर बम भएको पुष्टि सेनाले गरेको जानकारी दिए । कोसी राजमार्गअन्तर्गत बूढीगङ्गा गाउँपालिकाबाट विराटनगर महानगरपालिका प्रवेशद्वारमा भेटिएको बम सेनाको टोलीले डिस्पोज गरेको हो ।

मोरङका दुवै ठाउँमा विप्लव नेतृत्वको नेकपाले नै बम राखेको हुनसक्ने प्रहरीको आशङ्का छ । डीएसपी श्रेष्ठले बम राखेर सर्वसाधारणलाई आतङ्कित पार्नेको खोजी भइरहेको बताए । विप्लव नेकपाको बन्दका कारण लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालन हुनसकेका छैन । शैक्षिक संस्थाहरू पनि ठप्प छन् ।

## सिन्धुलीमा शङ्कास्पद वस्तु

सिन्धुलीको दुधौली नगरपालिकास्थित खोरभञ्ज्याङमा फेलापरेको शङ्कास्पद वस्तु नक्कली बम भएको प्रहरीले जनाएको छ । निर्माणाधीन मदन भण्डारी राजमार्गको सिन्धुली दुधौलीस्थित पूर्वीखण्डमा खोरभञ्ज्याङमा सकेट बमजस्तो देखिने शङ्कास्पद वस्तु 'होक्स' भएको पुष्टि भएको जानकारी जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक चक्रबहादुर सिंहले दिए ।

दुईवटा सकेट बमजस्ता देखिने शङ्कास्पद वस्तुमा रातो कालो तार जोडिएको र बन्द सफल पारौँलगायत नारा लेखिएको पर्चा पनि भेटिएपछि प्रहरीले बम भएको आशङ्का गरेको थियो ।

नेपाली सेनाको बम डिस्पोजल टोलीले शङ्कास्पद वस्तु डिस्पोज गर्दा नक्कली बम भएको पुष्टि भएको सिंहले बताए । शङ्कास्पद वस्तु भेटिएपछि मदन भण्डारी राजमार्ग अवरुद्ध भएको थियो ।

## इटहरीको बम डिस्पोज

इटहरी २० पानीपियामा भेटिएको बम नेपाली सेनाको टोलीले डिस्पोज गरेको छ । दुईवटा पोकामा सडकको बीचमा राखिएको बम नेपाली सेनाको टोलीले डिस्पोज गरेको हो । बिहानै गस्तीमा हिँडेका सुरक्षाकर्मीले उक्त बम भेटेका थिए । समय मिलाएर राखिएको टाइमर बम डिस्पोज गरेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

## रुकुममा पनि बन्दको प्रभाव

पश्चिम रुकुममा विप्लव नेतृत्वको नेकपाले गरेको बन्दको प्रभाव देखिएको छ । बन्दका कारण रुकुमपूर्व र पश्चिमका मुख्य बजार क्षेत्र सुनसान छन् भने उद्योग, कलकारखाना पनि बन्द छन् । जिल्लामा लामा तथा छोटा दूरीका सवारीसाधन चलेका छैनन् ।

## डोटीमा बन्दको पूर्ण प्रभाव

डोटीमा बन्दको पूर्ण प्रभाव परेको छ । सार्वजनिक सवार ासाधनहरू सञ्चालनमा आएका छैनन् । डोटीका मुख्य बजार सिलगढी, पिपल्ला, तलकोट, गोपघाटलगायत क्षेत्र बन्द छन् । जिल्लामा सवारीसाधन सञ्चालन नहुँदा यात्रु मारमा परेका छन् ।

## बन्दले धनगढीको जनजीवन प्रभावित

बन्दको प्रभाव कैलालीमा पनि परेको छ । बन्दले गर्दा शैक्षिक संस्था, कलकारखाना, यातायात, बजार ठप्प छन् । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी निरीक्षक प्रकाश डाँगीले बिहान पूर्वबाट आएका गाडी स्कर्टिङमा ल्याइए पनि अहिले सार्वजनिक सवारीसाधन ठप्प रहेको बताए । बजारमा बन्दकर्ता नदेखिए पनि बन्दको पूर्ण रूपमा प्रभाव देखिएको छ । सामान्यतया अटोरिक्सा, मोटरसाइकलबाहेक लामो तथा छोटो दूरीका सार्वजनिक यातायातका साधन ठप्प छन् ।

## भैँसेपाटी र खुमलटारमा डेटोनेटर बम

**ललितपुर :** खुमलटारको टुटेपानीमा रहेको नेपाल लेप्रोसी ट्रस्ट भवनको पेटीमा बम फेलापरेको समाचार प्राप्त भएको छ । उक्त घटनास्थलमा सिनामङ्गलबाट गएका क्याप्टेन अजित थापाको टोलीले बम डिस्पोज पारेको जनाइएको छ ।

त्यसैगरी भैँसेपाटीको आवास क्षेत्रनजिकै उकालो बाटोमा ६ वटा डेटोनेटर र विस्फोटक पाउडरसहितको बम फेलापरेको जानकारी प्राप्त भएको छ । उक्त बम लगनखेलस्थित राजदल गणले निस्क्रिय बनाएको छ । सोमबार बिहान ललितपुरका दुई ठाउँमा राखिएका बम निकै शक्तिशाली रहेको डिस्पोजमा खटिएका सैनिकले जनाएका छन् । एउटा डेटोनेटरले एउटा घरलाई क्षति गर्न सक्ने सेनाको भनाइ छ ।

बिहानै भैँसेपाटीमा बम डिस्पोज गरी खुमलटार आइपुगेको राजदल गणको टोलीले क्षति कम गर्नका लागि सिनामङ्गलबाट रोबोट झिकाएको समाचार छ ।

## धादिङ नौबिसे र महादेवबेसीमा बम भेटियो

नेपाल कम्युनिस्ट पार्टीले आज आह्वान गरेको बन्दको समयमा धादिङको नौबिसे र महादेवबेसीमा बम फेलापरेको समाचार प्राप्त भएको छ । बम नेपाली सेनाले डिस्पोज गरेको छ ।

## बन्दकर्ताद्वारा बसमा आगजनी

**सुर्खेत :** पूर्वी सुर्खेतमा एक यात्रुवाहक बसमा आगजनी भएको समाचार प्राप्त भएको छ । गुर्भाकोट नगरपालिका १४ को गुमीबाट छिन्चु आउँदै गरेको ना २ ख ७४४४ नम्बरको बसमा नेकपाका कार्यकर्ताले आज बिहान गोचेखोलामा आगो लगाएका हुन् ।

आगलागीबाट बस पूर्ण रूपमा क्षति भएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए । बस जेलेको ठाउँनजिकै शङ्कास्पद वस्तु फेलापरेको छ ।

## बन्दले नुवाकोट र धादिङ ठप्प, धादिङ र विदुरमा बम विस्फोट

**नुवाकोट :** नेकपाले आह्वान गरेको नेपाल बन्दका कारण जिल्लाबाट चल्ने लामो दूरीका सार्वजनिक गाडी चलेका छैनन् भने छोटो दूरीका गाडी पनि ठप्प भएको समाचार प्राप्त भएको छ ।

सबैजसो स्कुल र कलेज बन्द भएका छन् । आइतबार बन्दका लागि ठाउँठाउँमा बम विस्फोटका घटना भएको हुँदा आजको बन्दप्रति आम सर्वसमधारण त्रसित भएका छन् ।

यसैबीच विदुर नगरपालिका ५ कार्यालयनजिकै बम विस्फोट भएको छ । विस्फोटबाट कुनै मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

## व्यक्तिहत्यामा उत्रियो सरकार, प्रहरीको गोलीबाट नेकपाका कार्यकर्ताको ज्यान गयो

भोजपुरमा प्रहरीको गोली प्रहारबाट नेपाल कम्युनिस्ट पार्टी भोजपुरका नेता तीर्थराज घिमिरे 'राजु' को ज्यान गएपछि सरकारका कारण देशमा गृहयुद्धतिर जाने खतरा बढेको छ । नेकपाले आयोजना गरेका शान्तिपूर्ण कार्यक्रममा समेत प्रशासनले बल प्रयोग,गिरफतार, धरपकड बढाइरहेको बेला प्रहरीको गोलीबाट नेकपाका जिल्ला स्तरिय नेतालाई मारेर सरकार नेकपालाई थप उत्तेजित बनाउने हर्कत गरिरहेको छ । स्थानीय बासिन्दाको भनाइअनुसार मङ्गलबार दिउँसो भोजपुरको टेम्केमैयुङ गाउँपालिका २ स्थित मैयुङको धोद्रेमा बाटोमा हिँडिरहेको बेला प्रहरीले गोली बाटोमा हिँडिरहेको बेला गोली प्रहार गर्दा राजुको ज्यान गएको हो ।

नेकपामा संलग्न २५ वर्षीय राजु षडानन्द नगरपालिका २ कुदाककाउलेका बासिन्दा हुन् । प्रहरीको गोलीबाट आफ्ना कार्यकर्ताको ज्यान गएपछि आक्रोशित बनेको नेकपाले आफ्नो पार्टीका जिल्ला नेताको हत्याप्रति गम्भीर आपत्ति, खेद र प्रकट गरेको छ । सरकारले नेकपाका कार्यकर्ता र प्रहरीबीच भिडन्त भएको दावी गरे पनि नेकपा सगरमाथा ब्युरोका नेता शैलेशले प्रहरीसँग कुनै मुठभेड नभएको र बाटोमा हिँडिरहेका आफ्ना कार्यकर्तालाई नियन्त्रणमा लिएर प्रहरीले हत्या गरेको भन्दै आक्रोश व्यक्त गरेका छन् । प्रहरीले मुठभेडका क्रममा गोली लागेको भनेको छ तर नेकपा सगरमाथा ब्युरोका नेता शैलेशले आफ्ना कार्यकर्ता बाटोमा हिँडिरहेको बेला प्रहरीले नियन्त्रणमा लिएर गोली हानी मारेको हो भनेका छन् । निःशस्त्र र एक्लै हिँडिरहेको व्यक्तिसँग कसरी मुठभेड हुन्छ ? यो सरासर बनावटी कुरा हो । भोजपुरका प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाले गोली प्रहारबाट घाइते भएका राजुलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि लगिँदै गर्दा उनको बाटैमा मृत्यु भएको बताएका छन् । 'भोजपुर नगरपालिकास्थित भैँसीपर (?) को आइतबारे भीरनजिकै खसेको पहिरोले बाटो अवरुद्ध भएपछि समयमा अस्पताल पुऱ्याउन नसक्दा घिमिरेको बाटैमा मृत्यु भएको' प्रजिअ खतिवडाले सञ्चारमाध्यमलाई बताएका छन् ।

नेकपामाथि प्रतिबन्ध लगाएपछि चौतर्फी रूपमा केपी सरकारको आलोचना भइरहेको बेला सो पार्टीका नेता–कार्यकर्तालाई खोजीखोजी गिरफ्तार गर्ने, गिरफ्तारीका लागि गोली प्रहार गर्ने, यातना दिने र झुट्टा मुद्दा लगाई हिरासत तथा जेल चलान गर्ने कार्य गर्दै आएको छ । यसअघि सल्यान, कपिलवस्तुलगायत जिल्लामा पनि प्रहरीले नेकपाका नेता–कार्यकर्तालाई गिरफ्तार गर्न गोली प्रहार गरी घाइते बनाएको थियो । कपिलवस्तुमा नेकपासम्बद्ध एकजनालाई गिरफ्तार गरी शौचालयमा लगेर गोली हानेको थियो । सरकारले निःशस्त्र व्यक्तिलाई गोली प्रहारबाट ज्यान लिएदेखि अहिलेसम्म ५ जनाको ज्यान गैसकेको छ । भोजपुर हत्याकाण्डको विरोधस्वरूप नेकपाले यही १३ गते आयोजना गरेको नेपाल बन्दसम्म आउदा काठमाडौँमा चारजनाको ज्यान गैसकेको छ । सरकारले लिएको दमनकारी नीतिका कारण देश गृहयुद्धमा जानसक्ने भन्दै सर्वत्र चिन्ता व्यक्त गरिएको छ ।

सन्दर्भ : इच्छुक स्मृति र बलिदान दिवस

# नयाँ यथार्थ र कृष्ण सेन 'इच्छुक'



अशोक सुवेदी

नेकपा माओवादीको नेतृत्व र आह्वानमा २०५२ सालबाट आरम्भ भएको जनयुद्ध आफैँमा समग्र युद्ध थियो। उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्रको समग्र मुक्तिका लागि आरम्भ भएको यो युद्ध १० वर्षसम्म सशस्त्र युद्धका रूपमा जारी रह्यो भने त्यसपछिको अवधिमा पनि भिन्न ढङ्गबाट यो युद्ध जारी छ। जनयुद्धले नेपालमा सामन्ती राजतन्त्रबाट सयौं वर्षदेखि शोषित-उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनसमुदाय आफ्नो वर्गको मुक्तिका लागि सचेततापूर्वक अग्रपङ्क्तिमा लामबद्ध हुन सिकायो। १५ हजार क्रान्तिकारी नेता, देशभक्त जनता र आमजनसमुदायले आफ्नो वर्गको मुक्तिका लागि रगत बगायो। व्यक्तिगत स्वार्थ त्यागेर वर्गको मुक्तिका लागि हाँसीहाँसी रगत बगाउन तयार नेपाली जनताले जनयुद्धका क्रममा देखाएको त्याग, शौर्य र बलिदानले संसारकै वर्गसङ्घर्षको इतिहासमा अद्वितीय स्थान हासिल गरेको छ। पुरूषप्रधान सामन्ती समाज र राज्यसत्ताका अन्यायअत्याचारका हजारौं माखेसाङ्लाहरू छिनाएर नेपाली महिलाले शासकको हातको बन्दुक खोस्न युद्धमा लामबद्ध भएको, भीषण मोर्चाहरूको नेतृत्व गरेको र विजय प्राप्त गरेको गौरवशाली इतिहास जनयुद्धले कायम गरेको छ।

राज्यसत्ता, कानुन, धर्मशास्त्र र समग्र हिन्दु अतिवादी सत्ताबाट उत्पीडित दलित समुदाय, ब्राह्मणवादी सामन्ती अभिजात्यवादबाट उत्पीडित तराई मधेसका उत्पीडित जनसमुदायदेखि राज्यको दृष्टिबाट सधैं टाढा रहेका कर्णालीलगायतका दूरदराजका शोषितउत्पीडित वर्गले व्यक्तिगत स्वार्थ त्यागेर वर्गयुद्धमा हामफालेको सुन्दर इतिहास बनाएको छ जनयुद्धले। जनयुद्धका क्रममा के कर्णाली, के हिमाल, के मधेस, के महिला, के दलित, के पहाड र उपत्यका, के किसान-मजदुर र विद्यार्थी-बुद्धिजीवी सबैसबै युद्धको मोर्चामा ऊभन्दा ऊ अघि लागेर शोषणमूलक राज्यसत्तालाई आछुआछु पारेको छ। जनयुद्धमा अथाह उत्साह, त्याग, शौर्य र बलिदानका, अनन्त पीडा, दुःख र यातनाका, अद्वितीय कलात्मक युद्धका कीर्तिमानहरू कायम भएका छन्। घरभित्र चुलोचौको र पुरूषको स्वार्थमा कैद महिलाहरूले जनमुक्ति सेनामा देखाएको कौशल होस् वा तराईदेखि कर्णालीसम्मका विपन्नवर्गका किसान, मजदुर र

सर्वसाधारणले शोषकसामन्तमाथि कारबाहीमा उत्साहपूर्ण रूपमा भाग लिएर मोर्चामा सहभागिता जनाएका प्रसङ्ग हुन्, यी सबै नेपालको राजनीतिक इतिहासलाई बदल्ने परिघटनाहरू हुन्। यी परिघटनाहरूका कारण नेपालको राजनीतिमा मात्र होइन, साहित्य, कला र संस्कृतिमा पनि नयाँनयाँ यथार्थहरूको उद्घाटन भएको छ। सामन्तवादी र शोषणमूलक यथार्थ उल्ट्याएर त्याग, शौर्य र बलिदानका नवीन यथार्थहरू कायम भएका छन्। मानिसको जीवन र चेतना नै कायापलट भएका अद्वितीय उदाहरण स्थापना भएका छन्। सामूहिक चेतना र वर्गीय मुक्तिका लागि भएका अद्भुत घटनाहरूले वर्गसङ्घर्ष र साम्यवादी समाज मात्र उत्पीडितवर्गको विकल्प हो भन्ने प्रस्ट उदाहरणहरू देखिएका छन्।

वर्गयुद्धका उदात्त भावना, नवीन विचार र घटनापरिघटना समेटिएका समाजवादी यथार्थवादको उद्घाटन र स्थापना गर्ने किसिमका साहित्यका विविध विधाहरूको रचना भएको छ। जनयुद्धमा एउटै व्यक्ति कहीं योद्धा, कहीं सङ्गठक र कहीं संस्कृतिकर्मी/स्रष्टा बनेर कलम, मादल र बन्दुकको समायोजन भएको अवस्था उत्पन्न भएको छ। यस्ता कयौं नयाँ अवस्थाहरूलाई समालोचक तथा सौन्दर्यचिन्तकहरूले नयाँ यथार्थका रूपमा परिभाषा गरेका छन्। नेपालको प्रगतिवादी साहित्य, कला र सांस्कृतिक आन्दोलनमा कृष्ण सेन 'इच्छुक' जनयुद्धले उद्घाटन गरेको यही नयाँ यथार्थका वाहक थिए।

हरेक महान् मानिसको जीवन अभाव, पीडा, शोक, खुसी अथवा आरोह र अवरोहपूर्ण बाटो हुँदै अघि बढेको पाइन्छ। मानिस विचार, व्यवहार, श्रम र सीपका कारण सबै र प्रायः आफ्नो वर्गको प्रिय हुन्छ। अधिकांश शोषित-उत्पीडित जनता र सर्वहारावर्गको मुक्तिका लागि सुन्दर जीवन अर्पण गर्नेहरू नै समाजमा महान् भएका छन्। व्यक्तिगत स्वार्थ र लाभलाई तिरस्कार गरेर वर्ग र समूहका लागि, न्यायका लागि, समानता र स्वतन्त्रताका लागि जीवन अर्पण गर्नेहरू नै महान् बनेका छन्। आफ्ना लागि, आफ्नो परिवार र सीमित स्वार्थका लागि बोल्ने र काम गर्नेहरू धेरै हुन्छन्। केवल आफ्ना लागि त हरेक जीव र जन्तुले पनि यत्न गर्छ। सीमित र व्यक्तिगत स्वार्थका लागि जसले पनि सङ्घर्ष गर्छ। तर शोषणमूलक सत्ताको अत्याचार र दोहनको अन्त्य गरेर संसारका करोडौं श्रमजीवी जनताको समानतामूलक समाज निर्माण गर्न त्याग, शौर्य र इमानदारीका साथ बलिदान गर्नेहरू नै समाजका महान् मानिस हुन्। महान् हुन स्वार्थ र लालसाका सिमानाहरू काट्नुपर्छ, लोभ र पापका साङ्लाहरू चुँडाल्नुपर्छ। वैयक्तिक सुख र सुविधाका सपनाहरू मार्नुपर्छ। सामान्यबाट र बहुसङ्ख्यक श्रमजीवी र आमव्यक्तित्व निर्माणका लागि चरित्र, स्वभाव र व्यवहार पनि आफ्नो वर्गले स्वीकार्ने बन्नुपर्छ। आफ्नो वर्गका लागि विचार दिन, योजना निर्माण गर्न, गाँठाहरू फुकाउन र त्याग तथा बलिदान गर्न पनि तम्तयार र सक्षम हुनुपर्छ। संसारका कयौं मानिसहरू

विचारका कारण महान् बनेका छन् भने कतिपय मानिस कर्मका कारण। शब्द र कर्मलाई एकाकार बनाउनसक्ने मानिस मात्र महानताको मार्गमा अघि बढ्नसक्छ, नायकत्व ग्रहण गर्नसक्छ। सुन्दर व्यक्तिगत जीवनको पर्वाह नगरी आफ्नो वर्गका लागि हाँसीहाँसी बलिदान गर्ने हजारौं सहिदको सूचीमा अग्रपङ्क्तिमा आउने नाम हो- आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'। इच्छुक नेपालको जनवादी सांस्कृतिक, वैचारिक र साहित्यिक आन्दोलनका आदर्श नायक हुन्।

अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक नेपाल र यहाँका शोषित-उत्पीडित जनताको मुक्तिका लागि विगतका सङ्घर्षहरूमा क्रमभङ्ग गर्दै २०५२ साल फागुन १ गतेबाट एकीकृत नेकपा माओवादीको आह्वान र नेतृत्वमा १० वर्षसम्म सञ्चालित महान् जनयुद्धका क्रममा साहस र वीरतापूर्ण बलिदान गर्ने दसौं हजार नेपाली वीरवीराङ्गनाका अग्रपङ्क्तिमा नाम लेखाउने महान् सहिद हुन् कृष्ण सेन 'इच्छुक'। निरङ्कुशतालाई जोगाउन,

अन्यायअत्याचारको साम्राज्य कायम राख्न निर्माण गरिएका हिटलरी ग्याँस च्याम्बरहरू र तिनका संरक्षक/सञ्चालकहरूलाई ललकार्दै विशाल जनताका प्रिय कमरेड बनेका, सादा जीवन उच्च विचार, बलिदानी भाव, चट्टानी दृढता बोकेर देश र जनताको मुक्तिका भाका सुसेल्दासुसेल्दै यातनागृहहरूमा कैद गरिए पनि असत्यलाई सत्य र कालोलाई सेतो स्वीकार गर्न नमानेको अभियोगमा आततायी राज्यसत्ताबाट कायरतापूर्वक हत्या गरिएका जनताका असल र महान् सारथी हुन् कृष्ण सेन 'इच्छुक'। उनी श्रमजीवी जनता र मुक्तियोद्धाहरूका पनि आदर्श नायक हुन्। महान् जनयुद्धले स्थापना गरेको नयाँ यथार्थको अगुवा छन्।

कति मानिस सक्छन् सधैं क्रान्तिकारी विचारमा टिकिरहन ? कसले सक्छ जोगाइराख्न मालेमावादको महान् आस्था ? को सक्छ देश र जनताको मुक्ति नभएसम्म आमजनताकै पङ्क्तिमा क्रान्तिकारी विचार बचाएर निष्ठामै रहिरहन ? को सक्छ सत्ताले दिएका यातना वा दर्दनाक पीडा र चोटहरूलाई निरन्तर सहन र प्रलोभनका ललीपपहरूलाई निरन्तर घृणा र तिरस्कार गरिरहन ? तर आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' समाजको आमूल परिवर्तनका लागि व्यक्तिगत स्वार्थ र सुखसुविधाहरू त्यागेर आततायी सत्ताहरूलाई ललकार्दै तिनका विरूद्ध निरन्तर जुधिरहे। चाहे जेलका काला कोठरी होऊन् वा फलामका नेल र हतकडी ? चाहे राज्यआतङ्कका डरलाग्दा पलहरू होऊन् वा पार्टीराजनीतिको आन्तरिक जीवनका अन्तरसङ्घर्षका क्षणहरू, कृष्ण सेन 'इच्छुक' का लागि ती सबै सहज र सामान्य बने। उनले जनयुद्धले निर्माण गरेको जवीन र मृत्युको नयाँ परिभाषामा अर्को उचाइ थपे। समाजका लागि, आफ्नो वर्गका लागि र विश्वसर्वहारावर्गको मुक्तिका लागि इच्छुकले आफ्नो जीवन बलिदान गरेर नयाँ परिभाषा र परिचय कायम गरे।

अधिकांश ग्रामीण र विपन्नवर्गीय नेपालीहरू रोजगारीका लागि भौंतारिँदै पहाडबाट तराई, सहर र खुला सीमा रहेको मुलुक भारतका विभिन्न सहरमा जाने गरेका छन्। यो क्रम लामो समयदेखि जारी छ। पश्चिम नेपालको प्युठानको साराङकोटबाट कृष्ण सेन 'इच्छुक' का बुबा यमबहादुर सेन पनि कामको खोजीमा भारतको देहरादुन पुगे र भारतीय सेनामा जागिरे बने। कयौं नेपालीहरू त्यहाँ आफ्नो अस्तित्व नै मेटिने गरी दुःख र कष्टसाथ श्रममा सामेल भएका हुन्छन्, भइरहेका छन्। त्यो उनीहरूको विवशता र बाध्यता पनि हो। उद्योगव्यवसायको कमी, खेतीकिसानीमा घट्दै गएको उत्पादनअवस्था, राज्यसत्तामा

जनविरोधी शक्तिहरूको नियन्त्रण र कब्जाका कारण नेपाली श्रमिकहरू गाउँ छोड्न बाध्य बनेका छन्। कतिपय श्रमिकहरू आफ्नो जन्मभूमिलाई छोडेरै पलायन हुने गरेका छन् भने कतिपय श्रमिक ऋणधन गरेर बाहिर जाने र कमाएर फर्कने लालसा बोकेर मुग्लानिन्छन्। इच्छुकका बुबा पनि आफ्नो पुर्ख्यौली थलोबाट लाहुरेका रूपमा भारत पुगे।

भारतकै देहरादूनमा २०१३ साल कात्तिक १३ यमकुमारी सेनको कोखबाट कृष्ण सेनको जन्म हुन्छ। उनी श्रमिक नेपालीहरूकै बीचमा हुर्कन, हिँड्न र बोल्न सिक्छन्। बाबुको जागिर गोरखपुर सरूवा भएपछि त्यहींको सरकारी विद्यालयमा भर्ना भएर पढ्न थाल्छन् उनी।

भारतका सहर र गल्लीहरूमा अत्यन्त निम्न कोटीको श्रममा लाउनखान मुस्किल हुने तलब वा ज्याला लिएर काम गरिरहेका नेपालीहरूमाथि भारतीय साहूमहाजन र कम्पनीहरूबाट हुने गरेको अन्यायअत्याचार बालक कृष्ण सेनले आफ्नै आँखाले देखे, सुने र भोगे पनि। नेपालीहरूको दयनीय जीवन देखेर उनको बालकमन चिन्तित भयो। नेपालीहरूमाथि भएको शोषण र दोहनप्रति उनको बालपन आक्रोशित पनि बन्दै गयो। एउटा बालकमा देशबासीहरूको कष्टपूर्ण जीवनले गहिरो छाप पाऱ्यो। उनलाई नेपालीहरूमाथि भएको चरम शोषण-दमन सहेर अर्काको देशमा अपमान सहेर बस्नु उचित लागिरहेको थिएन। त्यसैले उनी बाबुसँगै २०१९ सालमा स्वदेश फर्किएर यहींको विद्यालयमा भर्ना भए। २०१९ सालमा पुर्ख्यौली थलो प्युठान फर्किएपछि उनकी ममतामयी आमाको निधन भयो। बाबु यमबहादुरले कृष्ण सेनको मातृवात्सल्य खोसिएकै वर्ष अर्को बिहे गरे। एकातिर मातृवियोगको पीडा र अर्कोतिर सौतेनी आमाको निम्नकोटीको व्यवहार, यसले बालक कृष्ण सेनको चहऱ्याइरहेको आलो घाउमा नुनचुक बन्न पुग्यो। उनीमाथि अर्को बज्र पऱ्यो। कृष्ण सेनको जीवनमा एकैसाथ पीडा, वेदना र दुःखको आँधीबेहरी सुरू भयो। आफ्नी आमाले दिने स्नेह सौतेनी आमाले दिनसक्ने कुरै भएन, तिनकै कारण उल्टै कृष्ण सेनले विक्षिप्त बन्नुपर्ने अवस्था उत्पन्न भयो। त्यसपछि कृष्ण सेन दाङ देउखुरीको आदर्श माविमा भर्ना भए र आठ कक्षासम्मको पढाइ पूरा गरे।

माध्यमिक शिक्षाका लागि कृष्ण सेन दाङको सरस्वती हाईस्कुलमा भरे। १९ वर्षको उमेरमा २०३२ सालमा कृष्ण सेनले दोस्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरे। आर्थिक अभावकै कारण एसएलसीपछि दुई वर्षसम्म उनको क्याम्पस जीवन (उच्चशिक्षा) सुरू हुन सकेन। उनी दाङको कोइलाबासस्थित साल्ट ट्रेडिङ कार्यालयमा अस्थायी खरिदार पदमा जागिरे भए। भ्रष्टाचार र कमिसनमा डुबेको साल्ट ट्रेडिङमा उनको आदर्श र जीवनबीच मेल खान सकेन। उनले अनैतिकता अस्वीकार्य छ भन्दै जागिरबाट राजीनामा दिए।

संवेदनशील किशोर इच्छुकमा सिर्जनाप्रतिको रूचि र भोक जाग्न थालिसकेको थियो। उनी अध्ययनका साथसाथै नेपाल र नेपालीलाई देशभित्रै र बाहिर पनि यति शोषित, दमित र अपमानित बनाउने कारक के हो र को हो भन्ने खोजीमा लागे। उनले प्रगतिशील र प्रगतिवादी राजनीति र साहित्यका पुस्तक तथा पत्रिकाहरू पढे। राजनीतिक पार्टीका नेताहरूलाई भेटे। तिनका कुरा सुने। उनलाई संसारकै श्रमजीवी मजदुर हरूको मुक्तिका लागि लड्ने सर्वहारावर्गीय विचार मन पर्न थाल्यो। उनी कम्युनिस्ट पार्टीका नेताहरूको नजिक पुगे। उनमा उच्चशिक्षा अध्ययन गर्ने भोक जागिरहेको थियो। त्यसैले उनी आईए तहको अध्ययनका लागि बनारसतिर लागे। त्यहाँ उनले कम्युनिस्ट आन्दोलनमा लागेर निर्वासित जीवन बिताइरहेका धेरै मानिसलाई भेटे। विशेषगरी निर्मल लामासँगको सङ्गतले उनलाई कम्युनिस्ट पार्टीप्रति आकर्षित गरायो।

उनले त्यहीं अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका नेता तथा दार्शनिक मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओत्सेतुङ, क्यस्ट्रो, चे ग्वे भारालगायतको जीवनी र तिनका दर्शन तथा विचारको अध्ययन गरे। त्यसले कुष्ण सेनलाई प्रभावित पार्न थाल्यो। उनी चारु मजुमदार र चियाङ चिङको जीवनीबाट प्रभावित हुन थाले। जेनी मार्क्स र ऋुप्सकायाको प्रेरणाले उनलाई खिच्न थाल्यो।

अन्तर्राष्ट्रिय सर्वहारावादी दर्शन, विचार, राजनीतिसँगै कृष्ण सेन गोर्की र लु सुनका पुस्तकका माध्यमबाट प्रगतिवादी साहित्यतिर पनि डोहोरिए। आफ्नै देशका कृष्णलाल अधिकारी, गोपालप्रसाद रिमाल, भूपी शेरचन र युद्धप्रसाद मिश्रका रचनाहरूले पनि कृष्ण सेनलाई प्रभावित बनाउन थाल्यो। नेपालमा रहूदा उनी तत्कालीन नेकपा मसालको सम्पर्कमा थिए। दाङमा छँदै उनले आफ्ना भावनाहरूलाई सिर्जनामा रूपान्तरण गर्ने अभ्यास थालिसकेका थिए। उनले दाङमा छँदै कविता लेख्न पनि सुरू गरिसकेका थिए। उनी निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध सङ्घर्षरत विद्यार्थी सङ्गठनमा आबद्ध भए। देशभरका क्रन्तिकारी विद्यार्थी नेता र कार्यकर्तासँगको सम्पर्कले उनलाई देशभरका किसान, मजदुर र विभिन्न क्षेत्रका जाति-जनजातिको राजनीतिक, आर्थिक, सांस्कृतिक र समग्र सामाजिक अवस्था बुझ्न सहयोग पुऱ्यायो।

यता देशभित्र छँदा पनि नेपालीको अवस्था कमजोर बनेको देख्नु, उता भारत पुगेका नेपालीको अवस्था पनि अत्यन्त दयनीय पाउनु, देशका विभिन्न भागमा सञ्चालित किसान, मजदुर, महिला र राजनीतिक पार्टीले गरेका आन्दोलन निर्ममतापूर्वक दबाइनु, आफ्नै परिवारको आर्थिक अवस्था पनि दिनप्रतिदिन कमजोर बन्दै जानुले किशोरबाट युवा अवस्थामा लागेका कृष्ण सेनको मन आहत र आक्रोशित बन्दै गयो।

कम्युनिस्ट आन्दोलन र राजनीतिप्रति झुकाव राख्दै, आन्दोलित बन्दै र अध्ययन तथा जीविकोपार्जनलाई पनि साथसाथै अघि बढाएका कृष्ण सेनको सबैभन्दा पहिलो प्रकाशित कविता २०३२ सालको मातृभूमि साप्ताहिकको 'भोलिप्रति' हो। त्यही कविताबाट उनी कृष्ण सेनबाट कृष्णबहादुर सेन 'इच्छुक' बने। उनले केही पछि कृष्ण सेन 'इच्छुक' मात्र लेख्न थाले।

बनारसबाट उनी नेपाल फर्किए। त्यसपछि विभिन्न पत्रपत्रिकामा उनका फुटकर कविताहरू प्रकाशित हुन थाले। कृष्ण सेनले आफू दाङको लालमटिया र त्यसआसपासका स्कुलमा अध्यापन गर्दा त्यहाँको साहित्यिक वातावरणबाट प्रभावित भएर कविता लेख्न सुरू गरेको र आफूलाई साहित्यमा आकर्षित गर्ने प्रेरक व्यक्तित्वचाहिँदाङकै साहित्यकार तथा पत्रकार नारायण शर्मा रहेको बताएका छन्।

कृष्ण सेनको सक्रिय राजनीतिक जीवन भने ०३६ सालको जनमतसङ्ग्रहबाट आरम्भ भएको पाइन्छ। २०३६-०३७ सालमा तत्कालीन नेकपा एकीकृत चौथो महाधिवेशनमा आबद्ध कृष्ण सेन 'इच्छुक' जनमतसङ्ग्रहमा बहुदललाई षड्यन्त्रपूर्वक हराएर निर्दलीय पञ्चायती व्यवस्थालाई जिताइएको घोषणापछि पञ्चायतले घोषणा गरेको २०३८ सालको निर्दलीय चुनावको बहिस्कार गर्ने पार्टी निर्णयलाई सक्रियतासाथ कार्यान्वयन गर्न कार्यक्षेत्रमा खटे।

रोल्पाको थबाङ र अर्घाको ढाकाबाङमा निर्दलीय चुनाव पूर्णरूपमा बहिस्कृत भयो। कयौं बुथहरूमा एक मत पनि परेन। निरङ्कुश पञ्चायती व्यवस्थाका शोषण र दमनहरूका विरूद्ध जुझारू प्रतिरोधमा उत्रिएको थबाङ र थबाङबासीको चट्टानी दृढताले संवेदनशील कविहृदय र देश एवं जनताप्रति जिम्मेवारीबोध भएका कृष्ण सेन 'इच्छुक'ले २०३८ सालमै 'त्यो प्यारो-प्यारो गाउँको नाम थबाङ हो' शीर्षकमा अत्यन्त प्रभावशाली र मार्मिक कविता लेखे। त्यो कविता ऋषिराज बरालद्वारा सम्पादित 'त्रिकोण' साहित्यिक त्रैमासिकको तेस्रो अङ्कमा २०३८ सालमै प्रकाशित भयो। साहित्यकार कृष्ण सेनलाई कृष्ण सेन 'इच्छुक' बनाउने र कविका रूपमा स्थापित गर्ने काम यसै कविताले गऱ्यो। त्यो 'त्यो प्यारो-प्यारो गाउँको नाम थबाङ हो' शीर्षक कविताको एउटा अंश यस्तो थियो :

ती प्यारा-प्यारा हिमाली मान्छे
त्यो प्यारो-प्यारो नेपाली बस्तीको नाम थबाङ हो
थबाङ, जो आज पनि
उत्तरतिर टल्किने निर्मल स्फटिक हिमालजस्तै
मीठो मुस्कान मुस्कुराइरहेछ।
थबाङ, जो आज पनि
त्यही हिमालपल्तिर
ऐतिहासिक चिङ काङ सानजस्तै
गैरवको हाँसो हाँसिरहेछ।
(त्रिकोण साहित्यिक त्रैमासिक, २०३८)

निर्दलीय पञ्चायती व्यवस्थाको चुनाव बहिस्कारकै विषयलाई लिएर तत्कालीन सरकारले विद्यार्थीनेता एवं कवि कृष्ण सेन 'इच्छुक' लाई कायरतापूर्वक गिरफ्तार गऱ्यो र दाङ कारागारमा बन्दी बनायो। उनलाई २०३९ साल वैशाख ११ गतेबाट २०४४ साल असार ३० गतेसम्म जेलमा बन्दी बनाइयो। उनी जेलमा हुँदै उनका विद्यार्थी राजनीतिक आन्दोलनका प्रिय मित्र मित्रमणि आचार्याको चितवन रामपुर क्याम्पसमा २०४२ साल वैशाख १८ गते नेविसङ्घका गुन्डाहरूबाट निर्ममतापूर्वक हत्या गरियो। मित्रवियोगको पीडाले चिन्तित कृष्ण सेन 'इच्छुक' ले जेलभित्रै सहिद साथीको स्मरणमा 'शोकाञ्जली' काव्य रचना गरे। विविध कारणले उक्त काव्यको प्रकाशन भने २०४८ सालमा आएर मात्र सम्भव भयो। 'शोकाञ्जली' मा आफ्नो प्रिय मित्रको हत्याले उब्जाएको शोक, व्याकुलता र त्यो शोकलाई शक्तिमा रूपान्तरण गर्ने प्रगतिवादी दृष्टिकोणका भरपर्दा उदाहरणका रूपमा निम्न पङ्क्तिहरूलाई लिनु उचित हुनेछ :

शोक
के सोधौं ! शीत रोइरहेको छ
उजेलोमा हेर्छु दिन रोइरहेको छ
फूल रोइरहेको छ, कली रोइरहेको छ
कोसित मैले के सोधौं र खोइ ? यसघडी
जता हेर्छु सारा प्रकृति रोइरहेको छ।
(पृ. १)

अर्को उदाहरण :
मेरो कविताका प्रिय पाठक तिमी
अब ती कविताहरू पढिदिने तिमी नै हुनेछैनौ
मेरो गीतका प्रथम गायक तिमी
अब ती गीतहरू गाइदिने तिमी नै हुनेछैनौ
मेरो जीवनको अमीट प्रेरणा तिमी
अब मभित्र उत्साहहरू भरिदिने तिमी नै हुनेछैनौ।
(पृ. ११)

इच्छुक मित्रवियोगको पीडाले आहत मात्र हुँदैनन्। उनीभित्र कष्टसाध्य पलहरूपछि सुन्दर बिहान र सुखी संसार प्राप्त हुन्छ भन्ने क्रान्तिकारी आशावाद पनि प्रस्ट पाइन्छ। वर्गयुद्धको लामो र कष्टपूर्ण यात्रामा सयौं-हजारौं योद्धाहरूले जीवन गुमाउनुपर्ने यथार्थ कवि इच्छुकलाई बोध भएको छ। उनी लेख्छन् :

आँसुले पग्लेर तप्केको बलेनीजस्तै
क्षणभर प्रबल संवेदनाले चरक्क छाती चर्क्यो
र म रोएँ
हरपल भावुकताले मलाई थिचिरहनेछैन
यो रक्तिम युद्ध हो वर्गसङ्घर्षको
हाम्रो विकट जिन्दगीका हरसङ्कटपूर्ण घडीमा
यो कठोर वास्तविक्तालाई भुल्नेछैन
(पृ.१८)

वर्गयुद्धमा वर्गमित्र र योद्धाको बलिदानी एकातिर शोक, पीडा र करूणाको विषय बन्छ भने अर्कोतिर त्यही विषय उदात्त भाव र शक्तिमा रूपान्तरित हुन्छ। कवि इच्छुकको 'शोकाञ्जली' काव्यका यी दुई प्रसङ्गले क्रान्तिकारीहरू कसरी शोकलाई शक्तिमा र प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरित गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्छन्।

स्पातजस्तै तिम्रो दरिलो हातलाई मुठ्ठीमा कसेर
अब म गरमजोशीका साथ
फेरि तिम्रो अभिवादन गर्न सक्नेछैन।
भेट हुँदाको प्रिय घडीमा
गहिरो आत्मीयताले डोरिएर
पहिलेजस्तै फेरि तिमीलाई
अब म बलियो अँगालोमा कस्न सक्नेछैन
(पृ. ९)

क्रान्तिनायकको बलिदानीको पीडा र त्यो पीडाले जन्माएको आहतपनलाई इच्छुकले फेरि समालिएर शक्ति र बदलाभावमा, क्राान्तिको ऊर्जामा यसरी रूपान्तरण गरेका छन् :

ए ! मेरो प्रिय सखा !!
तिम्रो सुन्दर सपनाको रमणीय बगैंचामा
सुखद विपनाका फूलहरू नफुलेसम्म
तिम्रो सम्मानमा यही नै साँचो श्रद्धाञ्जली हुनेछ
यो रक्तिम युद्धको निर्मम सङ्घर्षमा लड्दालड्दै
निराशाको मझेरीबाट
आँसुका शोकाञ्जली नचढाऊन् कोही
(पृ. ३४)

क्रान्तिको मोर्चामा दृढतापूर्वक लड्दालड्दै बलिदान हुने योद्धालाई आँसुले होइन, रगतले श्रद्धाञ्जली चढाउनुपर्छ र उसका सपना साकार पार्न उसले रोजेको बाटोमा निरन्तर लागिरहनुपर्छ भन्ने भाव यस काव्यले पस्किएको छ।

२०४४ साल असार ३० गते जेलमुक्त भएपछि कृष्ण सेन 'इच्छुक' फेरि राजनीतिको बाहिरी मोर्चामा लामबद्ध भए र उनलाई अनेरास्ववियु छैटौंको संयोजकको भूमिका दिइयो। त्यतिबेलासम्म नेकपा एकीकृत चौम तीन चिरामा विभक्त भइसकेको थियो। चौम र मसालले मध्यपन्थी एवं ट्राटस्कीपन्थी विचारको नेतृत्व गर्थे भने नेकपा (मशाल) ले क्रान्तिकारी विचारको। कृष्ण सेन पनि क्रान्तिकारी विचारकै पक्षमा थिए। उनकै नेतृत्वमा अनेरास्ववियु छैटौंको सम्मेलन सम्पन्न भयो। दृढ विचार र अविचल निष्ठाका धनी कृष्ण सेनको नेतृत्वमा विद्यार्थीआन्दोलन जुरूक्कै उठ्यो। २०४६ सालको पञ्चायती व्यवस्था र राजतन्त्रविरोधी आन्दोलनमा कृष्ण सेन 'इच्छुक' ले राजनीतिक, सांस्कृतिक तथा साहित्यिक तीनवटै क्षेत्रबाट हस्तक्षेपकारी भूमिका निर्वाह गरे।

जनआन्दोलन सम्झौतामा टुङ्ग्याइयो। पञ्चायती व्यवस्थाको अन्त्य भए पनि सामन्ती राजतन्त्रको अझै अन्त्य हुन सकेन। क्रान्तिकारी कम्युनिस्टहरूले २०४६ सालको संविधानलाई कालो संविधानको संज्ञा दिँदै जलाए।

क्रान्तिकारी आन्दोलन अर्कै तयारीका लागि देशभर सङ्गठन विस्तार र चेतनाप्रवाहमा लाग्यो। कृष्ण सेन 'इच्छुक' पश्चिमका मोर्चाहरूमा खटिए। वरिष्ठ क्रान्तिकारी नेता एवं मार्क्सवादी सौन्दर्यचिन्तक मोहन वैद्य 'किरणको' सामीप्य र सहकार्यले कृष्ण सेन 'इच्छुक' राप्तीका पहाडदेखि उपत्यका र फेदीसम्म जनप्रिय राजनेताका रूपमा स्थापित बने। उनको लालित्यपूर्ण भाषणकलाले मानिसलाई क्रान्तिकारी आन्दोलनप्रति एकैसाथ हामफाल्न सक्ने विचार र उचाइ दियो।

बहुदलीय-संसदीय व्यवस्था श्रमजीवी सर्वहारावर्गका लागि उपयुक्त छैन र यसको विल्प जनयुद्ध नै हो भन्ने कुरा आमजनतालाई बुझाउन निकै कठिन थियो किनकि ३० वर्षसम्मको निरङ्कुश पञ्चायती व्यवस्थाको कहर काटेका जनता २०४६ सालको जनआन्दोलनपछिको आंशिक खुलापनलाई नै के-के न हातलागेको ठानिरहेका थिए। संसद्वादीहरूले संसाभर असफल र बदनाम बन्दै गएको बहुदलीय व्यवस्थालाई 'रामराज्यु का रूपमा व्याख्या गरेकाले पनि जनतामा भ्रम बाँकी नै थियो।

यसैबीच, छरिएर रहेका क्रान्तिकारी कम्युनिस्ट शक्तिहरूबीच ध्रुवीकरणको प्रक्रिया सुरू भयो। प्रचण्ड र मोहन वैद्य 'किरण' हरूले नेतृत्व गरेको नेकपा (मशाल), निर्मल लामाले नेतृत्व गरेको नेकपा चौथो महाधिवेशन, मोहनविक्रम सिंहको नेकपा (मसाल) बाट विद्रोह गरी हरिबोल गजुरेल 'शीतलकुमार' को नेतृत्वमा बाबुराम भट्टराईहरूसहित रहेको नेकपा (मसाल) र रूपलाल विश्वकर्मालगायतले नेतृत्व गरेको सर्वाहारावादी श्रमिक सङ्गठनबीच पार्टी एकता भएर नेकपा एकताकेन्द्र बन्यो। कृष्ण सेन 'इच्छुक' पार्टी एकता महाधिवेशनमा राप्ती क्षेत्रको प्रतिनिधि भएर सहभागी भए। कृष्ण सेन 'इच्छुक' लाई पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीका लागि आह्वान गरियो तर उनले सांस्कृतिक र साहित्यिक मोर्चामा बढी सक्रिय भएर आन्दोलनको नेतृत्व गर्ने प्रतिबद्धता व्यक्त गरे। खुला संयुक्त मोर्चाका रूपमा संयुक्त जनमोर्चा नेपालको गठन भयो। इच्छुकलाई संजमो नेपालको केन्द्रीय सदस्यको जिम्मा दिइयो।

निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, सामन्ती राजतन्त्रको अन्त्य, जनवादी गणतन्त्रको स्थापना गर्दै समाजवाद र साम्यवादको सपना देखेर क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा लामबद्ध भएका राजनेता, प्रगतिवादी स्रष्टा, संस्कृतिकर्मी कृष्ण सेन 'इच्छुक' लाई राजतन्त्रको अन्त्य नहुँदै आन्दोलन सम्झौतामा टुङ्ग्याइएकोमा चित्त बुझिरहेको थिएन। निरङ्कुश व्यवस्थाका विरूद्ध र समानतामूलक समाजको निर्माणका लागि जारी कम्युनिस्ट आन्दोलन बहुदलीय व्यवस्थाको रमझम र दलदलमा फस्ने हो कि भन्ने चिन्ताले इच्छुकलाई धेरै नै सताइरह्यो। उनले २०४६ सालमा लेखेको 'इतिहासको यस घडीमा' शीर्षक कविताले उक्त कुराको आभास दिन्छ :

ए, मेरो युगको तरूण नायक !
यसबेला मैले कविता लेखूँ-नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधीबेहरीमय महायात्रा भने रोकिनु हुन्न
इतिहासको यो सङ्क्रमणकालीन घडीमा
भोको पेटका यी उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाना पस्किरहेछ भद्रपुर
तिमी भने झुक्किनु हुन्न।
(इतिहासको यस घडीमा, पृ. ५३)

यस कवितामा इच्छुकले नक्सलबाडी विद्रोहबाट प्रभावित भएर क्रान्तिकारी आन्दोलनतिर लहसिएकाहरू पनि बहुदलीय रमझममा फसेको कुराको तीखो यथार्थ व्यक्त गरेका छन्। बहुदलले खाना होइन, भोको पेट मात्र दिएको तीतो यथार्थ पस्कँदै कवि इच्छुकले उर्जस्वी, मुक्तिकामी चेतनाहरूलाई रोक्न नसकिने र त्यो नयाँ चेतनाले आमूल परिवर्तनका लागि सञ्चालित वर्गयुद्धका क्रममा बीचमा आइपर्ने जस्तासुकै षड्यन्त्रहरूलाई चिरेर अघि बढ्नुपर्ने तथ्य अघिसारेका छन्।

मुक्तिका लागि निरन्तर क्रान्तिमा समर्पित सांस्कृतिक योद्धा इच्छुकको नेतृत्वमा अखिल नेपाल राष्ट्रिय जनसाँस्कृतिक सङ्घ, एकता संयोजन समिति (पछि अखिल नेपाल जनसांस्कृतिक सङ्घ) को पुनर्गठन गरियो। समितिमा ऋषिराज बराल, मणि थापा, हितमान शाक्य, रायनलगायतका १६/१७ जना संस्कृतिकर्मी लामबद्ध भए। यति बेलासम्म चारवटा पार्टी मिलेर नेकपा एकताकेन्द्रको निर्माण भइरहेको थियो।

संजमो नेपालको नामबाट २०४८ सालको संसदीय निर्वाचन उपयोग गर्ने, संसदीय व्यवस्थालाई भित्रै पसेर नाङ्गेझार पार्ने र विस्फोट गर्ने निर्णयसँगै नेकपा एकताकेन्द्रको नेतृत्वमा संजमोले चुनावमा भाग लियो। जनमोर्चाका तर्फबाट देशका विभिन्न भागबाट ९ जना सांसद चुनिए। रोल्पा, रूकुममा पञ्च-काङ्ग्रेसहरूको भ्रम चिर्दै संजमोले जनताको मन जितेपछि नेपाली काङ्ग्रेसको सरकारले कम्युनिस्ट दमन गर्ने अभियान नै चलायो। सरकारी दमनका विरूद्ध प्रतिरोध भयो। युवाहरू क्रान्तिकारी विचार र सङ्गठनमा गोलबन्द भए। यद्यपि निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध लडेर थबाङले शक्तिशाली प्रतिरोधी मोर्चाको स्थान सुरक्षित बनाइसकेको थियो।

यसैक्रममा २०४८ सालमा कृष्ण सेन 'इच्छुक' स्टाफ नर्स अध्ययन गर्दै गरेकी दाङकै तक्मा केसीका बीच जनवादी शैलीमा प्रेमविवाह सम्पन्न भयो। तक्मा केसीका दाजु चुनचुन केसी र इच्छुक पहिलेदेखिकै साथी थिए। दुवै विद्यार्थी राजनीतिमा सक्रिय थिए। दाजुसँग ओहोरदोहोर गर्ने इच्छुकको आनीबानी र बोलीचालीबाट प्रभावित तक्मालाई २०४५ सालमा नै विवाहका लागि प्रस्ताव गरिएको थियो। तक्माका बुबाआमाको अस्वीकृतिका कारण तीन वर्षसम्म इच्छुक र तक्माका बीच विवाह हुन सकेन, कहिलेकहीं भेटघाट मात्र भयो। अन्ततः २०४८ सालमा पारिवारिक असहमति र अस्वीकृतिहरूलाई विश्वासमा रूपान्तरण गर्दै इच्छुक र तक्माबीच दाङमा वैवाहिक सम्बन्ध गाँसियो।

नर्सिङ विषय लिएर नेपालगन्जमा अध्ययनरत तक्मा र काठमाडौंमा राजनीतिक, साहित्यिक, सांस्कृतिक क्रियाकलापमा संलग्न इच्छुकका बीच भौतिक सामीप्य कमै भए पनि दुवैले एकापसको सम्बन्धलाई भावनात्मक सम्बन्धमा विकास गरे। २०४८ सालमा विवाह हुनासाथ पार्टीले केन्द्रीय समितिको जिम्मेवारी लिन गरेको प्रस्ताव इच्छुकले जीवनसूगिनी तक्मालाई सुनाएका थिए। राजनीति, संस्कृति र साहित्यका क्षेत्रमा क्रियाशील इच्छुक पूर्ण रूपमा पार्टीको नेतृत्व समालेर हिँड्ने कुरामा तक्मा र इच्छुकका बीच एउटै निर्णय र सहमति हुन नसकेपछि इच्छुकले साहित्य र संस्कृतिकै जिम्मा समालेर बस्ने दृढता व्यक्त गर्दै पार्टीको आह्वानलाई सम्मानपूर्वक फिर्ता गरिदिए। उनले आफू पदको लालसी नभएको पनि प्रमाणित गरिदिए।

पार्टीले संसदीय व्यवस्था उपयोग गर्दै चुनावमा भाग लिए पनि देश र जनताका पक्षमा कुनै काम हुन नसकेपछि एकताकेन्द्रभित्र पनि राजनीतिक विचार, योजना र कार्यक्रमका विषयमा मतभेद उत्पन्न हुन थाल्यो। दीर्घकालीन सशस्त्र जनयुद्धका पक्षधर र सहरी सङ्घर्षका पक्षधरबीच ध्रुवीकरण बढ्दै गयो। पुनः पार्टी विभाजन भयो। क्रान्तिकारी धारको नेतृत्व प्रचण्ड, मोहन वैद्य किरण, सीपी गजुरेल गौरवलगायतका नेताले गरे भने पलायनवादी-संशोधनवादी धारको नेतृत्व निर्मल लामाहरूले गरे। नेकपा माओवादी र एकताकेन्द्रका रूपमा पुनः पार्टी विभाजन भयो। कृष्ण सेन 'इच्छुक' ले पार्टीको क्रान्तिकारी लाइनलाई नै साथ दिए। सशस्त्र जनयुद्धको लाइन पारित गरेपछि माओवादीको

बाँकी पृष्ठ ७ मा

# नयाँ यथार्थ ...

नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट देशमा जनयुद्ध सुरू भयो । संसदीय व्यवस्थाको असफलता, महाकाली सन्धिलगायतका राष्ट्रघाती सन्धि, सांसद् किनबेच, सुत्केरी भत्ता, पजेरो अपसंस्कृतिलगायतका विकृति र विसङ्गतिबाट वाक्कब्याक्क भएका जनता जनयुद्धमा लामबद्ध हुँदै गए। सामन्ती राजतन्त्रको अन्त्य, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार तथा राष्ट्रियताको रक्षा जनयुद्धका आधारहरू बने । माओवादीका माग आमजनताबाट अनुमोदित भए। राज्यले माग सुन्ने र पूरा गर्ने त परै जाओस्, राज्यले जनयुद्ध सञ्चालक नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूमाथि निर्मम दमन गर्न थाल्यो । गोरखामा १३ वर्षीय छात्र दिलबहादुर रम्तेलको हत्या, रूकुममा खत्री बन्धुहरूको सामूहिक हत्या, सिन्धुलीमा देवकोटा र दाहाल बन्धुहरूको निर्मम हत्या, लली रोका र कमला बुढाहरूमाथिको निर्मम हत्या हुँदै नेपाली काङ्ग्रेस तथा कम्युनिस्ट नामधारी एमालेका सरकारहरूले आफ्नो वर्गचरित्र प्रस्ट देखाउन थाले । संसदीय राज्यसत्ताले मुक्तिको यात्रामा लामबद्ध किसान, मजदुर, महिला, विद्यार्थी र क्रमशः आमजनतामाथि किलो सेरा टु, कर्डन एन्ड सर्चलगायतका हत्याअभियान नै सञ्चालन गर्‍यो। के हिमाल, के पहाड, के तराई, के दलित, के महिला, के बुद्धिजीवी, पत्रकार, के कर्णाली सबैसबै वर्ग र क्षेत्र निरङ्कुश राजतन्त्रामक संसदीय व्यवस्थाका विरूद्ध एकजुट हुँदै र समाजका शोषक-जालीफटाहाका विरूद्ध गोलबन्द हुँदै गए। राज्यको दमनअभियान चर्किंदै गयो।

२०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा सांस्कृतिक कार्यक्रमको तयारी गर्न एउटा घरमा भेला भएका च्याङ्बा लामालगायतका सातजना जनकलाकारहरूमाथि एमाले नेताको सुराकीमा राज्यले नृशंस व्यवहार गर्‍यो। उनीहरू बसेको घरमा आगो लगाएर कतिपयलाई जिउँदै र ढोकाबाट घेरा तोड्न र बच्न बाहिर निस्किन लागेकाहरूलाई गोली हानेर हत्या गर्‍यो । मानिसको लेख्ने, बोल्न, गाउन, नाच्न, सभा-सङ्गठन गर्न र आफूलाई मन नपरेका कुराहरूको विरोध गर्न पाउने हकमाथि राज्यले प्रतिबन्ध लगायो। २०५५ साल पुस २१ गते बेथान वीरता दिवसका अवसरमा माओवादी छापामारहरूले ललितपुरको भट्टेडाँडा प्रहरीचौकी कब्जा गरे । चौकी जल्दै गरेको तस्बिर र समाचारलाई कृष्ण सेन 'इच्छुक' ले आफू सम्पादक भएको पत्रिका जनादेशमा भट्टेडाँडा 'प्रहरीचौकीमाथि साहसिक आक्रमण' शीर्षकमा प्रकाशित गरे। त्यसैको बहाना बनाएर जनपक्षीय पत्रकार सङ्घका संयोजक, जनादेशका पूर्वसम्पादक एवं तत्कालीन सल्लाहकार वरिष्ठ पत्रकार शक्ति लम्साल, नौलो बिहानी मासिकका सम्पादक समेत रहेका जनादेशका सहयोगी एवं जनपक्षीय पत्रकार सङ्घका सचिव अशोक सुवेदी (यो लेखक), महिमा साप्ताहिकका रेवती सापकोटालगायतका जनपक्षीय पत्रकारलाई राजधानीको मुटु बागबजारस्थित जनादेश साप्ताहिकको कार्यालयबाट गिरफ्तार गरियो। कसैलाई जेल पठाइयो भने कसैलाई बेपत्ता पारियो। इच्छुकले भूमिगत रूपमै जनादेश सञ्चालन गरे।

यसरी राज्यले क्रान्तिकारी पार्टीका नेता, कार्यकर्ता र शुभचिन्तकदेखि आमजनतामाथि लगाएको प्रतिबन्धका विरूद्ध इच्छुकले 'प्रतिबन्ध' कविता लेखे :

तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुम र उत्पीडन सुरू गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र, सत्यलाई कैद गर
तर ए, तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरूद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौं.....
अन्तिम जित हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक् र अविचल
अन्तिम युद्ध लडिरहन्छौ।
(इतिहासको यस घडीमा, पृ. ७२)

अत्याचारी शासकका विरूद्ध तिनैले समातेको हतियार खोसेर उत्पीडित जनताले तिनकै विरूद्ध प्रहार गरेको क्षण नेपालको राजनीतिक मात्र नभएर सांस्कृतिक इतिहासमा पनि अत्यन्त उच्च र उदात्त अनि बलिदानी र शौर्यचेतनाले भरिएको युग हो । कृष्ण सेन 'इच्छुक' ले जनयुद्धमा लामबद्ध योद्धा, महिला, किसान, ज्यामी, भरिया, तमाम शोषित, उत्पीडित जनताको शौर्यलाई आफ्ना सिर्जनामा अत्यन्त महत्त्व दिएर चर्चा गरेका छन् । 'इतिहासको यस घडीमा' शीर्षकको इच्छुकको कवितासङ्ग्रहका अधिकांश कविता इतिहास बदल्ने र नयाँ इतिहास लेख्ने वर्गयुद्धमा लामबद्ध जनताका तिनै विवेक, साहस, शौर्य र बलिदानप्रति समर्पित छन् । जनताको बलिदानीले नै अन्याय र अत्याचारका पर्खालहरू भत्किन्छन् भन्नेमा दृढ र विश्वस्त इच्छुकको 'सेतु जैसीको घर' शीर्षक कविताको एउटा अंश यस्तो छ :

तिमीसँग मान्छेको मन छ भने
तिमीभित्र आगो र जलन छ भने
आऊ, एकचोटि मेलगैरीमा आऊ
र मेरो छातीमाथि
बर्बरहरूको बीभत्स नाच हेर
हेर, नृशंस जल्लादहरूका टाउकामाथि
निर्लज्ज प्रजातन्त्रको ताज हेर
घरघर निहत्था मान्छेको सिकार खेल्ने
नरभक्षी कायरहरूको राज हेर।
(पृ. ५३)

श्रमिक जनताको मुक्तिका लागि आरम्भ गरिएको जनयुद्धलाई सहयोग र समर्थन गर्ने जनतालाई यातना दिइदिई कायरतापूर्ण र बीभत्स हत्या गर्ने राज्यसत्ताको आततायी स्वभावको चर्चा गर्दै इच्छुकले यस कवितामार्फत सामन्त, पुँजीवादी र फासिवादीहरूले देखाउने गरेको 'प्रजातन्त्र' को सक्कली अनुहार सेतु जैसीको रक्तमुछेल घर र दृश्यको चित्रण गरी उदाङ्गो पारिदिएका छन्।

वर्गयुद्धमा लामबद्ध चेतनशील मानिस त आफ्नो लुटिएको स्वत्व खोस्न उद्यत र सक्रिय हुन्छन् नै । वर्गयुद्ध लडिरहेको समाज र त्यो समाजको प्राकृतिक-सामाजिक वातावरण पनि युद्धमय बनिरहेको हुन्छ। चेतनहीन मानिसहरू मानिसको आवरणमा चट्टानजस्ता निर्जीव र स्थुल देखिन्छन् भने वर्गयुद्धमा लामबद्ध योद्धा र जनताका साथमा रहेको प्रकृति पनि योद्धाहरूझैं वर्गयुद्धमा रमाइरहेका हुन्छन्, युद्धका साक्षी मात्र होइन, सहयात्री बनिरहेका हुन्छन्। कवि इच्छुकको 'सलाम जेलबाङ' कविताले योद्धाहरूको बस्ती र प्रकृतिलाई पनि यसरी मानवीकरण गरेको छ :

चट्टानजस्तै दृढ र निर्भीक देखिन्छन्
गाम र फगामहरू
इस्पातजस्तै धारिला देखिन्छन्
जैमकसला, सेरम र तेबाङहरू
रक्तिम वर्गसङ्घर्षको नयाँ साँचोमा ढलेर
युगनायक बनिरहेछन्
हाम्रा भिमल र थबाङहरू
बलिरहेछ जहाँ
आगो जनसङ्ग्रामको
तातो-तातो र झरिलो आगो एकनाश
र लेखिरहेछ
समयको स्वर्णीम किरणले
उदीयमान युगको नयाँ इतिहास
(पृ. ६४)
अझ अगाडि इच्छुक लेख्छन् :
पहाड-पहाड होइन यो बेला
लालयोद्धा बनिरहेछ
जङ्गल-जङ्गल होइन यो बेला
छापामार दस्ता बनिरहेछ
प्रतिरोध क्याम्पमा
मोर्चाबद्ध भएका छन् गाउँहरू
सगरमाथाले
धरतीको शिखरमाथि
लालध्वजा फहराइरहेछ।
(पृ. ६५)

कृष्ण सेन 'इच्छुक' प्रखर देशभक्तिपूर्ण चेत भएका कवि थिए । अन्तर्राष्ट्रियतावादी/साम्यवादी दर्शन बोकेर सिर्जनकर्ममा लागेका इच्छुक मानिसमाथि मानिसले शोषण र थिचोमिचो जारी राखेसम्म सर्वहारा मनवतावादका पक्षमा र एउटा देशले अर्को देशमाथि जालझेल र दमन गरेसम्म देशभक्तिपूर्ण लडाइँ लडिरहनुपर्ने विचारमा प्रतिबद्ध देखिन्छन्। 'इतिहासको यस घडीमा' भित्रको 'प्रतिबन्ध' कविताको एउटा अंशले इच्छुक देशीविदेशी अत्याचारीहरूका विरूद्ध एकसाथ लडिरहन र विजयको पथमा लम्किरहन इच्छुक र लालायित थिए भन्ने देखाउँछ :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौं....

इच्छुकले चाहेको यही सर्वहारावर्गको मुक्तिको गीत, देशभक्तिले ओतप्रोत गीत आज जनजनका ओठमा झुन्डिएको छ। इच्छुकले सामन्ती समाजले दलित भनेर हेला, अपमान र तिरस्कार गरेका दलित समुदाय, साहूसामन्त र पुँजीपतिहरूले श्रम, सीप र जोबनको रस चुसी छोक्रा बनाएर फालेका मजदुर, राज्यसत्ता र शोषणमूलक चिन्तन भएका पुरूष र पुरूषवादी चिन्तनहरूले उपभोग्य वस्तु तथा दोस्रो दर्जाको नागरिक बनाएर श्रम र यौन लुटिरहेका महिला, वर्गयुद्धमा आफ्नो रगत र शरीरले धर्ती भिजाएर दुश्मनलाई रगतको बाढीले बगाइदिने देशविदेशका सहिद, अत्याचार र शोषणबाट मुक्ति पाउने महान् यात्रामा लामबद्ध हुँदाहुँदै सत्ताले हिरासत र जेलका चिसा छिँडीमा यातना दिएर सडाएका देशविदेशका क्रान्तिकारी योद्धा र क्रान्तिका नायकहरू सबैसबैलाई स्मरण गर्दै र आदर्श बनाउँदै सिर्जना गरेका छन् भने संसारका कुनै पनि मुलुकका सामन्ती, पुँजीवादी, विस्तारवादी, साम्राज्यवादी, जातिवादी, रङवादी, क्षेत्रीयतावादी शासक र तिनका मतियारहरूलाई एउटै कोटी र एउटै अचानोमा राखेर विचार र सिर्जनाको हतियारले छ्याकछ्याक पारेका छन् । इच्छुकका सिर्जनामा वर्गमित्रहरूप्रति जति धेरै न्यानो माया, ममता, सद्भाव र आत्मीयता देखिन्छ, वर्गवैरीविरूद्ध त्यति नै बढी घृणा, आक्रोश र वैमनस्य अभिव्यक्त भएको पाइन्छ।

'बन्दी र चन्द्रगिरि' कवि इच्छुक भट्टेडाँडाकाण्डमा २०५६ साल वैशाखमा जेल परेपछि जेलभित्रै गरिएको काव्यात्मक सिर्जना हो । जीवनको भर्भराउँदो उमेरका ८ वर्षभन्दा बढी समय जेल र हिरासतका बर्बर क्षणहरूलाई पनि देश, जनता र क्रान्तिका पक्षमा उपयोग गरेका इच्छुकले यस कृतिमा पनि अन्य कृतिमा झैं क्रान्तिको अनिवार्यता र विजयको अवश्यंभावितालाई कलात्मक ढङ्गले अभिव्यक्त गरेका छन्। यस काव्यभित्रको देशभक्तिपूर्ण चेतना र दुष्टहरूका विरूद्धको घृणाको एउटा ज्वलन्त उदाहरण यस्तो छ :

मैले मेरो महान् राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरूद्ध
मुट्ठी उठाएर मुर्दावाद भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए, मेरै देशका शिखण्डीहरू हो !
तिम्रो पाखण्डपनका विरूद्ध
मैले तिमीलाई घृणाले धिक्कार गर्न किन नपाउनू ?
(मेरो छातीभित्र मुटुमा छ मेरो देश)

इच्छुक सफल प्रगतिवादी स्रष्टा हुन् । जीवनका महत्त्वपूर्ण र ऊर्जाशील समय जेलमा बिताउन विवश इच्छुकले जेलको समयको अत्यधिक सदुपयोग गरेका छन् र त्यो पनि साहित्यसिर्जनामा। शोकाञ्जली (२०४२) होस् वा इतिहासको यस घडीमा (२०५६), बन्दी आवाज (२०५७, अप्रकाशित) होस् वा बन्दी र चन्द्रागिरि, अधिकांश कविता र काव्य इच्छुकले जेलभित्रै सिर्जना गरे।

मार्क्सवादप्रतिको जब्बर निष्ठा र आस्थाका कारण इच्छुकका सम्पूर्ण रचना वर्गप्रेमले ओतप्रोत छन् र आफ्नो वर्गप्रति पूर्णतः समर्पित छन् । जनयुद्धले सिर्जना गरेको नयाँ यथार्थको चित्रण होस् वा नयाँ यथार्थको निर्माणमा होस्, इच्छुक उत्तिकै प्रतिबद्ध र अविचलित देखिन्छन् । सर्वाहारावर्गप्रतिको निष्ठा र आस्थालाई इच्छुकले आफ्नो 'अजम्मरी सपना' कवितामार्फत यसरी प्रकट गरेका छन् :

सोभै क्रूर गोलीले उडाऊ
या हुरहुर जिउँदै आगोमा जलाऊ
काटेर टुक्राटुक्रा पार
या ताछेर मासुको अम्बार लगाऊ
शुष्क हाडहरूको पहाड ठड्याऊ
या रक्तको नदी बगाऊ
नयाँ प्रभातका उज्याला प्रकाशहरूलाई
बेपत्ता पारेर जतिसुकै लुकाऊ
नरसंहारको ताण्डव नृत्य नाच
या बीभत्स मृत्यु-उत्सव मनाऊ
कतै मन्द सास पनि तुफान बन्ला
मुटुका धड्कनहरूलाई धुलीसात तुल्याऊ
तर पनि मर्दैन कहिल्यै हाम्रो आस्थाको अजम्मरी सपना।
(इच्छुक रचनावली, भाग-२, पृ. १४१)

कवि इच्छुकका कविता होऊन् वा लेख, संस्मरण र चिठी, सबैसबैमा वर्गपक्षधरता स्पष्ट छ । मालेमावादको आलोकमा गति लिइरहेको महान् जनयुद्धका क्रममा इच्छुकले आफ्नो वर्गका लागि उदात्त भावद्वारा वर्गयुद्धमा लामबद्ध हुँदाहुँदै जीवन आहुत गर्ने र बलिदान गर्ने हजारौं सहिदका सपनाको सूक्ष्मतर अध्ययन गर्ने अवसर पाएका छन् । एक छिनअघि आफूसँगै मोर्चा लड्दालड्दै बलिदान भएको साथीका बारेमा कविता, गीत संस्मरण वा कथा लेख्ने योद्धा एकैछिनपछि सहिद भएको र उसैका बारेमा युद्धमा बचेको अर्को योद्धाले रचना गरेको कविता, गीत, गजल वा संस्मरण सम्पादन र प्रकाशन गर्ने अवसर पनि पाएका छन्। इच्छुकले आफू सम्बद्ध कलम, योजना, जनादेश वा जनदिशामा यसप्रकारका सहिदका रचनाहरू सम्पादन र प्रकाशन गरेका छन् । स्वयं आफैंसँग काम गरेका, खाइखेली गरेका साथीहरू युद्धमा होमिएका र सहिद बनेका प्रसङ्गहरू इच्छुकले नजिकबाट अनुभूत गर्ने अवसर पाएका छन्। हजारौंको रगत बगेको र लाखौं-करोडौं मानिसलाई साथमा लिएर अघि बढेको जनयुद्ध अन्तिम र समग्र युद्ध हो भन्ने विषयमा इच्छुकमा कत्ति पनि द्विविधा देखिँदैन । त्यसैले उनले जारी वर्गयुद्ध विजयमा टुङ्गिन्छ र त्यसले नयाँ समाज, नयाँ संसार अर्थात् महान् साम्यवादी समाज निर्माण गरेरै छोड्छ भन्नेमा पूर्ण विश्वस्त भएर सिर्जना गरेका छन्। 'बन्दी र चन्द्रागिरि' मा उनी लेख्छन् :

लामो अँध्यारो रातपछि
झलमलाउने उज्यालो प्रभातजस्तै
आजको कालो अँध्यारो रात चिरेर
हाम्रो आस्थाको साम्यवाद
एक न एक दिन जरूर झुल्कनेछ
हाम्रो निष्ठाको बीजबाट
एक न एक दिन जरूर
नयाँ जीवनको नवाङ्कुर फुट्नेछ
र एक न एक दिन जरूर
हाम्रो सुखद र ऐश्वर्यपूर्ण भविष्यको
सुन्दर सयपत्री फूल्नेछ।
(इच्छुक रचनावली, भाग-१, पृ.५५)

जारी वर्गयुद्धकै बीचबाट एक दिन साह्रा शोषणदमन र अत्याचार समाप्त भएर समानतामूलक, शोषण-उत्पीडनरहित साम्यवादी समाज निर्माण भएरै छोड्नेमा इच्छुक यसरी पूर्णतः आशावादी देखिन्छन् :

साँचो अर्थमा जबसम्म
मानिस मानिस बन्न सक्नेछैन
साँचो अर्थमा जबसम्म
जीवन जीवन बन्न सक्नेछैन
र साँचो अर्थमा जबसम्म
आजको यो कुरूप धर्ती
मानवजातिको सुन्दर बस्तीमा बदलिने सक्नेछैन
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्कल्पको यात्रा
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा।
(ऐ, पृ, ५६)

क्रान्तिकारीहरू निरङ्कुश शासनका जस्तासुकै कठोर योजना र हर्कतहरूलाई पनि निष्काम पार्न सफल हुन्छन् । आमूल परिवर्तनका पक्षधरलाई अन्यायी शासकका जस्तासुकै षड्यन्त्रहरू र क्रियाकलापहरू पनि अस्वीकार्य हुन्छन् । पञ्चायती व्यवस्था होस् वा बहुदलीय व्यवस्था श्रमिक र सर्वहारावर्गका लागि प्रकारान्तरले बराबरजस्तै थिए । झन् सामन्ती राजतन्त्रसहितको विकृत संसदीय व्यवस्था अथवा भनौं नेपालको अर्धसामन्ती र अर्धऔपनिक अवस्थाको अन्त्य गरी नयाँ जनवादी व्यवस्था हुँदै समाजवाद र साम्यवादसम्मको यात्रा तय गर्ने आन्दोलनको नयाँ कडी वर्गसङ्घर्षको उच्च-उदात्त रूप सशस्त्र जनयुद्धको आरम्भ भएपछि क्रान्तिकारीहरूका विरूद्ध देशीविदेशी शक्तिहरूको पनि शक्तिशाली गठबन्धन बन्यो।

जनयुद्ध समाप्त पार्न र क्रान्तिकारीहरूलाई नष्ट पार्न देशीविदेशी शासकहरूले दुनियाँका क्रान्तिकारी आन्दोलन/युद्ध सिध्याउन प्रयोग भइसकेका बासी, क्रूर र बदनाम शैलीहरूको प्रयोग गरियो। बुर्जुवाहरूले न्वारानदेखिको बल लगाएर दाबी गर्दै र चिच्याउँदै आएको प्रेस स्वतन्त्रताको धज्जी उडाउँदै २०५५ साल पुस २१ मा ललितपुरको भट्टेडाँडा प्रहरीचौकीमाथिको कारबाहीका विषयमा जनादेश साप्ताहिकमा प्रकाशित समाचारकै विषयलाई लिएर कृष्ण सेन 'इच्छुक' सम्पादक रहेको उक्त साप्ताहिक पत्रिकाको सम्पूर्ण कार्यालय नै कब्जा गरेको थियो । दुश्मनलाई उसकै राजधानीमा धुलो चटाउँदै हराउने छापामार योद्धाहरूलाई भेट्न नसकेपछि नेपाली काङ्ग्रेसको आततायी सरकारले कयौंलाई मध्यरातमा भट्टेडाँडा लगेर कायरतापूर्वक हत्या गर्ने षड्यन्त्र गरेको थियो । इच्छुक त्यस समयमा राज्यको खुनी पञ्जाबाट बचे । तर २०५६ साल वैशाख ६ गते उनलाई राज्यले कायरतापूर्वक गिरफ्तार गर्‍यो एउटा होटेलमा खाना खाँदै गरेको समयमा। जनयुद्धको सफलता र उत्कर्षका कारण छट्पटाइरहेको राज्यसत्ताले इच्छुकलाई बिनापुर्जी गिरफ्तार गर्‍यो र भद्रगोल जेलमा कैद गर्‍यो । उनलाई जेल हाल्नु पर्ने कानुनी आधार नभेटिएपछि हातहतियार र खरखजानासम्बन्धी झुटा मुद्दा लगाएर उनलाई तराईका विभिन्न प्रहरीचौकी घुमाउँदै सिराहा जेल पुऱ्यायो। सतहमा शान्त र सौम्य देखिने तर भित्र हृदयमा समुद्रका उत्ताल तरङ्ग र ज्वारभाटा निर्माण गरिरहेका इच्छुक पत्रकार महासङ्घ र प्रगतिशील लेखक सङघका राष्ट्रिय पार्षद् बनाइए जेलमै । पत्रकार, साहित्यकार, अधिकारकर्मी, राजनीतिक पार्टी सबैतिरबाट उनको रिहाइका लागि जोडदार आवाज उठ्यो । उनले जेलभित्रैबाट विचारोत्तेजक दुईवटा अन्तर्वार्ता दिए । एउटा पहिला आफैं सम्पादक बनिसकेको 'कलम' साहित्यिक त्रैमासिकलाई र अर्को उदयपुरबाट प्रकाशन गर्न लागिएको 'सहयात्री' पत्रिकालाई। उनले जेलबाट छुटेपछि नौलो बिहानी मासिकलाई पनि एउटा विचारोत्तेजक अन्तर्वार्ता दिए।

क्रान्तिकारीहरू प्रतिकूलतालाई अनुकूलतामा बदल्न खप्पिस हुन्छन् । उनीहरू दुश्मनले जहाँ टेक्यो, त्यहीं पड्कने विचार, कला र योजना कार्यान्वयन गर्न पनि सिपालु हुन्छन्। त्यतिबेला इच्छुकको दोस्रो कवितासंग्रह 'इतिहासको यस घडीमा' भर्खरै प्रकाशित भएको थियो । जनपक्षीय साहित्यिक क्षेत्रमा पनि इच्छुक चर्चा र चासोको विषय बनिरहेका थिए। इच्छुकले भद्रगोलदेखि सिराहा जेलसम्मका बसाइलाई युद्धको नयाँ ट्रेन्चमा रूपान्तरण गरे। दर्जनौं लेख, संस्मरण, कविता र चिठीहरूमार्फत उनले बाहिर चर्किरहेको जनयुद्धको ज्वालालाई भित्रैबाट चरू र समिधा थपिरहे। उनको कालजयी कृति 'बन्दी र चन्द्रगिरि' भद्रगोलदेखि सिराहासम्मको कैदी अवस्थामै लेखियो । उनले शासकहरूका हरप्रतिबन्ध, दमन र षड्यन्त्रलाई 'प्रतिबन्ध' कविताबाट यसरी चुनौती दिए :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौं।
हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै
तिमी भन्छौ - लेख न त लेख
तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौं।
(इच्छुक रचनावली भाग-२, पृ-१००)

इच्छुकले यस रचनामा क्रान्तिकारीहरू अत्याचारी शासकका हरेक हथकण्डालाई चिर्दै आफ्नो यात्रा निरन्तर जारी मात्र राख्दैनन्, सीधै चुनौती र चेतावनी पनि दिएर क्रान्तिकर्म पूरा गर्न उद्यत रहन्छन् भन्ने विषय यसरी अझ प्रस्ट पारेका छन् :

ओ, शासक-प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरङ्कुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
सक्छौ भन हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र सत्यलाई कैद गर
तर ओ, तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरूद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौं।
(ऐ. पृ- १०१)

इच्छुकले कविताबाट जसरी निरङ्कुश शासकहरूलाई तिनका साह्रा हर्कतका विरूद्ध लड्ने चेतावनी दिए, जीवनमै पनि त्यही गरेर देखाए । उनले मानिसको शरीर र शरीरका बाह्य अङ्गहरूलाई मात्र होइन, सक्छौ भने उनका चेतनशील, क्रान्तिकारी मस्तिष्कहरूमा प्रतिबन्ध लगाएर सत्यलाई कैद गर्नेहरूलाई ललकारे । इच्छुकलाई जेलबाहिर बस्दा पनि र जेलभित्रै पनि थाहा थियो- विचार र चेतनाद्वारा सञ्चालित महान् जनयुद्धको प्रक्रियामा देश र विदेशमा पनि हजारौं मानिसले, क्रान्तिकारी योद्धाले शासकहरूको प्रतिरोध गरिरहेका छन् र आफू रहेको ठाउँलाई शक्तिशाली युद्धको ट्रेन्च बनाइरहेका छन् । लडेर, घाइते बनेर, थुनिएर र मरेरै भए पनि क्रन्तिकारी योद्धाहरूले अत्याचारी शासकहरूलाई खुलमखुला हाँक दिइरहेको कुरा अनुभूत गरिरहेका इच्छुकले तिनै क्रान्तिकारी चेतना र भावनाहरूलाई मूर्तीकृत र संश्लेषित गर्दै आफ्ना जब्बर आस्था र निष्ठालाई 'बन्दी र चन्द्रागिरि' मा यसरी अभिव्यक्त गरेका छन् :

जबसम्म यो कुरूप धर्ती
मानवजातिको सुन्दर बस्तीमा बदलिन सक्नेछैन
तबसम्म जारी रहनेछ
सुन्दर संसार निर्माण गर्ने
हाम्रो सङ्कल्पको यात्रा
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा
र एक न एक दिन जरूर
हाम्रो विश्वासको सभ्य संसार हाम्रो गुलाफी विपनामा फेरिनेछ
र यो एक्काईसौं शदी
हाम्रो मुक्तिको महान् शदी हुनेछ
र यो तेस्रो सहस्राब्दी
हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ।

दुष्ट शासकहरू आफ्नो पलपल मृत्युको मुखतिर गइरहेको आयु जोगाउन अर्धपागल र बेहोस भएर बर्बराइरहेको समयमा इच्छुक भने सिङ्गो शताब्दी र अझ हजार वर्षको अवधिकै मूल्याङ्कन गरिरहेका थिए र तेस्रो सहस्राब्दी नै सर्वहारावर्गको विजयको अवधि हुने भव्य घोषणा गरिरहेका थिए। एक पल पछि के हुन्छ भन्नेसम्म थाहा नपाएर छट्पटाइरहेका, चिच्याइरहेका र क्रान्तिकारीहरूमाथि गोली बर्साइरहेका नराधमहरूले एक हजार वर्षको सर्वहारावर्गको युगको खाका कोरिरहेका इच्छुकको मस्तिष्कलाई बुझ्न त के खुङ्ग्याउनसक्ने क्षमतासम्म नभएको सहजै थाहा पाउन सकिन्छ।

कालजयी प्रगतिवादी रचनाहरूका स्रष्टा इच्छुकले समाजको शोषणदोहनबाट उत्पीडित महिला, मजदुर, दलित अनि सामन्ती राज्यसत्ताको कोपभाजनको सिकार बनेका तराई, मधेस र कर्णाली तथा दूरदराजका श्रमिक-किसानको अवस्थालाई मन छुने ढङ्गबाट कवितामा उतारेका छन् । इच्छुकको जीवन र सङ्घर्ष नै सुन्दर कविताजस्तो देखिन्छ।

शोषण र दोहनको उत्झनमा परिरहेको श्रमजीवी मानवसमुदायको मुक्तिका लागि अहोरात्र राजनीतिक, सांस्कृतिक र साहित्यिक क्षेत्रबाट खटिरहेका इच्छुकलाई अन्धकारका पक्षपातीहरूले २०५९ साल जेठ ६ गते झुक्याएर कायरतापूर्वक गिरफ्तार गरे र महेन्द्र पुलिस क्लब पुऱ्याए । सापेक्ष शान्तिका लागि जीवन अर्पण गरेका इच्छुकलाई भेटेपछि लाछीहरूले भोको स्यालले सिकार भेटेझैं झम्टिए, क्रूर यातना दिए। सिङ्गो मुलुकलाई नै मानव बधशालामा रूपान्तरित गरिरहेका नरपिशाचहरूले इच्छुकसँग जनयुद्ध सञ्चालन गरिरहेका माओवादी पार्टीका उच्च तहका नेताहरूको आश्रयस्थल देखाइदिन र उनीहरूलाई पक्डाउन दबाब दिए । क्रान्तिको महान् यात्रामा जनताको मुक्तिको महायज्ञमा लामबद्ध बनिरहेको पार्टीनेतृत्वलाई पोलेर कायरतापूर्ण र मृत्युसरह जीवन जिउनुभन्दा हाँसीहाँसी मृत्यु वरण गर्नु इच्छुकका लागि स्वीकार्य भयो। मानवसभ्यतालाई नै गिज्याउने गरी निहत्था इच्छुकको शरीरमा हजारौं कोर्राहरू बर्सिए । करेन्ट लगाइयो त्यो स्पाती दृढता बोकेको महान् मान्छेको शरीरमा । उनलाई पानीमा डुबाइयो । नङबाट पिन छिराइयो। तर पनि उनी गलेनन्।

राजतन्त्रका विरूद्ध लड्दिनँ भन्ने मृत्युपत्रमा सहीछाप गर्न मानेनन् इच्छुकले । मालेमावाद विचार रक्तरक्तमा दुगुरिरहेको थियो इच्छुकको । कायर र गद्दारहरूले इच्छुकलाई बुझाएर आफू बाँच्ने घृणित र निच षड्यन्त्र गरे पनि इच्छुकले ती सबै दुष्टताहरूलाई फिक्का साबित गर्दै आफू र आफू संलग्न पार्टी, सत्यका लागि, असत्यको अन्त्यका लागि निरन्तर लागिरहने उद्घोष गरे र हाँसीहाँसी महान् मृत्यु वरण गरे।

आततायी शासनको रक्षा गर्ने कबोल गरेका प्रहरी नामका जल्लादहरूले आफूले चाहेको जबाफ दिएमा ठूलो सुखसुविधा दिने प्रलोभन पनि दिए इच्छुकलाई। राम्रो जागिर, सम्पत्ति र 'पदप्रतिष्ठा' दिने लोभ पनि देखाए तर इच्छुकका लागि देश, जनता र

विश्वसर्वहारावर्गको मुक्तिबाहेक अरू सबै व्यक्तिगत सुखसुविधा तुच्छ र तृणबराबर थिए। इच्छुकले ती दुष्टहरूलाई ललकार्दै देश र जनताको मुक्तिको गीत गाए :

मैले चाहें- आँधी र हुरीमय जीवन
मैले चाहें- सधैंसधैं सार्थक र गरिमामय जीवन
मैले कुरूपताहरूबीच पनि सधैं
जीवनको सुन्दरता खोजें
अर्थ खोजें, महत्त्व खोजें
र सधैं नीचता र दुष्टताहरूलाई
हरपल घृणाले पिच्च थुकें।

तानाशाहहरूका निर्घृणी साह्रा हर्कतहरूलाई पिच्चपिच्च थुक्दै इच्छुकले देश र जनताको मुक्तिको गीत गाइरहेको उनीहरूलाई मनपरेन, मन पर्ने प्रश्न पनि थिएन । उनलाई गौरवशाली मृत्यु र कायरतापूर्ण जीवनमध्ये एउटा रोज्न भनियो। उनले हाकाहाकी भनिदिए-

म त चाहिरहेछु फगत
मेरो देशको छातीमा
अन्तिम गोली थाप्ने पछिल्लो सिपाही बन्न
म त चाहन्छु
मेरो लाभका निम्ति
देशमा ब्रह्मलुट मच्चाउने छुट
मैले पाउनु हुँदैन
म त चाहन्छु
मेरो स्वार्थका खातिर
देश बन्धकी राख्ने छुट
मैले पाउनु हुँदैन
मेरो सुखसयलका निम्ति
अरू कसैले नर्कको दुःख पाउनु हुँदैन।

जनतालाई हरिकङ्गाल पारेर देशलाई विस्तारवाद तथा साम्राज्यवादको पाउनमा सुम्पेर अत्याचारी शासन लादिरहन चाहने राष्ट्रघातीहरूलाई ललकार्दै, जनद्रोहीहरूलाई चेतावनी दिँदै इच्छुकले औंला ठड्याएर भनिरहे-

मैले मेरो राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरूद्ध
मुट्ठी उठाएर मुर्दावाद भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए ! मेरै देशका शिखण्डीहरू हो
तिम्रो पाखण्डीपनका विरूद्ध
मैले तिमीलाई घृणाले धिक्कार गर्न
किन नपाउनू ?

मध्ययुगीन बर्बरता मच्चाएर कालरात्री टिकाउने दुःस्वप्न देखिरहेका बगेरेहरूले इच्छुकको चट्टानी दृढताबाट पूर्णतः हार खाए र गोलीसमेत खर्च नगरी कठोर यातनाबाट हत्या गर्ने निर्णय गरे। इच्छुकले यातना, प्रताडना र बेहोसीकै बीचमा मुट्ठी उठाएर कसम खाए-

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ- गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौं।

यसरी आदर्श नायक कृष्ण सेन 'इच्छुक' ले देश र जनताको मुक्तिको गीत गाउँदागाउँदै ४६ वर्षको उमेरमै २०५९ साल जेठ १३ गते मानव बधशाला महेन्द्र पुलिस क्लबको यातनागृहमा गर्विलो मृत्युलाई स्वीकार गरे। उनी हाम्रा आदर्श हुन् । जनयुद्धबाट प्राप्त नयाँ यथार्थलाई तिलाञ्जली दिने षड्यन्त्र भइरहेको समयमा हामीले इच्छुकका आदर्शहरूलाई हृदयदेखि नै अवलम्बन गर्न, अधुरो जनयुद्धलाई विजयसम्म पुऱ्याउन अपरिहार्य बनेको नयाँ जनविद्रोहको मार्गमा लाग्न र क्रान्तिको झन्डा उठाउन ढिलो भइसकेको छ। कम्युनिस्ट आन्दोलनको रङ खुइल्याउन यतिबेला विभिन्न क्याम्पहरूबाट भड्किला रङहरूको प्रवेश

गराउने होड चलेको छ। भड्किलो रङ टिकाउ हुन्न भन्ने कुरा पनि हामीले बुझ्नु आवश्यक छ। जनयुद्ध जारी रहुन्जेल यसलाई फासीवाद र आतङ्क देख्ने अनि युद्ध समाप्त भएको घोषणा गरी संविधानसभाबाट ठूलो पार्टी बनेको पुष्टि भएपछि रातारात 'क्रान्तिकारी' बनेर छिर्नेहरूबाट इच्छुकको आदर्श पालना होला, नेपालमा जनविद्रोह सम्पन्न भएर सर्वहारावर्गको राज्यसत्ता स्थापना होला भन्ने आशा गर्नु गोरू ब्याउला र बिगौती खाउँला भन्नुजस्तै हो।

यतिबेला मन, वचन र कर्मले त्याग, वीरता, शौर्य र बलिदानका पर्याय आदर्श नायक इच्छुक नै हाम्रो सांस्कृतिक आन्दोलनका आदर्श हुन् । उचाइ बनाइसकेको व्यक्तित्वलाई कसैले ईर्ष्याले उचाइ घटाउन र सांस्कृतिक आन्दोलनलाई भड्खालामा पार्न खोज्छ भने प्रतिध्रुवीय वर्गसँगै इतिहासले नै त्यो प्रवृत्तिलाई समाप्त पारिदिनेछ।

***(आस्था र निष्ठाका सतिसाल कृष्णसेन इच्छुक, २०६५ बाट)***

समाचार

## हत्याको विरोधमा नेकपाद्वारा दाङमा कोणसभा

**दाङ** : नेपाल कम्युनिस्ट पार्टी दाङले भोजपुर जिल्ला सदस्य तीर्थराज घिमिरे 'राजु' लाई प्रहरीले गोली हानी हत्या गरेकोमा विरोध गर्दै कोणसभा सम्पन्न गरेको छ। पार्टीको घोषित कार्यक्रमअनुसार शनिबार चौघेरामा हत्याको विरोध गर्दै कोणसभा आयोजना गरिएको हो।

घोराही उपमहानगरपालिकाका सेक्रेटरी जनकले नेकपालाई सरकारले जबर्जस्ती निस्तेज पार्ने, गिरफ्तार गर्ने, मार्ने, गोलीसम्म हान्ने, भड्काउने र जबर्जस्ती युद्धमा धकेल्ने कुचेष्टा गरेको बताए। 'हामीले युद्ध भनेका छैनौँ, क्रान्ति भनेका छौँ', उनले भने, 'क्रान्ति भनेको परिवर्तन हो। हामीले परिवर्तनका लागि क्रान्ति गर्ने भनेका छौँ।'

देशमा अहिले भ्रष्टाचारी जनप्रतिनिधिहरूको बेथिति, विकृतिसँगै आफ्ना मान्छेलाई भर्ती गर्ने, कमिसन खुलाउनेजस्ता तमाम काम राज्यले गरिरहेको र यस्ता कामको विरोधसँगै परिवर्तन गर्ने, आमजनतालाई मुक्त गर्नुका साथै नेपाललाई समुन्नत बनाउने उद्देश्य रहेकोसमेत उनले बताए। तर राज्यले आफ्नो लुटको स्वर्ग बचाइराख्न पार्टीको आवाज जबर्जस्ती बन्द गर्न खोजेको र पार्टीले यसको घोर विरोध गर्दै आएको पनि उल्लेख गरे।

उनले भने, 'कुनै पनि परिवर्तनको शक्ति र आवाजलाई राज्यले छेकेर छेकिँदैन। राणाहरूको पालादेखि लिएर जनयुद्धसम्म परिवर्तनकारी शक्तिलाई रोक्न खोज्दा पनि कसैले रोक्न सकेका छैनन्। अहिले यो राज्यले पनि हाम्रो पार्टीलाई प्रतिबन्ध, नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरेर, मारेर, गोली हानेर एकीकृत जनक्रान्ति रोकिँदैन। ढिलोचाँडो सत्य र असल विचारको जित हुन्छ।'

## नेता सुदर्शनसहित चारजना पुर्पक्षका लागि जेल चलान
## रिहा लगत्तै प्रज्वलनलगायत चारजना पुनः गिरफ्तार

**काठमाडौँ** : अदालतको आदेशमा शुक्रबार रिहा भएका नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य विजय श्रेष्ठ 'प्रज्वलन' सहित चारजना नेतालाई प्रहरीले पुनः गिरफ्तार गरेको छ।

अदालतको आदेशमा रिहा भएका प्रज्वलनसहित नेकपा रौतहट जिल्ला इन्चार्ज शङ्कर अधिकारी, जिल्ला नेता देवराज घिमिरे र सञ्जीव कार्कीलाई प्रहरीले अदालत परिसरबाटै पुनः गिरफ्तार गरेको हो। नेता प्रज्वलनलाई काभ्रेमा अर्को मुद्दा लगाइएको बुझिएको छ।

ललितपुर जिल्ला आदालतले थुनछेक बहसपछि सुनुवाइ गर्दै उनीहरूलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो। अदालतको आदेशलगत्तै प्रहरीले स्वास्थ्य परिक्षणपछि मात्रै रिहा गर्ने भन्दै अदालत प्राङ्गणबाटै बा १ ग ३२९३ नम्बरको डिब्बावाला प्रहरी भ्यानमा राखेर लगेको हो।

गत चैत ८ गते काभ्रेपलाञ्चोक जिल्लाको विकट क्षेत्र डाँडापारिको खानीखोलाबाट उनीहरूलाई गिरफ्तार गरी हातहतियार तथा खरखजाना, राजद्रोह, सङ्गठित अपराध र विस्फोटक पदार्थसम्बन्धी कसुरमा ललितपुर जिल्ला अदालतमा भएको थुनछेकको बहसपछि न्यायाधीश धनसिंह महराको एकल इजलासले रिहा गर्न आदेश दिएको हो। तर रिहा भएलगत्तै उनीहरूलाई प्रहरीले पुनः गिरफ्तार गरेको छ।

यसअघि सोही मुद्दामा नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', नेताहरू रामकृष्ण खतिवडा, लोकेन्द्रबहादुर कार्की र बुद्धिबहादुर स्याङ्तानलाई भने अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो। ललितपुर जिल्ला अदालतले नेता सुदर्शनसहित ४ जनालाई पुर्पक्षका लागि भन्दै नख्खु जेल चलान गरेको छ।

आठैजना नेतालाई शुक्रबार अदालतमा उपस्थित गराइएको थियो। बन्दीका पक्षमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखेल, अधिवक्ता खिमानन्द अधिकारीलगायतले बहसपैरवी गरेका थिए।

# एनसेल र बालुवाटार अतिक्रमणकारीविरुद्ध संयुक्त विद्यार्थी सङ्गठनद्वारा प्रदर्शन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) सहित तीन विद्यार्थी सङ्गठनले संयुक्त रूपमा भ्रष्ट एनसेल र बालुवाटारको सरकारी जग्गा अतिक्रमणकारीविरुद्ध शुक्रबार राजधानीमा प्रदर्शन गरेका छन्।

विरोधसभामा अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य वीरेन्द्र लुहारले एनसेलले शासक वर्गलाई आर्थिक प्रभावमा पारेर ७३ अर्बभन्दा बढी राजस्व छली राज्यलाई नोक्सानी पुऱ्याएको भन्दै कर तत्काल चुक्ता गर्न माग गरे। त्यस्तै विद्यार्थी नेता लुहारले बालुवाटारको सरकारी जग्गा अतिक्रमणकारीलाई सरकारले कारबाही नगरे जनताले कारबाही गर्ने चेतावनी दिए। 'सत्तापक्षका महासचिव विष्णु पौडेल बालुवाटारको सरकारी जग्गा हडप्नेमा मुछिएका छन्। तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न सरकारसँग माग गर्दछौँ', नेता लुहारले भने, 'अन्यथा जनताले छाड्ने छैनन्।'

उनले सरकारलाई काण्डैकाण्डले भरिएको सरकारको संज्ञा दिँदै एनसेल, वाइडबडी, निर्मला पन्त हत्याकाण्ड, बालुवाटार जग्गालगायत काण्डका दोषीलाई कारबाही नगरेसम्म विरोध प्रदर्शन नरोकिने बताए। विद्यार्थी वर्ग सचेत र विवेकशील शक्ति भएको भन्दै उनले भ्रष्टाचारी र हत्याराविरुद्धको आन्दोलन गर्दा जीवनभर जेल हालेपनि आफूहरू तयार रहेको बताए। 'भोजपुरमा युवा नेता तीर्थराज घिमिरे 'राजु' लाई निहत्था अवस्थामा गिरफ्तार गरेर गोली हानी हत्या गर्नेलाई यो सरकारले जेल हाल्छ कि हाल्दैन ?', उनले प्रश्न गरे।

शान्तिपूर्ण आन्दोलनमा प्रहरी दमन र हस्तक्षेप हुन्छ भने त्यसको जबाफ विद्यार्थीले राम्ररी दिने उनको तर्क थियो। अखिल (क्रान्तिकारी) ले सीमा अतिक्रमण, कालोबजारी, महँगी, भ्रष्टाचारी, दलाल, माफिया, घूसखोर, तस्करलगायत राज्य र समाजका कलङ्कमाथि खबरदारी गर्दै आइरहेको र त्यो आगामी दिनमा पनि जारी राखिने उनले बताए।

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीका अध्यक्ष हरि गजुरेलले एनलेसले छली गरेको कर राज्यलाई तत्काल तिरेर दायित्व पूरा गर्न माग गरे। 'छली गरेको कर एनसेलले नतिरी सुखै छैन', उनले भने, 'अझै मौन बस्ने र पचाउन सकिन्छ भन्ने सोचेका छन् भने त्यो कम्पनीकै लागि गम्भीर क्षतिको विषय हुनेछ।'

विद्यार्थीको शान्तिपूर्ण आन्दोलनमा प्रहरीले हस्तक्षेप गरी रमेश सुनारलगायत विद्यार्थीहरूलाई सभास्थलबाटै गिरफ्तार गरेर सरकारले फासिवादको बाटो समातेको भन्दै उनले गिरफ्तार विद्यार्थीहरूलाई बिनासर्त तुरुन्त रिहा गर्न माग गरे। दमन र गिरफ्तारी शृङ्खला रोक्न पनि उनले माग गरे।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियुका अध्यक्ष आलोक रायमाझीले शान्तिपूर्ण विद्यार्थी आन्दोलनमा प्रहरी दमन हुनु सरकारकै लागि प्रत्युत्पादक हुने बताए। एनसेलले राज्यलाई तिर्नुपर्ने कर तत्काल तिर्न उनले आग्रह गरे। बालुवाटारको सरकारी जग्गा हडप्ने तत्व भूमाफिया भएको भन्दै अध्यक्ष रायमाझीले अतिक्रमण गरिएको जग्गा तत्काल फिर्ता गर्न माग गरे। फिर्ता नगरिए जनताले नछाड्ने चेतावनी दिए।

सभा हुनुभन्दापहिले शान्तिवाटिकाबाट सुरु भएको सयौँको ऱ्यालीले असन, जमल, घण्टाघर परिक्रमा गरेको थियो। ऱ्याली पुनः रत्नपार्कस्थित शान्तिवाटिकामा पुगेर विरोधसभामा परिणत भएको थियो। ऱ्यालीमा 'दलाल-माफिया होसियार, भ्रष्ट एनसेल बहिष्कार गरौँ, बालुवाटारको अतिक्रमित जग्गा फिर्ता गर, भूमाफियालाई कारबाही गर, झूट्टा मुद्दा खारेज गर, महान् सहिद जिन्दावाद, दोहोरो शिक्षाप्रणाली खारेज गर, जेठ १३ को नेपाल बन्द सफल पारौँ, सरकारी दमन मुर्दावाद' लगायत दर्जनौँ नारा लगाइएको थियो।

# नेकपा निकट मजदुर सङ्गठनद्वारा सरकारी दमनको भर्त्सना


**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष अमर झाँक्रीले बिहीरबार विज्ञप्ति प्रकाशित गरी केपी-बादल गृह प्रशासनलाई कडा चेतावनी दिएका छन्।

'आज नेपाली समाजिक दलाल वर्गद्वारा नेतृत्व गरिएको दलाल पुँजीवादी राज्यसत्ता र उत्पीडित श्रमिक जनताको मुक्ति र स्वतन्त्रताका लागि सङ्घर्षरत नेपाल कम्युनिस्ट पार्टीबीचमा चलिरहेको सङ्घर्षको बीचबाट अगाडि बढिरहेको छ। आफ्ना साम्राज्यवादी मालिकहरूको निर्देशन र आफ्नै असफलताहरूलाई विषयान्तर गर्न देशमा गृहयुद्ध भड्काउने प्रयासस्वरूप ओली सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध गर्न पुगेको छ', उनले विज्ञप्तिमा भनेका छन्, 'प्रतिबन्धपश्चात् सङ्कटकालीन अवस्था झनै देशव्यापी गोलीकाण्ड र हत्या, गिरफ्तारी झूट्टा मुद्दा र लुटपाटका आपराधिक क्रियाकलापमा वली नेतृत्वको सरकार जोरजुलुमका साथ लागिरहेको छ। वली नेतृत्वको सरकारका यी गतिविधिहरूले आफूलाई साम्राज्यवादको असली दलाल र सामाजिक फासिवादको प्रतिनिधि रहेको कुरा आमजनताले देख्नेगरी छर्लङ्ग भएको छ।'

अध्यक्ष झाँक्रीको विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताले लामो समयदेखिको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त गरेका सीमित हकअधिकारहरू पनि खोस्दै दुई तिहाइको दम्भसहित निरङ्कुशतातर्फ बढिरहेको छ। देशव्यापी गोलीकाण्ड, गिरफ्तारी र झूट्टा मुद्दाको निरन्तरताका रूपमा वली सरकारले हाम्रो सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घमाथि पनि देशव्यापी आक्रमण बढाएको छ। यसको नमुना सङ्गठनात्मक कामको सिलसिलामा रहेको अवस्थामा सङ्गठनका उपाध्यक्ष तथा इलाम जिल्ला इन्चार्ज विजय दर्नाल 'सर्वश्रेष्ठ' लाई झापाको बिर्तामोडबाट जेठ ७ गते गिरफ्तार गरी बेपत्ता बनाइएको छ। सरकारको यो निरङ्कुश र जङ्गली दमनको मजदुर सङ्गठन घोर भर्त्सना गर्दै सत्यतथ्य सार्वजनिक गर्न र अविलम्ब बिनासर्त रिहा गर्न मागसमेत गर्छ।'

उनले भनेका छन्, 'इतिहास साक्षी छ, दुनियाँका कुनै पनि शक्तिशाली शासकहरू जब जनविरोधी बाटोमा अघि बढ्छन् तब जनताको बलिदानीपूर्ण सङ्घर्षले उनीहरूलाई खरानीमा परिणत गरिदिएका छन्। इतिहास र समाजको गतिलाई अवरुद्ध गर्न खोज्ने वली सरकारले यसप्रकारका जनविरोधी सामाजिक फासिवादी चरित्र नसच्याएमा महँगो मूल्य चुक्ता गर्नुपर्नेछ जुन पश्चातापको भुमरीसँगै समाप्त हुनेछ।'




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ